# परिच्छेद : एक
# शोधपरिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **'रुकुम जिल्लामा प्रचलित उखानको अध्ययन'** रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधकार्यको प्रयोजन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली विषय स्नातकोत्तर तह द्वितीय वर्षको दसौंपत्रको आवश्यकता परिपूर्तिका लागि रहेको छ ।

## १.३ विषय परिचय

उखान लोकसाहित्यको महत्वपूर्ण विधा हो । उखानमा लोकका अनुभवहरु एउटा पूर्णउक्तिका रुपमा समेटिएका हुन्छन् । लोकको ज्ञान, अनुभव, व्यवहार आदि कुराहरु अत्यन्तै व्यवस्थित रुपले उखानमा व्यक्त भएका हुन्छन् जसमा नीति, उपदेश, ज्ञान, लोकव्यवहारका अनुभवहरु समेटिएका हुनाले युगौंदेखि लोकले सँगालेका ज्ञानका भण्डारका रुपमा उखानहरु रहेका हुन्छन् ।

रुकुम जिल्ला पनि लोकसाहित्यको खानी हो । यहाँ लोकसाहित्यका विविध विधाहरुमा उखानहरु पनि प्रशस्त रुपले प्रचलित छन् । यहाँको लोकसमाजले आफ्नो भाषिक व्यवहारका क्रममा उखानको प्रयोग गर्छन् । भाषिक व्यवहारका क्रममा आउने यस्ता उखानहरुको अध्ययन आजको आवश्यकता हो । त्यसैले रुकुम जिल्लामा परम्परादेखि प्रयोग हुँदै आएका उखानहरुको सङ्कलन, वर्गीकरण र विश्लेषण गरिएको छ ।

रुकुम जिल्लाको सामाजिक अवस्था अझैपनि परम्परागत शैलीको छ । यहाँको भौगोलिक अवस्था, यहाँको सामाजिक, आर्थिक अवस्था, शैक्षिक पछौटेपन, गरिबी, अन्धविश्वास र आफ्नै प्रकारको लोकप्रचलनले यहाँको समाज अगाडि बढिरहेको छ । यहाँका मानिसहरुले परम्परादेखि अनुभवका रुपमा समेटिएका र मौखिक रुपले प्रचलित उखानहरुको प्रयोग गरी भाषिक अभिव्यक्ति क्षमता र उच्चताको परिचय त दिएकै छन् । त्यसमा पनि नेपाली लोकसाहित्य भण्डारमा महत्वपूर्ण योगदान दिएको हुनाले हालसम्म अध्ययनको विषय नबनेको यस जिल्लामा प्रचलित उखानहरुको अध्ययन यस शोधपत्रमा गरिएको छ ।

## १.४ समस्याकथन

लोकसाहित्यको एउटा महत्वपूर्ण विधाका रुपमा रहेका उखानले भाषा र साहित्य महत्वपूर्ण स्थान ओगटेको छ । उखानहरु हाम्रा पुर्खाका अनुभव र अनुभूतिहरु छन्, पुर्खाले सङ्गालेका ज्ञानका दस्तावेजहरु हुन् । यिनीहरुले मानव सभ्यताको इतिहासलाई त प्रष्ट पार्छन् नै आउने भविष्य र समसामयिक जीवनलाई पनि महत्वपूर्ण मार्गदर्शन गरेका हुन्छन् । मौखिक रुपले छरिएका रहेका उखानहरुको सङ्कलन गरी भाषा, साहित्य र सामाजिक स्तरलाई माथि पुऱ्याउन लोकसाहित्यको भण्डारलाई समृद्धशाली बनाउन उखानहरुले महत्वपूर्ण भूमिका खेलेका हुन्छन् तर ती उखानहरुको अझसम्म खोजी र अध्ययन हुनसकेको छैन । त्यसैले यस शोधपत्रमा निम्नलिखित समस्यालाई केन्द्रमा राखेर अध्ययन गरिएको छ ।

(क) रुकुम जिल्लामा के कस्ता उखानहरु प्रचलित छन् ?

(ख) रुकुम जिल्लामा प्रचलित उखानहरुलाई के कति आधारमा वर्गीकरण गर्न सकिन्छ ?

(ग) रुकुम जिल्लामा प्रचलित उखानहरुलाई के कति आधारमा विश्लेषण गर्न सकिन्छ ?

## १.५ शोधकार्यको उद्देश्य

यस शोधकार्यको मुख्य उद्देश्य नेपाली भाषासाहित्य र लोकसाहित्यमा महत्वपूर्ण स्थान ओगटेका उखानहरुको खोजी गर्नु नै हो । यसका अतिरिक्त रुकुम जिल्लामा प्रचलित उखानहरुका बारेमा केन्द्रित रहेर निम्नलिखित उद्देश्यपूर्तिका लागि यो शोधपत्र केन्द्रित रहेको छ ।

(क) रुकुम जिल्लामा प्रचलित उखानको सङ्कलन गर्नु ।

(ख) रुकुम जिल्लामा प्रचलित उखानहरुलाई विभिन्न आधारमा वर्गीकरण गरेर देखाउनु ।

(ग) रुकुम जिल्लामा प्रचलित उखानहरुलाई विभिन्न आधारमा विश्लेषण गरेर देखाउनु ।

## १.६ पूर्वकार्यको समीक्षा

रुकुम जिल्लामा प्रचलित उखानहरुको सङ्कलन र अध्ययन कार्य हालसम्म कसैबाट पनि भएको पाइँदैन । केही पत्रपत्रिकाहरुमा पुस्तकहरुमा र शोधपत्रहरुमा लोकसाहित्यका विधाहरुको चर्चा गर्दा उखानको सामान्य चर्चा भएपनि उद्देश्यमुलक रुपले स्थानीय क्षेत्रीय स्तरबाट यस्तो कार्य भएको छैन । यो नै रुकुम जिल्लामा प्रचलित उखानहरुको अध्ययनको पहिलो कार्य रहेको छ । रुकुम जिल्लामा प्रचलित उखानहरुको सङ्कलन र विश्लेषण गर्ने क्रममा रुकुम जिल्ला बाहेकका क्षेत्रमा प्रचलितत उखानहरु समेत यस जिल्ला प्रचलित रहेको

हुनाले उखानसम्बन्धी अध्ययन र विश्लेषणका क्रममा ती सामग्रीहरु उपयोगी सिद्ध रहेको छ साथै विभिन्न जिल्लाहरुमा भएका उखानहरुका अध्ययन सामग्रीहरु पनि उपयोगी हुन्छ । उखानका सम्बन्धमा यस पूर्व भएका महत्वपूर्ण कार्यहरु निम्नानुसार रहेका छन् :

**(क) पुष्करशमशेर ज.ब.रा.**

उखान-टुक्काको वर्णक्रमानुसारीसूची र वाक्यांश वाक्यपद्धति इत्यादि कोष (वि.सं. १९९८) मा उखान र टुक्काको बारेमा लेखिएको उक्त कोषमा उखान र टुक्कको सङ्कलनसूची दिइएको छ जसमा उखान र टुक्का बीचको भिन्नतालाई पनि देखाइएको छ । सो कार्य उखान र टुक्कासम्बन्धी सङ्कलनसूची मात्र भएको हुनाले उखानको सैद्धान्तिक आधारमा वर्गीकरण र विश्लेषण भएको पाइँदैन । तैपनि यस कार्यमा उकत कोष सहयोगी बन्नेछ ।

**(ख) गोपाल पाण्डे**

रचना केशर (२०००) मा उखान र टुक्काको सामान्य परिचय दिइएको भएतापनि सैद्धान्तिक रुपले उखानको चर्चा भएको पाइँदैन र उखान र टुक्का बीचको भिन्नतालाई पनि प्रस्तुत गरिएको छ । उक्त कृति पनि यस कार्यमा उपयोगी बन्नेछ ।

**(ग) बालकृष्ण पोखरेल**

राष्ट्रभाषा (२०३२) मा उखानको चर्चा गर्दै उखानलाई लोकले परम्परादेखि सँगालेका ज्ञान शशीका रुपमा चर्चा गरिएको छ तर उखानको व्यापक चर्चा भने भएको पाइँदैन ।

**(घ) बद्रीविशाल पोखरेल (२०३५)**

बैतडेली उखानको वर्गीकरण (२०३२) मा बैतडी जिल्लामा प्रचलित उखानहरुको अध्ययन र वर्गीकरण गरिएको छ । उक्त कृतिमा उखानको सैद्धान्तिक परिचय र क्षेत्रीय आधारमा उखानको वर्गीकरण गरिएको छ ।

**(ङ) रत्नाकर देवकोटा**

जुम्लेली शब्द र उखान सङ्ग्रह (२०२७) मा जुम्ला जिल्लाको भाषाका उखानहरुलाई सङ्कलन गरिएको छ तर सैद्धान्तिक आधारमा वर्गीकरण र विश्लेषण गरिएको छैन ।

**(च) राममणि आचार्य दीक्षित**

उखान सङ्ग्रह (२०२७) मा नेपाली मानक भाषाका उखानहरुको सङ्ग्रह प्रस्तुत गरिएको छ । तर भाषिका र क्षेत्रीय स्थानीय स्तरका उखानहरुका बारेमा चर्चा गरिएको छैन साथै उखानलाई सैद्धान्तिक आधारमा व्याख्या र विश्लेषण गरिएको छैन ।

**(छ) कृष्णप्रसाद पराजुली**

'नेपाल लोकगीतको आलोक' २०५७ मा नेपाली उखानको सामान्य परिचय दिइएको छ ।

**(ज) चूडामणि बन्धु**

नेपाली लोकसाहित्य (२०५८) मा उखानको सैद्धान्तिक स्वरुपको चर्चा गर्दै नेपाली उखानको अध्ययन परम्पराको चर्चा गरेका छन् । यो उखान सम्बन्धी महत्वपूर्ण सैद्धान्तिक कृति हो ।

**(झ) कृष्णप्रसाद पराजुली**

नेपाली उखान र गाउँखाने कथा (२०३९) मा नेपाली उखानको परिचय दिई यसको विशेषतालाई देखाउँदै उखानको वर्गीकरण गरेका छन् ।

**(ञ) पादरी गङ्गाप्रसाद प्रधान**

नेपाली उखानको पोस्तक (१९०८ इ.) मा दार्जिलिङ्गबाट प्रकाशित भई केही उखानहरुको सङ्कलन यसमा भएको छ । तर उखानको सैद्धान्तिक अध्ययन भएको छैन ।

**(ट) जीबेन्द्रदेव गिरी**

लोकसाहित्यको अवलोकन (२०५७) मा लोकसाहित्यका विविध विधाहरुको चर्चा गर्दै सामान्य रुपमा उखानको समेत चर्चा भएको पाइन्छ । तर उखानको समग्र व्याख्या र विश्लेषण भएको पाइँदैन ।

## १.७ शोधकार्यको औचित्य

लोकजीवनमा प्रचलित उखानहरुले लोकबोलीलाई विशिष्टता प्रदान गर्ने काम गर्छन् । भाषामा उक्ति गम्भीरता, व्यङ्ग्यात्मकता, सङ्गीतात्मकता ल्याउन उखानहरुको प्रयोग भएको हुन्छ । नेपाली साहित्यमा यस्ता उखानहरुको प्रशस्तै मात्रामा प्रयोग भएको पाइन्छ भने लोकसाहित्यमा त यसको छुट्टै महत्व र अस्तित्व रहेको छ । भाषासाहित्य, लोकसाहित्य र लोकव्यवहारमा विशेष महत्व राख्ने उखानहरुको राष्ट्रिय क्षेत्रीयस्तरमा खोजी र सङ्कलन

गरेर प्रकाशनमा ल्याउनुपर्ने आजको प्रमुख आवश्यकता हो । हाम्रो देशको भौगोलिक विविधताका कारणले पनि देशका कुनाकाप्चाहरुमा लोकसाहित्यिक सम्पत्तिहरु लुकेर बसेका छन् । तिनीहरुले राष्ट्रको सांस्कृतिक सम्पदालाई गरिमा प्रदान गर्न पनि सक्छन् । यही कुरालाई मध्यनजर भोलि लोप भएर जानसक्ने यस्ता लोकसम्पत्ति उद्देश्यमूलक रुपले खोजी गर्नु, सङ्कलन गर्नु र अध्ययन गर्नु यस शोधकार्यको मुख्य औचित्य हो । साथै यस अध्ययन पश्चात लोकसाहित्यका बारेमा अध्ययन र अनुसन्धान गर्न चाहने पाठक अध्येताहरुलाई सहयोग पुऱ्याउने छ भन्ने कुरामा विश्वास गर्न सकिन्छ ।

## १.८ शोधकार्यको सीमा

यस शोधकार्यको सीमा निम्नानुसारको रहेको छ ।

(क) यस शोधकार्यमा राप्ती अञ्चलको सबैभन्दा उत्तरमा पर्ने रुकुम जिल्लाका मुख्य स्थानहरु- रुकुमकोट, मुसीकोट, गोतामकोट, जहरीकोट, आठबीसकोटलाई मुख्य स्थान बनाइएको छ ।

(ख) रुकुम जिल्लामा प्रचलित उखानहरुको स्थलगत रुपमा सङ्कलन गर्दा त्यहाँ प्रचलित नेपाली भाषाका उखानहरुलाई मात्र समेटिएको छ ।

(ग) उखानहरुलाई स्थानीय नेपाली भाषामा सङ्कलन गरी यहाँकै जनजीवन, रहनसहन र सामाजिक विशेषताका आधारमा वर्गीकरण र विश्लेषण गरिएको छ ।

## १.९ शोधविधि

शोधपत्र तयार गर्दा निम्नलिखित शोधविधिको उपयोग गरिएको छ ।

(क) क्षेत्रीय अध्ययन विधि- यस विधि अन्तर्गत रुकुम जिल्लाका विभिन्न सम्भाव्य स्थानहरुमा पुगेर विभिन्न तह र तप्काका मानिसहरुले बोलीचालीका क्रममा प्रयोग गर्ने उखानहरुको सङ्कलन गरिएको छ । आवश्यक परेमा प्रश्नावली अन्तरवार्ता सोधपुछको पनि प्रयोग गरिएको छ ।

(ख) पुस्तकालयीय विधि- यस विधिको उपयोग गरेर सङ्कलित सामग्रीहरुलाई लोकसाहित्यका आवश्यक पुस्तकको सैद्धान्तिक आधारमा वर्गीकरण, व्याख्या र विश्लेषण गरिएको छ ।

## १.१० शोधपत्रको रुपरेखा

शोधपत्रको रुपरेखा निम्नानुसार रहेको छ ।

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई : रुकुम जिल्लाको परिचय

परिच्छेद तीन : लोकसाहित्य र उखान

परिच्छेद चार : रुकुम जिल्लामा प्रचलित उखानको सङ्कलन

परिच्छेद पाँच : रुकुम जिल्लामा प्रचलित उखानको वर्गीकरण

परिच्छेद छ : रुकुम जिल्लामा प्रचलित नेपाली उखानको विश्लेषण

परिच्छेद सात : उपसंहार

# परिच्छेद : दुई

# रुकुम जिल्लाको परिचय

## २.१ ऐतिहासिक अवस्था

रुकुम जिल्ला राप्ती अञ्चलको सबैभदा उत्तरमा अवस्थित छ । यस जिल्लामा मध्यकालीन बाईसे राज्यहरू मध्ये रुकुमकोट, मुसीकोट, बाँफीकोट, गोतामकोट र जहारीकोटहरू पर्दथे । रुकुमकोटमा रुक्मिणी नाम गरेकी देवीको मन्दिर छ । उनकै नामबाट रुकुमकोट  नामाकरण भएको र त्यसै शब्दको अपभ्रंश भई रुकुम नाम रहन गएको हो भन्ने भनाई छ । ऐतिहासिक अभिलेखका आधारमा जुम्लाका राजा मेदनी बर्माले आफ्ना माइला भाइ पीताम्बरलाई रुकुमको राजा दिएका थिए । ती स-साना रजैटाहरूको अधिनमा राज्यहरूभने थोरै जनसंङ्ख्या भएका गाउँहरू हुन्थे । राज्यको आम्दानी पनि थोरै हुन्थ्यो । उनीहरूलाई आफ्नो अस्तित्व जोगाउन कठिन थियो । एकातिर यी स-साना राज्यहरूलाई शक्तिशाली राज्यहरूको इसारामा चल्नुपर्ने बाध्यात्मक स्थिति थियो  भने अर्कातिर बृहत् नेपालको सिर्जना गर्ने दृढ सङ्कल्पसाथ पृथवीनारायण शाहले पूर्वतिरबाट आफ्नो एकीकरण अभियान चलाएका थिए ।

पृथ्वीनारायण शाहको मृत्युपछि राजा प्रतापसिंह शाहले बुबाको सपना साकार पार्न कविलासपुर हमला गरी विजय प्राप्त गरे । उनको आल्पायुमै  निधन भएपछि राजमाता राज्यलक्ष्मीको नायबकाल (रणबहादुर शाहाको राज्यकालमा बृहत नेपालको निर्माण गर्ने महान् अभियान जारी नै रह्यौ । चौबीसे राज्यहरू लमजुङ, तनहुँ, नुवाकोट, भिर्कोट, कास्की, रिसङि, घिरिङ नेपाल राज्यमा समविष्ट भए ।[१] राजमाताको देहान्त पछि बहादुर शाहाले नायब भई काम गरे । बहादुर शाहाका पिता पृथ्वीनारायणको नेपाल एकिकरण अभियान सफल पार्न अघि सरे । पाल्पासँग वैवाहिक सम्बन्ध कायम राखी कूटनीतिक दृष्टिका आधारमा पश्चिमका पाल्पा सल्यानबाट मद्दत लिने योजना उनले बनाए । पश्चिमबाट बहादुर शाहले पाल्पा बाहेक सबै राज्यहरू विजय गरी सल्यानले नेपाल सरकारलाई मद्दत गरेको देखेर दाङ, जाजरकोट, रुकुम, राज्यले आपसमा मिलेर सल्यान माथि सामुहिक हमला गर्ने मिलोमतो गरे काजी दामोदर पाण्डे, काजी जगजित पाण्डे, सरदार पस्बल राणा र सुब्बा फाँदसिंको नेतृत्वमा नेपाली सैन्यले दाङ माथि विजय गरी सल्यानलाई सुम्पेको देखिन्छ । काजी जिवशाद, सरदार अमरसिंह थापा, सरदार पारथ भण्डारी, र सुब्बा जोग मल्लले उपल्लो खसीको बाटो गरी जहरीटार पुगी जाजरकोटसम्म भिडि सन्धिपत्र गरे । यसप्रकार रुकुमकोट लगायत मुसीकोट, बाँफीकोट, जहरीकोट, आठबीसकोट, गोतामकोट, जस्ता स-साना राज्यहरू रणबहादुर शाहको

१. “रुकुमको सङ्क्षिप्त परिचय”, वि.स.२०६८ ।

राज्यकालमा नेपाल अधिराज्यमा एकिकरण भए । यसरी नेपाल अधिराज्यमा भएको सुन्दर सिस्ने हिमालको काखमा अवस्थित रुकुमले वि.स. २०१८ मा देश नै १४ अञ्चल ७५ जिल्लामा विभाजन गरिएपछि राप्ती अञ्चलको उत्तरी भेगमा रही रुकुम जिल्लाका रुपमा मान्यता पायो । मध्यपश्चिमाअञ्चल विकासक्षेत्रमा पर्ने रुकुम जिल्ला हाल एक दुर्गम जिल्लाको रुपमा चिनिन्छ ।

रुकुम जिल्लाका आफ्नै खाले लोक संस्कृति, परम्परा, चालचलन र रितिरिवाज छन् । विविध जातजाति, भाषाभाषी, संस्कृति, भेषभूषा यस जिल्लाअन्तर्गत अग्ला-अग्ला पर्वतहरूका सानासाना खाल्टाखुल्टी र थुम्का- टाकुराहरू भएको यस स्थानलाई ५२ पोखरी, ५३ टाकुरा पनि भनिन्छ । वि.स.२०३० सालमा रुकुमकोटबाट जुम्ली खलङ्गा मुसीकोटमा जिल्ला सदरमुकाम सारिएपछि यस जिल्लाको सदरमुकाम खलङ्गा मुसीकोटमा रहेको छ । आज भोली यसलाई खलङगा मुसिकोट भनिन्छ ।[२]

## २.२ भौगोलिक अवस्था

नेपाल अधिराज्यको मानचित्रमा हेर्दा रुकुम जिल्ला २८ डिग्री २९ उत्तरी अक्षांशदेखि २९डिग्री उत्तरी अक्षांश तथा ८२ डिग्री १२ पूर्वी देशान्तरदेखि ८२ डिग्री ५३ पूर्वी देशान्तरसम्म फैलिएको छ । यस जिल्लाको पूर्वमा बागलुङ एवं म्याग्दी, पश्चिममा जाजरकोट, उत्तरमा डोल्पा र दक्षिणमा सल्यान एवं म्याग्दी जिल्ला पर्दछन् । यस जिल्लाको कुल क्षेत्रफल २८७७०० हेक्टर छ । यसको भू-भाग बेसी, पहाड लेक, हिमाल र नदीनालामा बिभक्त छ । समुन्द्रसतह देखि ७५४ मिटरको उचाइमा पर्ने चौरजहारीको समथर भूभाग उठ्दै ६००० मिटरसम्मको हिमचुली पर्वतमालासम्म फैलिएको यस जिल्लाको सदरमुकाम मुसिकोट खलङ्गा बजार १४४८ मिटर उचाईमा अवस्थित छ । रुकुम जिल्लालाई भौगोलिक आधारमा ४ भागमा विभाजन गर्न सकिन्छ ।[३]

### २.२.१ हिमाली भाग

जिल्लाको उत्तरी क्षेत्रमा पर्ने यो भु-भाग करिव ४८८७८ मिटर देखि ६ हजार मिटरसम्मको उचाईमा छ । यसै जिल्लाको मनमोहक सुन्दर सिस्ने हिमाल, हिमचुली, लालपाटन, चित्री पाटन, डोल्पा जाने दवारी भन्ज्याङ, यहि हिमाली भागमा पर्दछन् । यस भेगमा यनेक प्राजातीका वन्यजन्तु तथा चरचुरुङ्गीहरू पाइन्छन् । वर्षा याममा विभिन्न रङमा फूल्ने वुकी फूलले हिमाली भुभागलाई स्वर्गको बगैंचा जस्तै रमणीय तुल्याएको हुन्छ । महत्वपूर्ण जडीवुटीको रुपमा चिनिएको जीवनवुटी पनि यहि हिमाली भागमा पाइन्छ ।

२. जि.बि.स. रुकुम पूर्ववत्,, २०६८ ।
३. जि.वि.स., रुकुम, ,, वि.स. २०६८ ।

### २.२.२ लेकाली भाग

समुन्द्रसतहबाट करिब २५०० मिटरदेखि ४८७८ मीटरको उचाइमा रहेको महाभारत पर्वतशृङ्खलासँग जोडिएको अग्लो क्षेत्र यस भू-भागमा पर्छ । जाडो याममा हिउँ पर्ने भएकोले यहाँ मानव बस्ती न्यून छ । रमणीय फाँटहरू भएको यस क्षेत्रलाई बुकीलेक पनि भनिन्छ । जाङ्गेथला,लालपाटन , ढोरपाटनसँग जोडिएको पशिचम भाग निसीलेक, चित्रीपाटनको तल्लो भाग र हिर्नेटाफाँटहरू यस लेकाली भागमा पर्दछन् । यहाँ कस्तुरी, ब्वाँसो , हरिणजस्ता वन्यजन्तुहरू पाइन्छन् भने पंक्षीहरूमा डाँफे, मुनाल, आदि पाइन्छन् । औषधीका रुपमा प्रयोग हुने विभिन्न जडीबुटीहरू पाँचऔले, सतुवा, पदमचल्नो, भुल्ले आदि पनि यसै भूभागमा पाइन्छन् ।

### २.२.३ पहाडी भाग

समुद्री सतहबाट ९०० मिटरदेखी २५०० मीटरसम्मको उचाइमा रहेको क्षेत्र यस भूभागमा पर्दछ । धेरैजसो मानवबस्तीहरू यस भू-भागमा पर्दछन् । नदीनाला, तालतलैया, खोला, झर्नाले यस क्षेत्रलाई काटेका छन् ।[४] यहाँ मगर, कामी, दमाई आदि जातिको बाहुल्य छ तर ब्राह्मण, नेवार, ठकुरी, क्षेत्रीको पनि बसोबास पाइन्छ । यस भागमा नेपाल अधिराज्यको पहाडी भागमा पाइने वनस्पति, वन्यजन्तु, फलफूल सबै पाइन्छन् । रुकुम जिल्लाको सदरमुकाम पनि यसै भागमा पर्दछ ।

### २.२.४ बैंसी र टार

समुद्री सतहबाट करिब ७५४ मिटरदेखि ९०० मिटरसम्मको उचाइमा पर्ने भू-भाग यस जिल्लामा पर्दछ । ठूली भेरी र सानी भेरीका साथै यिनका शाखा नदीहरूको किनारमा रहेका समथर भूभागमा, चौरजहारी, खोलागाउँ, सिम्ली, राडिज्युले, सोलावाङ, अनाहज्युला, माछमी, सानचौरजस्ता उर्वर बैंसी तथा फाँटहरू यस भागमा पर्दछन् । यहाँ प्रशस्त तरकारी, धानबाली, गहुँ, तोरी आदीको उत्पादन हुन्छ ।

## २.३ प्रकृतिक सस्पदा

### २.३.१ खनिज सम्पदा

यस जिल्लाकोगर्भमा तामा, फलाम, सिसा, स्लेटढुङ्ग शिलाजित आदि खनिज सम्पदा भएको अनुमान छ । काडा गाविसको सेरावाङमा तामाखानी भएको कुरा अनुसन्धाबाट प्रमाणित भइसकेको छ । वि. सं. १९७५ पूर्व यही खानीबाट तामा निकाली सरकारी टक्सारमा प्रयोग गरिन्थ्यो भनिन्छ । मुसीकोट, साँख र महतमा फलामखानी तथा बाँफीकोटमा

४. पूर्ववत् ।

सिसाखानी भएको अनुमान छ । जिल्लाका मुग्लु खोला, जहारी कुचिवाङ लगायत विभिन्न स्थानमा स्लेटढुङ्गाका खानीहरू पाइन्छन् । औषधीको रुपमा प्रयोग गरिने शिलाजित चुनवाङ, पीपल, पोखरा, शोभा, गोतामकोट, स्यालाखदि आदी स्थानका ठूला पहराहरूमा पाइन्छन् ।

### २.३.२ जलसम्पदा

रुकुम जिल्ला विभिन्न स्थानमा रहेका नदी, खोला, दह, पोखरी, झरना आदि जलसम्पदा बाट सम्पन्न छ ।

**(क) नदीनाला**

जिल्लाको प्रमुख नदी मानिने ठूलो भेरी डोल्पा जिल्लामा उत्पन्न भई रुकुमको पूर्ववाट बग्दै सुर्खेत भएर कर्णाली नदीमा मिसिन्छ । धवलगिरी हिमालको चालिके पहाडको दक्षिण ढालबाट उत्पन्न भएको सानी भेरी गरायलामा पूगी ठूलो भेरीमा मिल्छ । यस जिल्लामा बग्ने अन्य खोलाहरूमा जहारी, मुग्लु , नाथी गाड , चुनवाङ खोला, रुकुम गाड, गिजावाङ, उत्तरगङ्गा , लाछे, रन्मा, तिलिचा, देउना, बरगाई आदि प्रमुख छन् ।

**(ख) दह/ ताल**

यस क्षेत्रका बाँफीबोटस्थित स्यर्पुताल,शोभास्थित कमलदह, साँखदह, छिप्रीदह यस जिल्लाका शोभा र गौरव हुन् । करिब २ देखि ६ किलोमिटरमा फैलिएको स्यार्पुताल सदरमुकामदेखि पााच कोशपूर्व बाँफाीकोटमा रहेको छ ।[५] यस तालमा निफाने गाउँ, स्यार्पू गाउँ तथा पहाडको प्रतिछाया पर्ने हुनाले अत्यान्त मनोरम दृश्य देखिन्छ । हाल यस तालबाट निस्कने पानीबाट २०० किलोबाट विधुत निकाली शोभा, खलङ्ग बाँफीकोटमा वितरण गरिएको छ । शोभास्थित कमलदहमा कमल फुल्ने हुनाले यो अत्यन्त सुन्दर देखिन्छ । कमलको पोटार (फल) लाई कमलपितको औषधीको रुपमा खाने गरिन्छ ।

**(ग) झरना**

बाँफीकोट गा.वि.स.को स्यार्पुदहनजिकै उतरमा रहेको १०७ मिटर अग्लो सिमैछरी झरना, मैकोटको गुल्जा झरना तथा गोदामकोटको नौधारी झरना यस जिल्लाका प्रमुख झरना हुन् ।

### २.३.३ वनसम्पदा

यस जिल्लाको करिव ५८.३९% भू-भाग वनजङ्गलले ओगटेको छ । यहाँको भौगोलिक बनोट र उचाइअनुसमर यहाँ विभिन्न प्रकारका वनस्पति पाइन्छन् । जिल्लाको बेँसी

५. जि.वि.स., रुकुम, अद्यावधिक प्रतिवेदन, वि.स. २०६८ ।

र टारमा साल, सिसौ, खयर, सिमल आदि वनस्पति पाइन्छन् भने बिचको भागमा खोटे सल्ला, उत्तिस, खर्सु, चाँप, ओखर, पाङ्गर रयाँज, बाँज, काउलो, देवदार आदि कोणधारी वनस्पपति रहेका छन् । त्यस्तै लेकाली भागमा गोब्रेसल्ला ठिग्रेसल्ला, धुपी भोटे, भोज पत्र, सेतोगुराँस आदि प्रजातिका वनस्पपति पाइन्छन् । स्थानीय वान्दिाहरूको धेरै पहिलेदेखि भोगचलन गदै आएको वनको कारण संरक्षण, विकास व्यवस्थापन तथा उपभोग गर्ने गरी उपभोक्ता समूहलाई हस्तान्तरण गरी सामुदायिक वन नीतिअनुरुप हाल रुकुम जिल्लामा २०३ ओटा वन उपभोक्ता समुह गठन गरिएका छन् ।

### २.३.४ माटो

रुकुम जिल्ला विविध प्रकारको माटो भएका जिल्लाहरूमध्ये एक हो । यहाँ कतै नरम पत्रेचट्टान मिसिएको माटो, कतै बडा आग्नेय चट्टानले युक्त माटो, कते चिम्ट्याइलो रातोमाटो त कतै पाँगोमाटो पाइन्छ । माटोका विविधताले गर्दा रुकुम जिल्लामा स्थानअनुसार विभिन्न किसिमका बालीहरू, फलफूलहरूका बोटबिरुवा, वनस्पति तथा जडीबुटी लगाउन उपयुक्त मानिन्छ ।

### २.३.५ जडीबुटी

रुकुम जिल्लाका लेक तथा हिमालमा विभिन्न प्रकारका अनमोल जडीबुटी पाइन्छन् । औषधिको रुपमा प्रयोग हुने त्यस्ता जडीबुटीहरूमा सुगन्धवाल दालचिनी, यार्सागुम्बा, सतुका, टिमुर, कटुकी, चिराइतो, पाँचऔले बोझो जटामसी आदि प्रमुख रहेका छन् ।

### २.३.६ वन्यजन्तुहरू

यहाँका जङ्गलमा पाइने वन्यजन्तुहरूमा झारल, घोरल, कस्तुरी, मृग, चितुवा, बँदेल, याक, भालु, दुम्सी, मलस्याप्रो, वनविरालो आदि प्रमुख छन् ।

### २.३.७ गुफाहरू

रुकुम जिल्लाका प्रमुख गुफाहरूमा शोभा गाविसमा पर्ने देउराली गुफा र घेत्माको साततले गुफा विशेष उल्लेखनीय छन् , लुकुम खोलाको किनारमा रहेको शोभास्थित देउराली गुफा भित्र  भिन्न मानव, पशुपंक्षी आदिका आकृति भएका ढुङ्गाहरु चप्किएका र टाँसिएका छन् । त्यस्तै घेत्मा गाविसको वडा नं. १ मा साततला भएको गुफा छ । यसका चार ओटा तलाहरूमा सहजै तलमाथि गर्न सकिन्छ । यस गुफामा पृथ्वीनारायण शाहले नेपालको एकीकरण गर्ने बेलामा आफ्नो सुरक्षाका लागि विभिन्न ठाउँका राजा आई लुकेको भन्ने भनाई स्थानीय बासिन्दाको रहेको छ । रुकुम जिल्लाका अन्य गुफाहरूमा काँडा गाविसको बाघ बस्ने

गुफा, पेउघा भुम्पेको सिद्ध गुफा एवं चुनवाङ १ को कल्ला कम्दा गुफा आदि उल्लेखनीय छन् ।

## २.४ सामाजिक स्वरुप

रुकुम जिल्ला विभिन्न जातजाति, भाषाभाषी, धर्म-संस्कृति, चाडपर्व, आदिमा विविधता भएको जिल्ला हो । यसै आधारमा यहाँको सामाजिक स्वरुपलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

### २.४.१ जनजाति

वि.स.२०६८ सालको तथ्याङ्कअनुसार रुकुम जिल्लामा क्षेत्री ३८.१४ प्रतिशत, मगर २९.५८ प्रतिशत, कामी १५.३९% र अन्य ३.८ड प्रतिशत रहेका छन् । यस जिल्लाका विजयश्वरी, पेउघा, आठबीसकोट, डाँडागाउँ, बाँफीकोट, रुकुमकोट, मुसीकोट। छिवाङ्। ीसम्ली, नुवाकोट, कोट जहारी, गरायल, अर्मा, खोलागाउँ आदि गा.वि.स.हरूमा बाहुन, क्षेत्री, ठकुरी, कामी, दमाई आदिको बाहुल्य छ भने पूर्वीभेगका मैकोट, हुकाम, कोल, काँक्री, काँडा, जाङ, महत, चुनवाङ आदि गा.वि.स.हरूमा मगर जातिको सङ्ख्या बढी छ ।

### २.४.२ भाषा

यस जिल्लामा ९१.९४ प्रतिशत व्यक्तिहरूले मातृभाषाको रुपमा नेपाली भाषा बोल्छन् । जिल्लाको पूर्वी भेगमा रहेका मगर जातीहरू मध्ये २.३७ प्रतिशतले खाम/पाङ भाषा बोल्दछन् भने यहाँ अन्य भाषाभाषीहरू चाहिँ नगन्य मात्रामा रहेका छन् । नेपाली भाषाको पूर्वेली भाषिकाको खसानी उपभाषिका यहाँको प्रचलित भाषिका हो । यहाँका शिक्षितहरूले पढाइ र लेखाइमा स्तरीय भाषिकाको प्रयोग गरे पनि असङ्ख्य मानिसहरूको बोलचालको भाषामा मौलिक विशेषताहरू पाइन्छन् । भाषा सम्बन्धी विस्तृत ब्याख्या पछिका परिच्छेदमा गरिने छ ।

### २.४.३ भेषभूषा

परापूर्व कालदेखि प्रचलित भोटो, इस्टकोट, कछाड, खादी, टोपी, पटुका आदि पुरुषहरूको पोषाक रहेका छन् । यस जिल्लामा मखमलको चोलो, छिटको गुन्यु, ढाकाको पछ्यौरा, घलेक, सिक्काको माला, तिलहरी, बाला, फूली, चेप्टेसुन, पटुका आदि महिला पोषाक र गरगहनाका रुपमा हेर्न सकिन्छ ।

### २.४.४ धर्म

हिन्दू धमावलम्बीहरूको बाहुल्य रहेको यस जिल्लामा हिन्दू ९९.७०%, बौद्ध ०.१२% इसाई ०.०३३%, इस्लाम ०.०२२% रहेका छन् । सङ्ख्याको आधारमा देखाउँदा हिन्दू १८५.२१, बौद्ध १७.५२, इस्लाम १.४१ इसाई ४०.७, जैन ८ र अन्य ९१७ रहेका छन् तर यस जिल्लामा धार्मिक सहिष्णुता भने कायम रहेकै देखिन्छ ।

### २.४.५ संस्कार

जन्मदेखि मृत्युपर्यन्त गरिने छैंटी, न्वारन, पास्नी, चूडाकर्म, ब्रतबन्ध, विवहा, चौरासीपूजा, मृत्युसंस्कार, काजक्रिया, श्राद्ध आदि नै यस जिल्लाका प्रमुख संस्कारहरू हुन् । हिन्दू धर्मावलम्बीहरूको बाहुल्य भएकाले यी संस्कारहरू हिन्दू परम्पराअनुसार गरिन्छन् । अन्य धर्मका अनुयायीहरूले पनि आ-आफ्नो प्रचलनअनुसार आ-आफ्नै संस्कार मानेको देखिन्छ ।

### २.४.६ मेला-जात्राहरू

रुकुम जिल्लाका विभिन्न भेगमा विभिन्न समयमा विभिन्न उद्देश्यले स्थानीय मेलापर्वहरू लाग्ने गर्छन । कार्त्तिक शुक्ल एकादशीका रुपमा परिचित हरिबोधनी एकादशीमा चौरजहारीमा ठूलो धार्मिक मेला लाग्दछ । त्यसै गरी मङ्सिर पूर्णिमामा मुसीकोट खलङ्गा गा.वि.स. वडा नं. ४ थर्पूस्थित डिग्रे शाईकुमारी भगवतीको मन्दिरमा यस जिल्लाको सबैभन्दा ठूलो मेला लाग्दछ । यो दिन भगवतीलाई पूजा गरी आफ्ना चाहनाहरू पूरा गराउन टाढाटाढाबाट श्रद्धालु भक्तजन तथा दर्शनार्थीहरू आउँदछा् । यो मेला दुई दिन (चतुर्दशीदेखि पूर्णिमासम्म) लाग्छ ।

कार्त्तिक पूर्णिमामा मुसीकोट र रुकुमकोटमा लाग्ने पाँचपुनी मेला, मङ्सिर कृष्णपञ्चमिका दिन स्यालापाखास्थित वराह मन्दिरमा लाग्ने नाथीगाडेमेला र पौष पूर्णिमाको दिन पीपल गा.वि.स. कुनाखेतस्थित बराह मन्दिरमा लाग्ने कुनाखेत मेलालाई पनि यस जिल्लामा लाग्ने प्रमुख मेलाका रुपमा लिन सकिन्छ । असार १ गते देखि १५ गते सम्म यस जिल्लाका मगर जातिले भूमिपूजाको रुपमा बलपूजा मेला मनाउँछन् । यी वाहेक थान र देवस्थलमा गइ मस्ट पूजागर्ने प्रचलन पनि रहेको छ ।

### २.४.७ प्रमुख नाचहरू

नाचका विभिन्न प्रकारहरूमध्ये रुकुम जिल्लामा सिँगारु नाच, मयूर नाच, टप्पा नाच, पैँसेरी नाच, रत्यौलीनाच, सोरठी नाच, झ्याउरी नाच, लाखेनाच बलपूजानाच प्रसिद्ध छन् । सिंगारु दशै र तिहारमा मयुर नाच तिहार र मेलाहरुमा टप्पा नाच तिहारमा पैसेरी नाच

दशमा र रत्यौली नाच विवाहमा सोरठी नाच मगरजातिले दशै र तिहारमा ज्याउरे नाच मेला पर्वहरुमा युवा युवती मिलेर गीत गाउदै नाच्ने गर्छन ।

### २.४.८ लोकबाजाहरू

जन्म, विवहा, मृत्यु, पूजाआजा, जस्ता धार्मिक अनुष्ठानको अवसरमा  दमहा, झ्याली, नर्सिङ्गा, सनाही, मादल,कर्नाल, ट्याम्को, बाँसुरी आदि लोकबाजाहरू यस जिल्लाभित्र वजाउने गरिन्छ । धामी झाँक्रीहरूले आफ्नो ब्रह्ममन्त्रोच्चारण गर्ने क्रममा गुरुबाजाको रुपमा घन्टी र ढ्याङग्रो बजाउने चलन छ ।

## २.५ शैक्षिक अवस्था

वि.स. १९९० मा खलङ्गामा गुरुप्रसाद अधिकारीले संस्कृत कर्मकाण्ड अध्यापन सुरु गरेको भाषापाठशाला नै रुकुम जिल्लाको शिक्षाको पहिलो सुरुवात हो । हाल जनचेतनाको अभिवृद्धिका कारण यस जिल्लाको शिक्षामा व्यापक विस्तार हुदैछ । यहाँको कूल साक्षरतादर ३९.७३ प्रतिशत रहेको छ । पुरुष साक्षरतादर ५०.५६ प्रतिशत र महिला साक्षरतादर २८.४८ प्रतिशत रहेको यस स्थानमा महिला र पुरुषको शैक्षिक अवस्थामा असमानता देखिन्छ । हाल रुकुममा ३ क्याम्पस, ८ उच्च माध्यामिक विद्यालय  र ३१ माध्यमिक विद्यालय रहेका छन् । त्यस्तै गरी ७४ ओटा नि.मा.वि. सञ्चालित रहेकोमा ४३ ओटा मात्र स्वीकृति प्राप्त छन् । स्वीकृतिप्राप्त सामुदायिक प्रा.वि २४४ ओटा छन् भने निजी प्रा.वि.हरू १३ ओटा छन् ।[६]

## २.६ यातायात

रुकुम जिल्लामा मात्र सदरमुकाम र यसका आसपासका क्षेत्रहरुमा  कच्ची मोटरबाटो पुगेको छ । नेपाल सरकारको प्रयासमा नेपाली सेना र स्थानीय जनताको सामूहिक श्रमद्वारा खलङ्गादेखि बागलुङको बुर्तिबाङसम्म र सल्यानदेखि चौर जहारीसम्म जोड्ने बाटो निर्माणधीन छ । माओवादी पक्षको सक्रियतामा छिमेकी जिल्लाका जनतालाई सहभागी गराई राल्पा जिल्लाको नुवागाउँबाट रुकुम जिल्लाको चुनबाङ जोड्ने मोटरबाटो निर्माण भइरहेको छ । भने

यसै गरी हवाई यातायाततर्फ रुकुमको चौर जहारी र रुकुमको सल्येमा २ ओटा पहाडी लोकमार्गले पनि यस जिल्लालाइ घेरेको छ ।

## २.७ सञ्चार

यस जिल्लाका प्रमुख सञ्चार साधनहरूमा हुलाक, टेलिफोन, आकाशवाणी, रेडियो। एफ्.एम. र पत्रपत्रिका रहेका छन् । अहिले यस जिल्लामा जिल्ला हुलाक १, इलाका हुलाक ८, अतिरिक्त हुलाक ३४, टेलिफोन लाइन, मोवाइल ६, द्रुत डेलिभरी सेवा १, रहेका छन् ।

६. जि.शि.का. रुकुम, शैक्षिक तथ्याङ्क, वि.स. २०६८ ।

## २.८ भाषा

रुकुम जिल्लामा जातजाति, धार्मिक, सामाजिक, सांस्कृतिक आदि पक्षमा विविधता छ । यी विभिन्न पक्षमा विविधताका कारण यहाँको भाषिक अवस्थामा पनि विविधता छ । यस जिल्लाको जनसङ्ख्यालाई अध्ययन गर्दा वि.स. २०३८ देखि वि.स. २०६८ सम्मको जनसङ्ख्याको वितरण निम्नअनुसार रहेको छ :

| **वि.स. २०३८** | **वि.स. २०४८** | **वि.स.२०५८** | **बि.स.२०६८** |
|---|---|---|---|
| पुरुष सङ्ख्या ६७,१२४ | ७६०,९५६ | ९५,४३२ | १,०९,०२१ |
| महिला सङ्ख्या ६५,३०८ | ७८,५९८ | ९३,००६ | १,०६,२४९ |
| कुल सङ्ख्या १,३२,४३२ | १,५५,५५४ | १,८८,४३८ | २,१५,२७० |

वि.स. २०५८ देखि वि.स. २०६८ सम्मको जनसङ्ख्यामा विभिन्न भाषाहरू र वक्ताहरूको सङ्ख्यालाई तल देखाइएको छ :

| **मातृभाषा** | **वि.स. २०५८** | **वि.स. २०६८** |
|---|---|---|
| नेपाली | १६८९१८ | १८८२०५ |
| मगर | ४२८ | १०१२ |
| मैथली | ८०५ | १३४५ |
| भोजपुरी | १५५ | २०५ |
| नेवारी | २०५ | ७११ |
| गुरुङ | १६८ | १३१५ |
| तामाङ | ९३३ | १५१६ |
| अवधी | ५५ | २०३ |
| थारु | १२५ | ३१९ |
| लिम्बू | २१२ | ३७५ |
| हिन्दी | २५ | ४५ |
| राई | ३०४ | ५१० |
| भोटे-शेर्पा | १६० | ३१८ |
| थकाली | ८० | १४० |
| राजवंशी | ५४० | ९०३ |
| सतार | ८७ | १०० |

| | | |
|---|---|---|
| दनुवार | १७० | १९० |
| स्थानीय भाषा | १०१ | ११२५४ |
| अङ्ग्रेजी | - | १२ |
| अन्य | १५००० | ६५९२ |
| **जम्मा** | **१,८८,४३८** | **२,१५,२७०** |

उपर्युक्त तालिका अनुसार ९१.९४% व्यक्तिहरू नेपाली र २.३७% व्यक्तिहरूले मगर भाषालाई मातृभाषाका रुपमा प्रयोग गरेको पाइन्छ । अन्य भाषाका वक्ताहरूको सङ्ख्या नगान्य छ। त्यसैले यहाँ बोलिने प्रमुख भाषाहरूमा नेपाली र मगर भाषा रहेका छन् भने अन्य केही भाषाहरू पनि अस्तित्वमा रहेको जनगणनाबाट देखिन्छ । यी भाषाहरूको सामान्य परिचय तल प्रस्तुत छ :

## २.८.१ नेपाली भाषा

वि.स. २०४८ देखि वि.स २०६८ सम्मको जनगणनामा भाषागत आधारमा गरिएको सर्वेक्षणअनुसार कुल जनसंङख्या २,१५,२७० रहेकोमा नेपाली मातृभाषा रहेको जनसंङख्या १,२२,४९२ रहेको छ । त्यस्तै वि.स. २०४८ को जनगणना अर्थात भाषिक सर्वेक्षणअनुसार जिल्लाको कुल जनसंङख्या १,५५,५५४ रहेकोमा नेपाली भाषा बोल्नेहरूको सङख्या १,४२,३६० रहेको छ । वि.स. २०६८ को जनगणनाअनुसार यस जिल्लको कुल जनसङख्या १,८८,४३८ मध्ये पुरुषसङ्ख्या ९५,४३२ र महिला सङ्ख्या ९३,००६ जसमा नेपाली मातृभाषीको सङख्या १,७४,७९२ देखिन्छ । त्यसमा रुिषको सङ्ख्याको बृद्धिको अनुपातमा नेपाली भाषाका वक्ताहरूको सङ्ख्यामा पनि बृद्धि भइरहेको छ ।

यस जिल्लामा विभिन्न जातजाति, धर्म, संस्कृति आदिका मानिसहरूको बसोबास भए पनि मुख्य भाषाका रुपमा नेपाली, भाषा नै बोलिन्छ । ९१.९४% मानिसहरूको मातृभाषा नेपाली रहेको तथ्य छ । नेपाली भाषीहरूका तुलनामा अन्य भाषीहरूको सङ्ख्या न्यून रहेको छ । यस जिल्लामा मगरहरू आदिबासीका रुपमा रहेका छन् । उनीहरूको मूलथलो तकसेरा, कोल, काक्री, मैकोट, काँडा जाङ, महत, चुनवाङ, मुरु, भलाक्चा आदि गा.वि.स हरूमा उनीहरूको बाक्लो बस्ती छ । मूरु, भलाक्चाका मगरहरू तकसेराजस्तो मगरभाषा बोलिने क्षेत्रबाट आएका भए पनि उनीहरूले नेपाली भाषालाई नै बोली व्यवहारको भाषा बनाएको देखिन्छ । त्यस्तै गरी यस जिल्लामा व्यापार, जागिर आदिका सिलसिलामा अन्य भाषाभाषीबाट आएका वक्ताहरूले पनि नेपाली भाषाको प्रभावले गर्दा नेपाली भाषालाई नै बोली व्यवहारको

भाषा बनाएको पाइन्छ । तसर्थ यस जिल्लामा मुख्य भाषाको रुपमा नेपाली भाषा नै रहेको देखिन्छ ।

### २.८.२ खाम/ पाङ भाषा

रुकुम जिल्लामा बोलिने मगरहरूको भाषालाई खाम मगर वा पाङ मगर भन्ने गरिन्छ । वि.स. २०५८ को जनसङ्ख्यामा यसलाई मगर भाषाअन्तर्गत राखिएको छ । रुकुम जिल्लाको वि.स. २०३८ देखि वि.स. २०५८ सम्मको जनगणना अर्थात भाषिक सर्वेक्षणको अध्ययन गर्दा खाम/पाङ मगर भाषामा पनि प्रत्येक दशकमा जनसङ्ख्या बृद्धि भइरहेको छ । वि.स. २०३८ मा यस जिल्लाको कुल जनसङ्ख्या १,३२,४३२ मा खाम/पाङ भाषाका वक्ताहर जम्मा १०६ मात्र रहेको देखिन्छ । वि.स.२०४८ को जनगणनामा कुल जनसङ्ख्या १,५५,५५४ रहेकोमा खाम/पाङ भाषा बोल्नेहरूको सङख्या ३,६९१ रहेको पाइन्छ भने वि.स. २०४८ को भाषिक सर्वेक्षण अनुसार कुल जनसङ्ख्या १,८८,४३८ मा मगर भाषाका वक्ताहरूको सङ्ख्यामा बसद्धि भएर १३,४९६ मा पुगेको पाइन्छ । त्यसमा पुरुष ६,७९६ र वक्ताहरूको सङ्ख्यामा बृद्धि भएर १३,४९६ मा पुगेको पाइन्छ । त्यसमा पुरुष ६,७९६ र महिला ६,७०० रहेका छन् ।

यसबाट के प्रष्ट हुन्छ भने यस जिल्लाका परिप्रेक्ष्यमा दोस्रो स्थानमा मगरहरूले बाल्ने खाम/पाङ भाषा रहेको छ । यस जिल्लाको पूर्वी भेगमा मगर भाषालाई मातृभाषाका रुपमा बोल्ने मानिसहरूको बसोबास छ । नेपाल मगर सङ्घको मगर समाज र राष्ट्रिय जनगणना २०४८ कार्यदलको सागालोले रुकुम जिल्लाको तकसेरामा स्थानीय मातृभाषा मगर भएको र त्यसको सङ्ख्या सही नभएको तर मातृभाषाको नाम मगर पाङ भनी लेखेकोले के बुझिन्छ भने मगर खाम भनेर चिनिने मगर भाषा अब आएर मगर पाङ नामले पनि परिचित हुँदैछ भन्ने देखाउँछ । रुकुम जिल्लाको तकसेरा गाउँलाई केन्द्र बनाएर गरेको उक्त अध्ययनले के देखाउँछ भने त्यहाँ भुज्याल, छन्तयाल, थकाली र दलित जातिले पनि खाम/पाङ भाषालाई मातृभाषाका रुपमा प्रयोग गरेका छन् । वि.स. २०५८ को जनगणनाअनुसार यस जिल्लामा २.३७ प्रतिशत व्यक्तिहरूले खाम/पाङ भाषालाइ मातृभाषाका रुपमा प्रयोग गरेको पाइन्छ ।

### २.८.३ हिन्दी भाषा

यस जिल्लाको भाषिक सर्वेक्षणअनुसार केही मात्रामा हिन्दी भाषाका वक्ताहरू पनि यहाँ रहेको पाइन्छ । वि.स.२०३८ को जनगणनाअनुसार हिन्दी भाषाका कुनै वक्ताहरू यहाँ थिएनन् भने दश वर्षको अन्तरालमा वि.स. २०४८ को जनगणनाअनुसार हिन्दी भाषाका वक्ता अर्थात मातृभाषा हिन्दी भएका व्यक्तिहरू जम्मा ५७ जना देखिन्छन् । वि.स. २०४८

को भाषिक सर्वेक्षणअनुसार हिन्दी मातृभाषा भएका ४६ जना वक्ताहरूमा पुरुषको सङ्ख्या ३४ र महिलाको सङ्ख्या १२ रहेको छ । यो तथ्याङ्कबाट के स्पष्ट हुन्छ भने हिन्दी भाषाका वक्ताहरू घटबढ भइरहेको छ । हिन्दी भाषा यहाँको स्थानीय भाषा नभएर विभिन्न रोजगारीको सिलसिलामा यस जिल्लाबाट भित्रिएका व्यत्तिःहरूले बाल्ने भाषा हो । जिल्लामा भर्खर कच्ची सडक निर्माण भएकाले विभिन्न ठाउँमा बजार स्थापनाका क्रममा व्यवसायका लागि जहान–परिवार सहित केही हिन्दी भाषीहरू जिल्लामा प्रवेश गरेका छन् । यसका साथै यस जिल्लाका बासिन्दाहरू श्रमको सिलसिलामा भारतको विभिन्न प्रदेशहरूमा परिवारसहित गएका र सन्तानको जन्म भारतीय भूमिका भएका कारण र भारतमा कामगर्न गएकामध्ये केहीले भारतीय महिलाहरूसँग वैवाहिक सम्बन्ध गाँसेर यहाँ भित्र्याउनु जस्ता कारणहरूले पनि यस जिल्लामा हिन्दी भाषाका वक्ताहरू ाछिटफुट मात्रामा पाइएका हुन् ।

## २.८.४ बान्तवा भाषा

यस जिल्लाको भाषिक सर्वेक्षणअनुसार केही मात्रामा बान्तवा भाषाका वक्ताहरू पनि रहेको पाइन्छ । वि.स. २०४८ को जनगणनापूर्व यस जिल्लामा बान्तवा भाषाको स्थान देखिँदैन । वि.स. २०४८ को जनगणनामा पुरुष ४ महिला ८ गरी १२ जना बान्तवा भाषाका वक्ताहरू जिल्ला भित्रिएको र यो भाषिक सङ्ख्या जतिबेला पनि घटबढ हुन सक्ने स्थिति छ । तसर्थ बान्तवा भाषा यस जिल्लाको स्थानीय भाषा नभएर अन्यत्रबाट यस जिल्लामा भित्रिएका व्यक्तिहरूले बोल्ने गरेको भाषा हो ।

## २.८.५ गुरुङ भाषा

यस जिल्लाको भाषिक सर्वेक्षण अनुसार केही मात्रामा गुरुङ भाषाका वक्ताहरू पनि रहेको पाइन्छन् । वि.स.२०३८ को जनगणनानुसार यस जिल्लामा गुरुङ भाषाका वक्ताहरू २८ जना देखिन्छन् भने वि.स. २०४८ को जनगणनानुसार यस भाषाका वक्ताहरू ४१ जना छन् । वि.स. २०५८ को जनगणनानुसार यस भाषाका ६ जना वक्ताहरूमध्ये ३ पुरुष र ३ महिला रहेका छन् । यसरी प्रत्येक दशकमा २८ जनाबाट घट्दै गएर यो भाषााको जनसङ्ख्या २ जनामा पुगेको देखिन्छ । यसबाट के प्रष्ट हुन्छ भने विभिन्न रोजगारी, व्यापार आदिको सिलसिलामा जिल्ला भित्रिएका यस भाषाका वक्ताहरू जतिवेला पनि घटबढ हुन्सक्ने देखिन्छ । तसर्थ गुरुङ भाषा पनि यस जिल्लाको स्थानीय भाषाचाहिँ होइन ।

## २.८.६ शेर्पा भाषा

यस जिल्लाको भाषिक सर्वेक्षणअनुसार शेर्पा/भोटे भाषाका वक्ताहरूको सङ्ख्या पनि देखिन्छ । वि.स.२०३८ को जनगणनाअनुसार यस जिल्लामा भोटे/ शेर्पा भाषाका वक्ताको सङख्या ६७ रहेको छ भने वि.स.२०४८ को जनगणनाअनुसार भोटे/शेर्पा भाषाका वक्ताको सङख्या ५ मध्ये ३ पुरुष र २ महिला रहेको देखिन्छ । यी भाषाका वक्ताहरू पनि यस जिल्लाका स्थानीय बासिन्दा होइनन् । विभिन्न कार्यको सिलसिलामा यस जिल्लामा उनीहरू भित्रिएका हुन् सक्छन् । वि.स.२०३८ मा देखापरेका यस भाषाका वक्ताको सङ्ख्या ६७ घटेको वि.स. २०५८ मा जम्मा देखिन्छ ।

## २.८.७ मैथिली भाषा

यस जिल्लाको भाषिक सर्वेक्षणअनुसार छिटफुट मात्रामा मैथिली भाषाका वक्ताहरू पनि रहेको पाइन्छ । वि.स.२०३८ को जनगणनाअनुसार मैथिली भाषा बोल्ने वक्ताको सङख्या ३९१ देखिन्छ भने वि.स.२०४८ को जनगणनाअनुसार ४ र वि.स.२०५८ को जनगणनाअनुसार पुरुषसङख्या ३ र महिला सङख्या १ गरी जम्मा मैथली भाषाका वक्ताको सङ्ख्या ४ देखिन्छ । यसरी क्रमशः प्रत्येक दशकमा घट्दै गएर वि.स. २०५८ को गणनामा जम्मा ४ जना मात्र मौंथिलीका वक्ताको सङख्या रहेको छ । हाल जिल्लाको सङ्कपूर्ण अवस्थाका कारणले पनि यस्तो समस्या उत्पन्न भएको हुन सक्छ ।

## २.८.८ नेपाली साङ्केतिक भाषा

वि.स. २०४८ को जनगणनापूर्व यस जिल्लामा साङ्केतिक भाषाको स्थान रहेको छैन तर वि.स. २०५८ मा महिला १ र पुरुष २ गरी ३ जना साङ्केतिक भाषाका वक्ता देखाइएको छ । विशेष शिक्षा कार्यक्रम लागू हुने सिलसिलामा जिल्लाका ३ विद्यालयमा बहिरा विद्यार्थीलाई पढाउने छुट्टै शैक्षिक संस्थाको स्थापना भएको छ । ती विद्यालयमा विशेष शिक्षाका शिक्षक तथा शिक्षिकाको गणना नेपाली साङ्केतिक भाषाका वक्ताहरूका रुपमा गरिएको छ । ती शैक्षिक संस्थाबाट दिइने शिक्षाले गर्दा नेपाली साङ्केतिक भाषाका वक्ताहरूको सङख्या बृद्धि हुदैं जाने सम्भावना छ ।

## २.८.९ अन्य भाषा

वि.स.२०५८ को जनगणनानुसार यस जिल्लामा अन्य केही भाषाहरूको पनि अस्तित्व देखा परेको छ । तामाङ भाषाका २, नेवारका १, राजवंशीका १, जिरेलका १, लेप्चाका १, अङग्रेजीका १, राउटेका १, र मातृभाषाको परिचय नभएका १०५ जना वक्ताहरू यहाँ रहेको देखिन्छ यसबाट के पुष्टि हुन्छ भने विभिन्न व्यापार, जागिर, सामाजिक सेवा आदिका सन्दर्भमा यी भाषाका वक्ताहरू भित्रिएका देखिन्छन् । यिनीहरूको स्थायी रुपमा

बसोबास यहाँ छैन । तसर्थ यस जिल्लाका खास गणनीउ भाषाहरूमा मुख्य भाषाका रुपमा रहेको नेपाली भाषा र खाम/पाङ भाषा तथा विकासको सम्भावना भएको नेपाली साङ्केतिक भाषा उल्लेखख्य छन् । अन्य भाषाका वक्ताहर अस्थायी रुपमा भित्रिएका र तिनको सङख्या घटबढ भइरहने देखिन्छ ।

**रुकुम जिल्लाको बस्तुगत परिचय संक्षेपमा तल प्रश्तुत गरिएको छ । जसलाई रुकुम जि.वि.स स्रोतबाट प्राप्त गरि जस्ताकोतस्तै राखिएको छ ।**

**भौगोलिक अवस्थिति**

अक्षांस : २८ डिग्री २९ मिनेट २९ डिग्री ० मिनेट उत्तरी अक्षांससम्म

देशान्तर : ८२ डिग्री २९ मिनेट ८२ डिग्री ५३ मिनेट पूर्वी देशान्तरसम्म

क्षेत्रफल : २९३१८२ हे.

उचाई : ७५४ देखि ६००० मि.सम्म

सदरमूकामको उचाई : १४४८ मी.

**भौगोलिक सिमाना**

पूव : बाग्लूङ र म्याग्दी

पश्चिम : जाजरकोट

उत्तर : डोल्पा

दक्षिण : सल्यान र रोल्पा

**राजनैतिक तथा प्रशासनिक विभाजन**

विकास क्षेत्र : मध्यपश्चिमाञ्चल

अञ्चल : राप्ति

जिल्ला : रुकूम

सदरमूकाम : मूसिकोट,खलंगा

संसदीय निवाचन क्षेत्र : २

गाविस संख्या : ४३ (नमूना गाविस३०

इलाका : ११

इलाका केन्द्र : ८

**मूख्य व्यापारिक केन्द्र**

मूसिकोट, बांफिकोट, रुकूमकोट, नायगाड, चौरजहारी, सिम्तू, झूलखेत, चूनवाङग सिम्ली, वैरागीठाटी, गोतामकोट, झूलनेटा, पोखरा, महत र दोमई आदि ।

**हावापानी**

औसत वषा : १६०० देखि २४००मिसम्म

तापक्रम : न्युनतम ०.४ डिग्री सेल्सियस

अधिकतम तापक्रम : ३४ डिग्रीसेल्सियस

हावापानी : अधउष्ण /समशितोष्ण/शितोष्ण

**प्रमूख धार्मिक स्थलहरु:**

साईकूमारी भगवती र कालिका मन्दिर खलंगा गाविस। वराह मन्दिर र शिवजी मन्दिर रुकूमकोट गाविस।गाधिघर देउती मन्दिर बाफिकोट,शिवजी मन्दिर,विजयश्वरी गाविस। चौरजहारी,चचघर मूसिकोट र तकसेरा गाविस। मस्तथान मैकोट गाविस,कालिका मन्दिर गोतामकोट,लक्ष्मीनारायण मन्दिर आठविसकोटगाविस।

**पयर्टकिय स्थलहरु:**

सिस्ने हिमाल, स्यापू ताल, कमल ताल, पूपाल दह, सून दह, गूप्ता दह, सम्पे ताल, देउराली गूफा, तकसेरा गाउं, लूकूम गाउं, राङ्सी गाउं, कोल गाउं, हूकाम गाउं, मैकोट गाउं, महत गाउं, कांडा गाउं र सीमा गाउंका मगर वस्तीहरु, गोतामकोटको वस्ती, रुकूमकोट वस्ती, ढोरपाटन वन्यजन्तू आरक्ष ।

**प्रमूख नदी खोला:**

ठूलीभेरी, सानीभेरी, मूग्लू खोला, लूकूम गाड, पेल्मा खोला, रन्माखोला, रुजीखोला, चून्वाङ खोला, सेती गाड, कोजा खोला, पूमा खोला आदि ।

**भुस्वामित्वको स्थिति:**

जग्गाधनी : २७०११

अधियामा कमाउने : ९२३

सूकूम्वासी र जग्गाविहन : १२०

**भूउपयोगिता**

कूल क्षेत्रफल : २८७७०० हे।

कृषि योग्य जमिन : २९४७४ हे।

वनजंगल : १७११९४ हे।

चरण क्षेत्र : ६१९५२ हे।

अन्य : २५०८० हे।

कृषिमा उपयोग भएको जमिनको क्षेत्रफल : २७४५० हे।

कूल सिंचित क्षेत्रफल : ५११८ हे।

कूल खाधान्न उत्पादन : ९५५२८ मेटन

जिल्लाको लागि आवश्यक पन खाधान्न : ४१२०० माटन

जिल्लाको लागि कूल उपभोग्य उत्पादन : ४०११९ मेटन

खाधान्न स्थिति : १०८१ मेटन न्यून

**हिम श्रृंखला :**

सिस्ने हिमाल (कांजीरावा हिमश्रृखला० ५८४१मी।

**तरकारी तथा फलफूलहरु**

मूला, आलू, पिंडालू, प्याज, रायो, लसून, वेसार, अदूवा, टमाटर, फर्सी गोलभेडा, रामतोरिया, करेला, भेण्टा, खुसानी, केराउ, गाजर, काउली, बन्दा, सिमी, कांक्रो, स्कूस, बरेला, बोडी, आंप, केरा, रुखकटहर, भूइंकढहर, अम्बा,सू न्तला, कागती, जूनार, मौसम, भोगटे, स्याउ, नास्पती, आरु, आरुबखडा, हलूवाबेद, ओखर आदि

**अन्नवाली**

धान, गहूं, मकै, कोदो, जौ, उवा, फापर

**पशु स्वस्थ्य**

पशू सेवा केन्द्र :४

गभाधान केन्द्र :३

पशू सेवा उपकेन्द्र :७

पशू सम्वन्धि औषधि पसल : २७

**वनजंगल तथा वन्यजन्तू :**

सामूदायिक वन : ६९७८२ हे।

राष्ट्रिय वन : ९९४८८ हे।

कबूलियती वन : ६२ हे।

निजी वन : १८६३ हे।

**जलाधार क्षेत्र : २**

जम्मा उपजलाधार : ९५

**प्रजाति :**

बांज, खसू, शिसौ, गूरांश, ओखर, साज, साल, पाङ्गीठङ्गो, चिउरी, टूनी, चांप, काफल, सल्लो, उत्तीस, चिलाउने, कटूस आदि ।

**वन्यजन्तू तथा चराचूरुङ्गी:**

कस्तूरी, मृग, नावर, रातो, बांदर, ढेडू, झारल, थार, बाघ, भालू, खरायो, स्याल, दूम्सी, लोखके, गोहोरो, डांफे, मूनाल, च्याकूरा, तित्रो, कालिज, ढूकूर, पिउरो, जूरेली, भद्रो, सारी, वनकूखूरा आदि ।

**जडिबूटी :**

याचागूम्वा, पांचऔले, कूरिलो, टिंमुर, दाल्चिनी, गूर्जो, कटूको, पाङर, बादलपाते, बोझो, हर्रो, अमला, पदमचाल, सतूवा, हलहले, कूमकूम, चिराइतो, जटामसी, भलायो आदि ।

**जनसंख्याः**

कूल जनसंख्या : २१५२७०

महिला : १०६२४९

पूरुष : १०९०२१

घरधूरी संख्या : ३६७८१

जनघनत्व : ७४ प्रति किमि।

औषत परिवार आकार : ६

जनसंख्या वृद्धिदर : २.०६

जनघनत्व प्रतिवग किमि। : ७४ जना

जनसंख्या बृद्धिदर : २।०६

स्रोत केन्द्रिय तथ्याङग विभाग,प्रक्षेपित तथ्याङग

**विकास सूचक :**

मानव विकास सूचांक : ०.२७०

जिल्लाको स्थान : ५८

लैङगीको विकास सूचक : ०।२३८

लैङगीक सशक्तिकरण माप : ०.०९३

**शिक्षा :**

कूल साक्षरता : ४५ प्रतिशत (प्रक्षेपित तथ्याङग०

महिला : ३२ प्रतिशत

पूरुष : ५८ प्रतिशत

सामूदायिक प्रार्थमिक विधालय स्वीकृत संख्या : २५९

सामूदायिक प्रार्थमिक विधालय संचालित तह संख्या : ३६८

संस्थागत आवासिय विधालय : ३

निम्न माध्यमिक तह संचालित संख्या : ११५

निम्न माध्यमक विधालय स्वीकृत संख्या : ६६

माध्यमिक विधालय स्वीकृत : ३४

माध्यमिक विधालय संचालित तह संख्या :४९

उच्च माध्यमिक विधालय : १५

**शिक्षकः**

(प्रा।वि ।७७५,राहत २१०० (नि।मा।वि।१३५,राहत ६७०(मा।वि।९८,राहत २६०

क्याम्पस : ३

विधार्थी संख्या (शैक्षिक सत्र ०६५।०६६० : प्रा।वि। ५४४२८

नि।मा।वि।१०८८७

मा।वि।४३९९

**स्वास्थ्य :**

अस्पताल : १

प्रार्थमिक स्वास्थ्य केन्द्र : १

इलाका स्वास्थ्य चौकी : ८

उपस्वास्थ्य चौकी : ३४

आयूवेद औषधालय : १

निजी औषधि पसल एवं क्लिनिक : ५३

**संचार :**

जिल्ला हूलाक : १

इलाका हूलाक : ८

अतिरिक्त हूलाक : ३४

भी।एच।एफ।टेलिफोन सेवा : २४

माटस सिस्टम टेलिफोन सेवा : १२

सी।डि।एम।ए।टेलिफोन सेवा : ४७०

एस।टि।एम। टेलिफोन सेवा : १०

नमस्ते मोवाइल सेवा : ३५००

सीडी।एम।ए।मोवाईल सेवा : ११००

द्रूत डेलिभरी सेवा : ३

**यातायात :**

हवाई मैदान : २ (चौरजहारी र सल्ले०

कच्ची सडक : १७० किमि।

ट्र्याक्टर गुड्ने सडक : १४१ किमि।

जिाविसद्धारा निर्मित सडक : ५८ किमि।

जिटीजे/डब्लु एफपीद्धारा निर्मित सडक : ३२ किमि।

नेपाली सेनाद्धारा निर्मित सडक : ५१ किमि।

झोङगले पूल : ५८

काठे पूल : २२

**विधुत सेवा :**

कूल विधुत उत्पादन : ४२५ किलोवाट

साना जल विधुत : ४

माइक्रो हाईड्रो : २

पेल्टिक सेट : १३

आधूनिक घट्ट : १९

**खानेपानी :**

खानेपानीको स्रोत :मूल,पोखरी तथा खोला

पाइप द्धारा खानेपानी सुविधा उपलब्ध जनसंख्या : ६३.७ प्रतिशत

**रुकूम जिल्लामा पाइने खनिज पदाथ :**

तामा, सिसा, कोइला, फलाम, चक, स्टेल, शिलाजित, गन्धक

**जिल्लाबाट अन्यत्र नियात हूने वस्तूहरु :**

यासागुम्वा, अन्य जडीबूटी, तरकारी वीऊ, घ्यु, मह, सूठो, चामल, दाल, शिलाजित, नेपाली कागज, अल्लोको प्रशोधित धागो, ऊनी कम्बल आदि ।

**उधोग व्यवसाय :**

उधोग दता : ३९५

चालू उधोग : २४०

उत्पादन मूलक : २५

निमाण सेवा : ७६

सिनेमा हल : १

विविध : २३

सेवा मूलक : ९४

कृषि तथा वनजन्य : २२

सीपमूलक तालिम प्राप्त संख्या : ७०४

**वित्तीय संस्थाहरु :**

नेपाल बक लिमिटेड : १

कृषि विकासबक: १

सहकारी बक: ३

**सूरक्षा :**

भैरवीदल गण,खारा गूल्म,मूसीकोट सल्ले गूल्म,चौरजहारी गूल्म,जिल्ला प्रहरी कायालय,इलाका प्रहरी कायालय,प्रहरी चौकी,राष्ट्रिय अनूसन्धान कायालय

**जिल्लामा संचालित कायक्रमहरु र साझेदार कायालय संघसंस्थाहरु**

कृषि तथा स्थानीयस्तर सडक कायक्रम

जिरगम क्षेत्र विकास कायक्रम

ग्रामिण खानेपानी तथा सरसफाइ कायक्रम

ग्रामीण पूर्णनिमाण तथा पून:स्थापना कायक्रम

एल।जी।सी।डी।पी।

पूर्णनिमाण तथा पून:स्थापना कायक्रम

स्थानीय माग झो।पू।कायक्रम

ग्रामिण पहूंच तथा विकेन्द्रित विकास कायक्रम

निवाचन क्षेत्र विकास कायक्रम

पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजना

ग्रामिण पून:निमाण तथा पून:स्थापना कायक्रम

बालबालिका तथा महिलाका लागि विकेन्द्रित कायक्रम

रुकूम उज्यालो कायक्रम

गाउं विकास कायक्रम, दिगो विकासका लागि समूदाय परिचालन परियोजना

राष्ट्रिय स्वयंसेवक विकास सेवा

सामूदायिक पशू सेवा कायक्रम

सामूदायिक खानेपानी तथा सरसफाइ कायक्रम

शिक्षाका लागि खाधान्न कायक्रम

जीविकोपाजनका लागि वन कायक्रम

गरिवी निवारण कोषर विभिन्न गैसास।

गरिवी निवारण कोष कायक्रम

जिल्ला शिक्षा कायालयरसिविन

विधालय भौतिक निमाण कायक्रम

केयर नेपाल समूदाय सहयोग कायक्रम

यु।एम।एन।रविभिन्न गैसास।

द्वन्द रुपान्तरण,खाध संप्रभुता,शिक्षा,प्रकोप व्यवस्थापन

उजा क्षेत्र सहयोग कायक्रम

सिविन,नेपाल

बाल तथा यूवाहरुलाई संरक्षण कायक्रम

जी।टि।जे.ट र आर।इ.आर।इ।रडव्लु।एफ।पी।

आय आजनका लागि शिक्षा कायक्रम

आड्रा नेपालरसूरक्षित मातृत्व संजाल

प्रजनन् स्वास्थ्य सूधारका लागि समूदायसंग सहकाय परियोजना
एच।आई।भी।एड्स रोकथाम कायक्रम
द्धन्द प्रभावितहरुका लागिसहयोग कायक्रम

**स्रोत-www.dvcrukum.org.np**

# परिच्छेद : तीन
# लोकसाहित्य र उखान

## ३.१ लोकसाहित्यको परिचय

लोकसाहित्य लोकजीवनसँग सम्बद्ध साहित्य हो । तसर्थ लोकसाहित्यले कुनै पनि राष्ट्रको राष्ट्रियता, रीतिरिवाज, धर्म, संस्कृति आदिलाई प्रतिबिम्बित गर्ने ऐनाको काम गरेको हुन्छ । यसभित्र लोकजीवनको आँसु, हाँसो आदिले ठाउँ पाएको हुन्छ ।

लोकसाहित्य शब्द समस्त शब्द हो । यसमा 'लोक' र 'साहित्य' गरी दुईवटा शब्दको योग भएको छ । लोकजीवनको विशिष्ट भावलाई लोकसाहित्यले समेट्ने हुनाले त्यसमा कलात्मक हुन्छ । त्यसैले कलात्मक, आकर्षणमय एवम् मीठो अभिव्यक्ति लोकसाहित्य हो[१] भन्ने भनाइ ग्रहणीय छ । लोकसाहित्यको जन्म मानव मुटुको स्पन्दनबाट भएको हुन्छ । तसर्थ लोकसाहित्यलाई लोकजीवनको मुटुको स्पन्दनका रुपमा हेर्न सकिन्छ । यो साहित्यिक विधाका रुपमा रहेर आफ्नै अस्तित्वमा उभिएको हुन्छ । लोकसाहित्यको अस्तित्व खास गरी गाउँ बस्तीका पराले छाप्राहरूमा बसेका र जीवनका उकाली, ओराली दुःख, उल्लास आदिमा मुटुको चोखो अभिव्यक्ति सुनाइरहने जनसमुदायमा बाँचेको हुन्छ ।[२] लोकसाहित्य समाजको बीचमा जन्मिन्छ र त्यहीँ फैलिन्छ । तसर्थ यसमा समाजका विविध पक्षहरू विद्यमान हुन्छन् ।[३]

लोकसाहित्यमा लोकतत्वको प्राधान्य रहेको हुन्छ । यसमा लेखनतत्वका आधारका रुपमा समाजिक विषयवस्तुहरू आएका हुन्छन् । तसर्थ लोकस्तरको विचार व्यवहार, धारण आदिको समष्टि अभिव्यक्तिनै लोकसाहित्य हो भन्नु पर्छ ।[४] यसले परम्परालाई जोगाउने देखि लिएर नीतिशिक्षा सम्बन्धी काममा पनि मद्दत पुऱ्याएको हुन्छ ।

---

१. धर्मराज थापा र हंसपुरे सुवेदी, **नेपाली साहित्यको विवेचना,** (काठमाडौँ : त्रि.वि. पाठ्यक्रम विकास केन्द्र, २०१४), पृष्ठ ३ ।


२. मोहन ठकुरी, **लोकसाहित्यमा एकनिष्ठ एम.एम. गुरुङ, प्रज्ञा** (वर्ष : १८-१९, अङ्क ४-१ पूर्णाङ्क : ७०-७१, २०४७), पृष्ठ ३० ।

३. मोतीलाल पराजुली, **नेपाली लोकगाथा,** (पोखरा : श्रीमती तारादेवी पराजुली, २०४९), पृष्ठ १९ ।

४. ऐजन्, पृष्ठ. ७ ।

लोकसाहित्य एक पुस्ताबाट अर्को पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै आएको कथा-व्यथा तथा दुःख-सुख एवम् चाडपर्व र जीवनका विविध क्षणमा गाइने जनकण्ठका गीतहरूको सँगालो हो ।[५] यसमा केही थपिने र केही बिलाउने प्रक्रिया चलिरहन्छ । त्यसैले लोकसाहित्य आदिमता र नवीनताको सम्मिश्रण हो भन्नु पर्ने हुन्छ । यस क्रममा के भन्न सकिन्छ भने वैदिक ऋचाहरू झैँ वैयक्तिक रुपमा र श्रुतिपरम्पराद्वारा हुर्किदै व्यक्ति-व्यक्तिलाई प्रभावित पार्ने लोकसाहित्य लिखित साहित्यको पूर्वत् रुप हो ।[६]

यो ज्यादै पुरानो विधाका रुपमा रहेको  तापनि यसको भूमी सदा उर्वर छ । मूलतः लोकस्तरबाटै सृजित हुने भएकोले नै यस विधालाई पुरानो विधाका रुपमा हेर्न सकिन्छ । लोक जीवनको विभिन्न खुड्किलाहरू पर गर्दै आउँदा प्राचीनताको आभाष मिल्छ । त्यसकै प्रस्तुतिको माध्यम लोकसाहित्य बन्न पुगेको हुन्छ । तसर्थ लोकसाहित्यको इतिहास प्राचीन छ भन्न सकिन्छ । यही प्राचीन इतिहास बोकेको लोक जीवनको वस्तुतथ्यलाई सरल तथा सहज किसिमको व्यक्त गर्न सक्ने वास्तविक साहित्य नै लोक साहित्य हो । लोकसाहितय विभिन्न विधा-उपविधाहरूले युक्त छ । लोकसाहित्यमा तलको तालिका अनुसारका विधा र उपविधाहरू रहेका हुन्छन् :




यसरी लोकसाहित्य विभिन्न विधा- उपविधाको समष्टि रुप हो । यो युगौंयुगदेखि श्रुति-स्मृति परम्परामा अजर र अमर बन्दै आएको छ । यो गद्यात्मक, पद्यात्मक वा चम्पूमूलक रुपमा देखा पर्दछ । यसमा समाजिक यथार्थता, प्राकृतिक मनोरमता, ऋतुकालीन विशेषता आदिको प्रतिबिम्ब अङ्कित भएको हुन्छ । तसर्थ यिनै कुराहरूको समग्र रुप नै लोक साहित्य हो ।

---

५. धीरेन्द्र प्रेमर्षि, **मैथिली साहित्यका विविध आयाम र विकास प्रयास**, सयपत्री (वर्ष : १, अङ्क १, पूर्णाङ्क १, २०५२), पृष्ठ १४ ।

६. मोतीलाल पराजुली, पूर्ववत्, पृष्ठ २० ।

## ३.२ उखानको शब्दार्थ

संस्कृतको ‘आख्यान’ शब्दमा ‘उप’ उपसर्ग गाँसिएर उपाख्यान शब्द बनेको र त्यसैबाट उखान शब्द विकसित भएको मानिन्छ ।[७] उखानलाई अङ्ग्रेजीमा प्रोभर्व, उर्दूमा जर्बुल मिस्ल, हिन्दीमा कहावत, संस्कृतमा लोकोक्ति, परिभाषित आदि भन्ने गरिन्छ भने राजस्थाननीमा ओखाणो। गरजरातीमा उखाणु वा कहेवत, थारुमा बटकही भनिन्छ । नेपालीका विभिन्न भाषिकाहरूमा यसका निम्ति आहान आन, साइतर, ज्ञान आदि शब्दरु प्रचलित छन् । नेपाली बृहत् शब्दकोशमा लोकको अनुभवलाई सँगालिएको र सङ्क्षेपमा प्यक्त भएको गहकिलो तथा तमत्कारपूर्ण वाक्य नै लोकाक्ति हो भन्ने जनाइएको छ ।[८] यसरी नै सोही शब्दकोशमा  लोजीवनमा प्रचलित अनुभवपूर्ण चुड्किला, उक्ति, आहान र कहावतलाई उखानका अर्थमा प्रस्तुत गरिएको छ ।[९] त्यसै गरी अक्सफोर्ड एडभान्सड लर्नर्स डिक्सनरीमा यसलाई सल्लाह वा चेतावनीका शब्दमा व्यक्त गरिने जनप्रिय एवम् सङक्षिप्त कथनका रुपमा पनि अर्थ्याइएको पाइन्छ ।[१०]

जे होस् उखान-टुक्काहरू भनेका जिशेषतः लोकजीवनमा हृदयकोशका रुपमा रहेका हुन्छन् र यिनीहरूको प्रयोग भाषाको अलङ्कार,एवम् ठाउँ गुण र मौका हेरी जुन बेला पनि हुन्छ ।[११] उखानलाई जुनसुकै भाषामा जेसुकै नामले पुकारिए तापनि यसलाई लोकजीवनको सारपूर्ण अभिव्यक्तिका रुपमा लिन सकिन्छ ।

## ३.३ उखानको परिभाषा

उखानको प्रयोग धेरै पहिलेदेखि हुँदै आए तापनि सैद्धान्तिक अध्ययन भने धेरै पछिमात्र भएको पाइन्छ । उखानका अध्ययनका क्रममा विभिन्न विद्धानहरूबाट विभिन्न परिभाषाहरू दिइएका छन् :-

डा.कृष्णदेव उपाध्यायले हजारौं वर्षदेखि बोलचालमा आइरहने उखान मनुष्यजीवनको मुख्य साथी हो भनेका छन् ।[१२] बालकृष्ण पोखरेलले यसलाई लोकसाहित्यको धरातल खडा गर्ने मेरुदण्डका रुपमा लिएका छन् ।[१३]

---

७. मोतीलाल पराजुली, पूर्ववत्, पृष्ठ २४ ।

८. बासुदेव त्रिपाठी र अन्य (सम्पा.) नेपाली बृहत् शब्दकोष (काठमाडौँ : ने.रा.प्र.प्र. २०४०), पृष्ठ ११८९-११९० ।

९. ऐजन्, पृष्ठ १३३ ।

१०. ए.एस. हर्नवाई, अक्सफोर्ड एडभान्सड लर्नर्स डिक्सनरी अफ करेन्ट इङ्लिस, तृ.सं. (दिल्ली : अक्सफोर्ड युनिभर्सिटी प्रेस, २०३१), पृष्ठ ६७२ ।

११. सत्यमोहन जोशी, नेपाली साहित्यकोश, (काठमाडौँ : ने.रा.प्र.प्र., २०५५), पृष्ठ ४३२ ।

१२. डा. कृष्णदेव उपाध्याय, लोकसाहित्यको भूमिका, प्र.सं. (साहित्यभवन प्रा.लि. २०१४) पृष्ठ १६४ ।

१३. बालकृष्ण पोखरेल, पूर्ववत्, पृष्ठ १२४ ।

कृष्णप्रसाद पराजुलीले कुनै पनि जातिका भाषिक समुदायका विभिन्न व्यक्तिले पुस्तौं पुस्तादेखि साझा अनुभवका रुपमा सँगालेको आख्यान अथवा दृष्टान्तमूलक अभिव्यक्तिको समान्यीकरण नै उखानका रुपमा चलेको हो भनेका छन् ।[१४] यसरी नै उनले उखानको सम्बन्धलाई आख्यानसँग गाँस्दै उपाख्यानमा आख्यानभित्रका स-साना कथा हुन्छन् । तर उखानमा सूत्रवद्ध रुपमा पोखिने खिरिलो उद्‌गार हुन्छ भन्दै उखानको परिभाषा दिने काम गरेका छन् ।[१५]

मोहनराज शर्माले संरचनाका आधारमा उखानलाई परिभाषित गरेका छन् । वाक्यका स्तरको संरचना हुने त्यस सूत्रात्मक कथनलाई उखान भनिन्छ, जसको अर्थ स्रोतसँग गाँसिएको हुन्छ ।[१६] जीविन्द्रदेव गिरीका दृष्टिमा उखानको आकार लोककथा, लोकगाथा, लोकनाट्‌य र धेरैजसो लोकगीतका भन्दा सानो हुन्छ तर अर्थको गहनता, व्यापकता र चमत्कार भने ज्यादै सशक्त र प्रभावकारी हुन्छ ।[१७]

उखानको परिभाषाका क्रममा हंसपुरे सुवेदीको दृष्टिकोण यस्तो छ उखानलाई लोकजीवनमा चलेका अनुभवपूर्ण चुड्किला वा लोकचित्रण, लोक अनुभव र यथार्थताको सत्य तथ्य कडी मानिन्छ जहाँ अनुभवपूर्ण तथ्य बूडापाखाका उपदेश रहेका हुन्छन् ।[१८] तेजप्रकाश श्रेष्ठकले लोकमानसको सङ्क्षिप्त, विदग्ध तथा लोकप्रिय उक्तिलाई उखान मानेका छन् ।[१९] उखानको परिभाष दिने सिलसिलामा शम्भुप्रसाद कोइरालाको के भनाइ रहेको छ भने- जीवनका महत्वपूर्ण उपलब्धि र त्यसबाट प्राप्त तथ्यपूर्ण अनुभवहरूलाई सारगर्भित रुपमा अभिव्यक्त गर्ने माध्यमलाई उखान भनिन्छ ।[२०]

कपिलदेव अज्ञातले उखानलाई लोकले खारिएको खाँदिलो अतिप्रभावकारी गद्यात्मक अभिव्यक्ति हो भनी बताएका छन् ।[२१] दीपकप्रकाश सिवाकोटी लोकजीवनका व्यापक अनुभवहरूबाट सिर्जना भएको उक्ति वा कथन नै उखान हो भन्ने निष्कर्षमा पुगेका छन् ।[२२]

---

१४. कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृष्ठ २१ ।

१५. कृष्णप्रसाद पराजुली, **राम्रो रचना, मीठो नेपाली**, (काठमाडौं : सहयोगी प्रकाशन, २०५०), पृ. १८१ ।

१६. मोहनराज शर्मा, **शब्दरचना र वर्णविन्यास वाक्य तत्व र विविध अभिव्यक्ति** (काठमाडौं : नवीन प्रकाशन, २०५३), पृ. ६९ ।

१७. जीवेन्द्रदेव गिरी, **नेपाली उखानमा प्रगतिवादी स्वर, प्रलेस** (वर्ष ४, पूर्णाङ्क ८, २०५४), पृ. ९१ ।

१८. हंसपुरे सुवेदी, **नेपाली लोक संस्कृतिमा सालीभिना, सङ्क्षिप्त चर्चा : सयपत्री,** (वर्ष ३, पुष-चैत्र, २०५४), पृ. २४ ।

१९. तेजप्रकाश श्रेष्ठ, **अछामी लोकसाहित्य,** (काठमाडौं : रत्न पुस्तक भण्डार, २०४४), पृ. ३२ ।

२०. मोतीलाल पराजुली, पूर्ववत्, पृष्ठ १२९- ३० ।

२१. कपिल अज्ञात, **नेपाली उखानमा अलङ्कारको प्रयोग, मधुपर्क** (वर्ष : ३२, अङ्क ३६०, २०५६), पृ. ५ ।

२२. दीपक प्रकाश सिवाकोटी, **दोलखाली उखानको अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०५६), पृ. २३ ।

यसरी उखानलाई परिभाषित गर्ने क्रममा विभिन्न लेखकहरूले आ-आफ्ना परिभाषाहरू प्रस्तुत गरेका छन् र ती परिभाषाहरूमा तात्विक भिन्नता भने भेटिदैँन । निश्चय पनि उखानहरूले जीवन र जगत्का भावनाहरूलाई सूत्रबद्ध रुपमा अभिव्यक्ति गर्छन । तसर्थ उखानहरूलाई लोकजीवनको खाँदिलो उद्गारका रुपमा सलन सकिन्छ ।

उखानले लोकमानसलाई आत्मसात गरेको हुन्छ र प्रायः व्यञ्जनात्मक भाव पनि बोकेको हुन्छ । उखानलाई अनुभवसिद्ध ज्ञानका रुपमा पनि लिन सकिन्छ । मानिसले युग-युगबाट जुन कुराको अनुभव गर्दछ त्यसको प्रकाशन उखानबाट भएको छ । यसका साथै उखानले कथनलाई मीठो र सामान्य भनाई विशिष्ट बनाउन मद्दत पुऱ्याउने साधनका रुपमा पनि काम गरेको हुन्छ ।

## ३.४ उखानका प्रकार

उखान संरचनागत भिन्नता, विषयगत विविधता आदिका आधारमा बिभिन्न प्रकारका हुन्छन् । जीवनजगतका महत्वपूर्ण उपलब्धि, अनुपलब्धि र त्यसबाट मानिसले प्राप्त गरेको अनुभवको प्रस्तुति उखानमा हुने गर्दछ । तसर्थ उखानभित्र कतै सामाजिक व्यवहार र कतै आर्थिक अवस्था आदिको बयान हुन्छ भने कतै प्रकृतिको विभिन्न पक्षको चित्र खिचिएको हुन्छ । त्यसैले मूलत : यिनै विषयमा केन्द्रित रहेर निर्धारण गरिएको पाइन्छ ।

उखानका प्रकारहरू तोक्ने क्रममा डा. कृष्णदेव उपाध्यायले (१) स्थान सम्बन्धी (२) जातिसम्बन्धी (३) प्रकृति तथा कृषिसम्बन्धी (४) पशुपंन्छी सम्बन्धी र (५) प्रकीर्ण गरी पाँच प्रकारका उखान हुन्छन् भनि बताएका छन् ।[२३]

डा. सरोजनीले (१) प्रकृतिसम्बन्धी (२) कृषि सम्बन्धी (३) नीतिसम्बन्धी (४) भाग्यसम्बन्धी (५) जातिसम्बन्धी (६) स्वास्थ्यसम्बन्धी (७) घरव्यवहार सम्बन्धी र (८) खानपान सम्बन्धी र (९) विविध भन्दै उखानको वर्गीकरण गरेका छन् ।[२४]

उखानका किसिम बताउने क्रममा धर्मराज थापा र हंसपुरे सुवेदीद्धयले (१) नीति र चेतनाका रुपमका लोकोक्ति (२) सूक्तिका रुपमा लोकोक्ति र (३) लक्ष्यार्थक तथा न्यायका रुपमा लोकोक्ति गरी तीन किसिमका उखानहरू हुने कुरा बताएका छन् ।[२५] कृष्णप्रसाद पराजुलीले (१)सामाजिक तथा नीति चेतनासम्बन्धी (२)ज्ञान-विज्ञानसम्बन्धी (३) कृषि-व्यवसाय

---

२३. डा. कृष्णदेव उपाध्याय, पूर्ववत्, पृ. १५५ ।

२४. डा. सरोजनी रोहतगी, अवधी लोकसाहित्य, (दिल्ली : नेशनल पब्लिसिङ्ग हाउस, २०२८), पृ. ११५-११६ ।
२५. धर्मराज थापा र हंसपुरे सुवेदी, पूर्ववत्, पृ. ४२४ ।

सम्बन्धी (४) लोकविश्वास सम्बन्धी र (५) विविध विषयसम्बन्धी उखानका रुपमा नेपाली उखानलाई पाँच भागमा बाँड्न परेका छन् ।[२६]

जीवेन्द्रदेव गिरीबाट एकातिर प्रगतिवादी स्वर भएका उखानहरू र अर्कातिर सामन्ति संस्कार एवम् आध्यात्मिक भावले युक्त उखानहरूलाई राखी उखानको अध्ययन र वर्गीकरण गर्ने काम भएको छ ।[२७] यसरी हेर्दा उखानमा पाइने विषय-वस्तुका आधारमा र अन्य प्रकारका उखानहरू प्रचलनमा रहेका देखिन्छन् ।

## ३.५ उखानका विशेषता

उखान विभिन्न विशेषताबाट युक्त हुन्छन् । तिनले लोकजीवनका विभिन पक्षलाई स्पर्श गर्नेदेखि ज्ञान-विज्ञान, नीतिशिक्षा, चेतना अभिबृद्धि आदिलाई पनि अँगालेका हुन्छन् । यसरी लोकजीवनका विभिन्न क्षेत्रसँग सम्बद्ध उखानका विभिन्न विशेषताहरू हुन्छन् भन्ने कुरा विभिन्न अध्येताहरूले प्रस्तुत गरेका छन् ।

कृष्णप्रसाद पराजुलीले उखानका विशेषताका रुपमा (१) सारगर्भिताहरू (२) सङ्क्षिप्तता (३) सरलता (४) रुप विविधता (५) सजीवता र (६) लोकप्रियता भनी छ किसिमका विशेषताको चर्चा गरेका छन् ।[२८] यसरी नै डा.शम्भुप्रसाद कोइराला अनुसार उखान मूलतः पाँचवटा विशेषताबाट ओतप्रोत हुन्छन् (१) सङ्क्षिप्तता एवम् सारगर्भितता (२) निरीक्षण एबम् अनुभूतिको व्यञ्जना (३) सरलता एवम् लयात्मकता (४) प्रशावशालीता एवम् लोकरञ्जकता र (५) तुक वा अन्त्यानुप्रासको प्रयोग हुन्छ भनेका छन् ।[२९]

यसरी विभिन्न अध्येताहरूका दृष्टि देखा परेका उखानका विशेषतातिर पनि आँखा लगाउँदा समग्रमा निम्न प्रकारका विशेषताले भरिएका उखानहरू लोकजीवनमा प्रचलित देखिएका छन् ।

### ३.५.१ सारगर्भितता

एउटा सानो कथन वा सिङ्गो अनुच्छेदलाई उखानले अर्थ्याउन सक्ने भएकाले र यसबाट मुख्य कुरालाई छोडेर अर्थ स्पष्ट पार्ने जस्तो महत्वपूर्ण काम हुने भएकाले उखानमा सारर्भितता हुन्छ भन्न खोजिएको हो । त्यतिमात्र नभई यसको वैशिष्ट्यले अरुको मन जित्न

---

२६. कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ. ४३ ।

२७. जीवेन्द्रदेव गिरी, पूर्ववत्, पृ. ९१ ।

२८. कृष्ण पराजुली, पूर्ववत्, पृ. ३३ ।

२९. डा. शम्भुप्रसाद कोइराला, पूर्ववत्, पृ. १३२ ।

सक्ने सामर्थ्य हुन्छ । यहाँ उदाहरणका लागि **जो होचो यसका मुखमा घोचो** भन्ने उखानलाई लिन सकिन्छ । यसबाट उखान सङ्क्षिप्त भईकन पनि अत्यन्तै सारर्भित एवम प्रभावशाली हुन सक्ने कुरा स्पष्ट हुन्छ ।

### ३.५.२ सङ्क्षिप्तता

सङ्क्षिप्तता उखानको एक अर्को विशेषता हो । एउटा सानो लोटामा समुन्द्र अटाउन सक्ने क्षमता उखानमा हुन्छ । तसर्थ उखान लघु आकारका लघु सृजनात्मक अभिव्यक्ति हुन् । **धनको मुख कालो** भन्ने उखान सङ्क्षिप्त छ तर यसको अर्थ गहिरो छ ।

### ३.५.३ सरलता

उखानमा सरलता हुने हुनाले यी सजिलैसँग लोकजीवनमा हेलमेल हुन सक्दछन् । सरलताका कारणले अर्थवोधमा सहजता आउँछ । यहाँ **नाउँ न जस खरानी घस** भन्ने उखानलाई सरलताका कोटिमा राख्न सकिन्छ भने यस्तै किसिमका अन्य कतिपय उखान पनि प्रचलनमा आएका हुन्छन् ।

### ३.५.४ लयात्मकता

उखान लयात्मक पनि हुन्छन् । तसर्थ उखानका विशेषताभित्र लयात्मकतालाई राख्न आवश्यक हुन्छ । तुकबन्दीका कारणले उखान लयात्मक हुन पुग्छन्, जस्तैः- **अघि आउने भरियाको रोजी बिसौनी, पछि आउने भरियाको छोडी बिसौनी, याँली ब्याँली दिन गुमाई, जुनेली रातमा बिस्कुन सुकाई** आदि ।

### ३.५.५ सजीवता

उखानमा दिन- प्रतिदिनका भोगाइहरू प्रतिबिम्बित हुने भएकाले यसले भाषा र भावलाई जीवन्त राख्नमा मद्धत पुऱ्याएको हुन्छ । त्यसकारण उखानमा सजीवता छ भन्न सकिन्छ । यसका लागि **काग कराउँदै पिना सुक्दै छ, जुन आँखा घोचे पनि आफैलाई दुख्छ** भन्ने उखानहरूलाई उदाहरण लगि लिन सकिन्छ ।

### ३.५.६ रुप विविधता

उखानमा रुप विविधता पनि भेटिन्छ । केही उखान सामान्य हुन्छन् भने केही लयात्मक हुन्छन् । तुक मिलेका र नमिलेका उखान पनि चलन चल्तीमा रहेका पाइन्छन् । यसरी हेर्दा उखान गद्यात्मक, पद्यत्मक र प्रश्नोत्तरात्मक किसिमका भेटिन्छन् । यस किसिमको विशेषतालाई चिनाउनलाई **आड नपाई कुकुर भुक्तैन, फूल्को वासना वरिपरि मानिसको**

**वासना डाँडापरि, नङले चिमोटे पुग्नेलाई बन्चरो किन लाउनु ?, किन रोइस् मङ्गले ? आफ्नै ढङ्गले** जस्ता उखानहरूलाई लिन सकिन्छ ।

### ३.५.७ स्थानीयता

उखानले स्थानीय परिवेश, स्थान, वस्तु आदिलाई झल्काउने स्थानीयतालाई पनि उखानको विशेषता मानिन्छ । **न्याय नपाए गोरखा जानू विद्या नपाए काशी जानू  झक्तपुरको दही, भादगाउँले टोपी** आदि उखानले एकातिर त्यस ठाउँको विशेषता झल्काएको छ भने अर्कोतिर वस्तुको प्राप्तिका बारेमा पनि चर्चा गरेको छ ।

### ३.५.८ ज्ञानवर्धकता

उखानलाई मानवीय ज्ञानको स्रोत मानिन्छ । जीवन भोगाइको हरेक कुरा उखानमा व्यक्त हुने गर्दछ । पछि गएर त्यही मानवका लागि ज्ञानको सिद्ध हुन्छ । अर्ती-उपदेशजस्ता जीवनोपयोगी कुराहरू उखानबाट नै प्राप्त हुने गर्छन । त्यसैले नै उखानमा मानवीय ज्ञानको स्रोत भेटाउन सकिन्छ । यस क्रममा **कि पढेर जानिन्छ, कि परेर जानिन्छ,। काम पनि नगर्ने, आरिस गरेर गर्ने । दूध उम्ले अगेनामा, छोरी उम्ले खाल्टामा ।** भन्ने उखानहरूलाई नमुना स्वरुप अगाडि सार्नु सान्दर्भिक देखिन्छ । यस कारका उखानहरू निकै ज्ञानवर्धक मानिन्छन् ।

### ३.५.९ प्रासङ्गिकता

उखानका विशेषता मध्येको एक अर्को विशेषता प्रासाङ्गिकता पनि हो । उखानको प्रयोग प्रसङ्ग र अवस्था हेरी हुने गर्दछ । अर्थात् जुन उखान जहाँ उपयुक्त हुन्छ त्यहीँ नै प्रयोग गर्नु पर्दछ अन्यथा त्यसको प्रयोगको औचित्य रहन्न । यहाँ **धर्मको धन साँचो, पापको धन काँचो । रछ्यान चलाई मुखमा छिटा** भन्ने दुईवटा उखानलाई उदाहरणका लागि लिन सकिन्छ । अरुलाई ठगेर खाने र पछि त्यही ओकल्नु पर्नेका लागि भन्न सकिन्छ । यदि उनको कमाइमा पसिना चुहिएको हुँदो हो त त्यसरी ओकल्नु पर्ने थिएन । त्यसैले भन्ने गरिन्छ धर्मको **धन साँचो पापको धन काँचो** ।

कतिपय मानिसहरू केटाकेटीसँग जिस्कन औधी रमाउँने खालका हुन्छन् भने कुनै चाहि कहिले नराम्रो पनि हुन्छन् । जब त्यसको प्रतिफल नराम्रो हुन्छ तब अरुले भन्ने मौका पाउँछन् **रछ्यान चलाई मुख छिटा** भनेर । यसरी लोकजीवनमा प्रचलित उखानहरू सन्दर्भअनुसार प्रयोग हुने गर्दछन् । त्यसैले प्रासङगिकतालाई उखानको विशेषता मानिएको हो किनकि उखानहरू प्रासाङ्गिक भए पनि समयसापेक्ष हुँदैनन् । रुढिवादी मानसिकतामा आधारित हुन्छन् ।

## ३.६ निष्कर्ष

लोकजीवनका विभिन्न पक्षसँग सम्बन्धित लोकसाहित्य विधाका रुपमा उखानलाई लिने गरिन्छ । त्यसैले लोकजीवनका कथा, व्यथा आस्था, विश्वास, व्यवहार आदिको चित्रण भेटिन्छ । अझ स्पष्ट रुपमा भन्नु पर्दा उखानले लोकजीवनमा प्रविष्टि पाएको हुन्छ । तसर्थ उखान अतितको अनुभवको सँगालो, वर्तमानको सहयात्री र भविष्यको मार्ग निर्देशक हो ।

उखानहरू एउटै आकार, प्रकार र भावका हुँदैनन् । यी विभिन्न भागमा वर्गीकरण र विविध विशेषताले युक्त हुन्छन् । यिनमा मानवजीवनका सामाजिक, सांस्कृतिक, आर्थिक, नैतिक आदि पक्षका साथै प्रकृतिजन्य कुराहरूको पनि चित्र कोरिएको हुन्छ ।

# परिच्छेद : चार

# रुकुम जिल्लामा प्रचलित नेपाली उखानको सङ्कलन

रुकुम जिल्लामा प्रचलित नेपाली उखानको अध्ययनका क्रममा  एउटा निश्चित समयभित्र सङ्कलन गरिएका उखानहरू यस परिच्छेदमा समावेश गरिएका छन् । यसरी सङ्कलन गरिएका उखानहरू यहाँकै स्थानीय परिवेशमा आधारित छन् । यसमा आएका कुनै-कुनै उखान राष्ट्रिय स्तरमा प्रचलित उखानहरू नै भए तापनि तिनमा भाषिक भिन्नता रहेको छ । त्यसरी नै केही उखानहरू छिमेकी जिल्लामा प्रचलित भएको र यस जिल्लामा व्यापक रुपमा फैलिएका हुनाले यस संग्रहमा अटाएका छन् ।

समय र साधनका सीमाभित्र रहेर गरिएको यो एउटा सामान्य अध्ययन भएकाले यस जिल्लामा प्रचलित सम्पूर्ण उखानहरू यसमा सम्मिलित छन् भन्न सकिदैंन तापनि उपलब्ध भएसम्म सङ्कलन गर्ने प्रयत्न भने यहाँ गरिएको छ । यस अध्ययनका क्रममा फेला परेका जम्मा सात सय भन्दा बढी  उखानलाई यहाँ अकार दिई वर्णानुक्रममा राखी तिनलाई व्यबस्थित गर्ने काम पनि गरिएको छ :-

**अ**

- अँध्यारामा छामछुम गर्दा रित्तो हात ।
- अगाडिको लाटो, मरोस् पछाडिको बाठो होओस् ।
- अगाडिकाले हिलै  नखा, पछाडिकाले धूलै नपा ।
- अघाएको बाहुनलाई खीरमा भैँसीको गन्ध ।
- अघिपछि बज्यै  न सज्यै आरु पाकेका बेलाकी बज्यै ।
- अघिपछि धौले न सौले गलामा पानी अड्कँदा आ मेरा धौले ।
- अगाडिको अघाउँछ पछाडिको पछाउँछ ।
- अनिकालमा बीउ जोगाउनू, भीडभाडमा जीउ जोगाउनू ।
- अन्नको माँड घाँटीमा पस्दैन ।
- अपूताको धन प्यारो, कोरीको जीउ प्यारो ।

- अब के सिस्ने माई आकाश छोलिन् ?
- अभागी चाँदो  असजिलोतिर जान्छ ।
- अभागी मृग ब्वाँसोको मुखमा ।
- अभागी हग्न बस्यो तीन बित्ताको सिन्को घुस्यो ।
- अभागी चाँदो कट्कटी खाँदो ।
- अति गरे खति हुन्छ ।
- अचार खाइयो विचार पाइयो ।
- अरुलाई अरु काम घरज्वाइँलाई खानाको काम ।
- अरु अरुलाई भेट्छन् टाउको फुटेकाहरू मलाई भेट्छन् ।
- अरु अरुमाथिका बूढा, पल्लाघरका ससुराज्यू ममाथिका बूढा ।
- अरुको काठ बाँजको बोक्रो ।
- अरु आरु खाएर बौलिन्छन्, साहुबाडी भोकै बौलिन्छन् ।
- अरु भनेका अरु हुन्, खाजा भनेका बौरा हुन् ।
- अरुले घोडा चड्या आफूले मुढा चढ्नु हुँदैन ।
- अरुले बित्ता निहुरिए आफूले हात निहुरिनू ।
- अरुले हेर्दै गर्दा त कुकुरले पनि नखाओस् ।
- अर्काको बुइगलमा रहनु , राँड भनेमा सहनू ।
- अर्काका भर, कम्मर पसार ।
- अरुको भागमा ढुङ्गा हाल्नु ,आफ्ना भागमा घिउ ।
- अरूकी बाँझी, आफ्नी गर्भिणी ।
- अरुलाई भन्नु, ओरालामा खन्नु ।
- अरुले दिएको मही, कति    ?

- अलच्छिनी घरिनाका सिउँदोमा लिखा ।
- अग्लो निकाल्नु टाउकाबाट,धन निकाल्नु जराबाट ।
- अल्छीका कुरा राम्रा, वेश्याका आँखा राम्रा ।
- अल्छीका बल्छी, सूराका जाल ।
- अल्छीले जान्ने जैसीले जान्दैन ।
- असारको भेल छोपे  झैं गर्नु  ।
- अष्टको काग बिताए झैं हुनु ।
- असीको आम्दानी छैन, चौरासीको खर्च ।
- अन्धाका गाउँ, औंसी न पूर्णी ।
- अन्धाले देख्यो न बैराले सुन्यो ।
- अगतिलाको धन डाँडामा धन्सार ।
- अरुले सिकाएको बुद्धि बोरामा बोकेको सामान ।
- आफूसँग केही छैन गाँस माग्न जान्छ ।
- आफूसँग धेरै भएर दिएको मही के, अंश काटिएको भाइ के ?
- आईमाईले जान्न्े, टाउकोमा ल्याउने ।
- आईमाईको जोवन कर्कलाका पातको पानी ।
- आइमाई नभए घर हुँदैन ।
- आधालाई कम्पनी माला आधालाई पोते नाइँ ।
- आकाशको फल आँखातरी मर ।
- आमा बाबुको मन छोराछोरी माथि छोराछोरीको मन ढुङ्गा मुढा माथि ।
- आफै त को गती, साइला बालाई काम्ला धोती ।
- आफै पाइ ताली मै पाइ घुस्सा ।

- आल्ना रिस काल्ना हान्ने ।
- आँखा आँसु सधैँ आउँछन्, घुँडा आँसु काममा ।
- आँखाको अन्धो, रेलगाडी गन्दो ।
- आन्द्रो पाउँदैन मुटु कलेजो धाउँछ ।
- आफ्नो माल, आफै सम्हाल ।
- आगोमा पानी हाले झैँ हुनु ।
- आगामा थुक्ने, पानीमा मुत्ने ।
- आगा नजिकको घिउ पग्लन्छ ।
- आगो ताप्नु मुढाको, कुरा सुन्नु बूढाको ।
- आजकी नौली, भोलिकी नौली, पर्सिदेखि हामीजस्तै हौली ।
- आज लाटी घट्टा मैं, भोली लाटी घट्टा मै ।
- आजै ससूराज्यू आए, आजै यो राँडलाई रुवाए ।
- आफै मृग हग्छ, आफै मृग तर्सिन्छ ।
- आफै चुडेर दूबो लगाउँछ, आफै प्रशंसा गर्छ ।
- आफैले थुक्नु, आफैले चाट्नु ।
- आफू कोरिन्छ, अरुलाई दोष दिन्छ ।
- आफू त कहाँ ? समाई चुल्ठो ।
- आफू त मर्छस्, स्वास्नीलाई के गर्छस् ?
- आफू नेप्टे टाउको खप्टे ।
- आफू बूढो घर छोड्दैन, बात मार्छ दिल्लीका ।
- आफू बाँझै, काख बाँझै ।
- आफू बुढो घर आउदैन, पाहुना साथमा ल्याउँछन् ।

- आफू भाँडका पछि लाग्छन्, तब जोई छोरा पाल्छन् ।
- आफू बच्चा जस्ता, पेट दमाहा जस्ता ।
- आफू मूर्दा जस्तौ कुरा गर्छ ठूला ।
- आफू रानी खीर खादिनन्, पिठो चोरेर खान्छिन् ।
- आफू राम्रो, दिन खुवाउनमा चाम्रो ।
- आफू मालिक घाँगरु खान्छन् ,तब पाल्छन् जोगी ।
- आफ्ना आगो बालेर ताप्नु ।
- आफ्ना छोराछोरी पाल्ने, मेरो पिठ्यूँ बाल्ने ।
- आफ्ना जस्तो अर्को नाइँ, काम्ला जस्तो बर्को नाइँ ।
- आफ्ना तालका गाँड.यौटा छैन माछा ।
- आफ्ना दाह्री, अर्का हातमा पारी ।
- आफ्नो दैलाको कुकुर बल्यिौ ।
- आफ्ना धान परालमा मिसिए, तब तेरा धान ।
- आफ्नो शरीरमा भैंसी उक्लेको नदेख्ने अरुका जिउ भैंसी ।
- आफ्ना मेला कुकुर बाउसो ।
- आफ्नो लागि गधाका खुट्टामा पर्नु ।
- आफ्नो लाटो रुवाओस्, अरुको लाटो हसाउओस् ।
- आफ्नो हात, जगन्नाथ ।
- आफ्नै बाली, आफ्नै गोरु ।
- आमा हकान बाउका डाका। (फकाएको पनि नमान्ने, बुबाले हकारेको पनि नमान्ने )।
- आमाका लाहुरे, बुबाका लाहुरे अरुका दाउरे ।
- आमा भनी नाघिएको पानी नखानु ?

- आमा भन्दा छोरी जान्ने ।
- ओठ चाटेर तिर्खा मर्दैन ।
- ओखलमा काम गर्ने आईमाई , भ्यागुत्तो उसिन्ली ।
- ओठ निचोर्दा दूध आउने ।
- ओराला लागेको पानी ,माइत लागेकी केटी ।
- औकाद नहुने, गफ  गर्छ धेरै ।
- अंश खाने भए छोरा भई जन्मिनु ।

**इ**

- इन्द्रको वर्षानु, आमाको पस्किनु ।
- इखौ छोरो गरी खाँ रिसौ छोरो मरि जाँ ।

**ऋ**

- ऋण भिरिरहने मानिस धनी हुँदैन, दुःखी सुखी हुँदैन ।

**उ**

- उही त हो कुखुरीको चल्लो, उही त हो भाले ।
- उही त कम उही सबैले खाने ।
- उहिलेका पुदिना बेच्ने, अबका जमादार ।
- उज्यालो दिन बसी बिताई, जुनेली रात बिस्कुन सुकाई ।
- उठिन त भाउजू गीत गाइन् सुतिन् त भाउजू निदाइन ।
- उठ्दो जोगी फट्टक चाला, जहाँनेर पायो उहींनेर खाला ।
- उँधो नदीतिर बगाई, उँभो नदीतिर खोज्नु ।
- उँधो हुने उँधो हुन्छ, उभो हुने उभो हुन्छ ।
- उँधो हेर्दा नदी, उँभो हेर्दा भीर ।

- उँधो जा भन्दा उभो मुख फर्काउँछे ।
- उखेलेको बिउ,बनाएको आली ।
- ऊ मरेको हुनाले तँ सँग आँए, तँ के पारि हेर्छस् ।

## ए

- एक कालो ठोसो  ठोसा भन्दा कालो काग ।
- एकले थुकी सुकी, सयले थुकी नदी ।
- एक कुरो पायो, लगातार गायो ।
- एक गाउँको फ्याउरो अर्को गाउँ पिर्छ ।
- एक बिगार्ने, सय बनाउने ।
- एक चोटी सबैले खानु, रुकुमकोटे तमाखु ।
- एक छोको छोरावाला हुँदैन, एक भैँसीको गोठालो हुँदैन ।
- एक पैँसाको लेनदेन, कुरा गर्छ तीन दिन ।
- एक बारको जिन्दगी, गरिहाल मनपरी ।
- एक बिराउँछ, सबै पिराउँछ ।
- एक भन्दा दुई भलो ।
- एक रातको अनिँदो सात रात हान्दो ।
- एक हातको आफू, नौ हातका कुरा ।
- एक हातले लिनु, अर्को हातले दिनु ।
- एक दिनको काम, बाह्र दिनको माम ।
- एक्लो कोरी, सूपोले छोप्नु ।
- एक्लै केको खेतला लागे झैं गर्नु ।
- एक सालेले सात साले मार्‍यो ।

- ऐँसेलुका टोप्रा, खाए  आफ्नै बोका  ।
- ऐन पनि सानालाई ,दिन पनि सानालाई ।

**क**

- कमजोर बलियो भए राम्रो हुँदैन ।
- कङ्गालका घरमा, मुसो पनि पाहुना जाँदैन ।
- कच्ची मान्छे पक्की चोट ।
- कडो नभएको गाग्री साख नभएको मुर्दा ।
- कपाल काटेर मुडुलो, ढाड काटेर ढुङ्ग्रो ।
- कपाल काट्नेले टुप्पी राख्न जान्ला नि !
- कमारी भएर कमाउनु, रानी भएर उडाउनु ।
- कमारी र पित्तलको थाल बिटुलो हुँदैन ।
- ओरालाका सूर्य माइत लागेकी केटी ।
- केराउको बीउ लागि दिएँ  खान  ।
- केटी मरी, गाली मरी ।
- कहाँ जाउँ भन्छ बाहुरको बतास ? यहाँ भन्छ भगौती ढुङ्गको ओढार ।
- कहाँ जालास् बाघ, मेरा फेला पर्लास् ।
- कसैलाई काखा कसैलाई पाखा ।
- कस्ता कस्ता का गए मुसा चल्ला दरवार ।
- करायो करायो दक्षिणा हरायो ।
- कुचाले बढार्ने कसर बतासले उडायो ।
- कहिले दशा कपाल कहिले दशा नेपाल ।
- कमिलाका हातखुट्टा तान्दा, नेपाल जान लाग्यो ।

- कमिलालाई मूतै गङ्गा ।
- कसको झमेला मेरो टोउकोमा ।
- कसको बोके, कसको चाँदामा ठोके ?
- कसको मैंले ऋण खाएँ हुँ कुन जुनी हारे हुँ ?
- कसको रण्डो कसका चामलका रोटी ।
- कहिले पो कस्तो थियो र भेरीको पुल ।
- कहिले साल फुल्छन्, कहिले सरोवर जान्छन् ?
- कहिल्यै पाखा घाम, कहिले खोंचमा घाम ।
- कहिल्यै बाहुनले च्याउ खायो र ?
- कतै नगएर बसेकी अन्तिममा कुकुरका साथमा लागी ।
- काम साँचेर आफूलाई, खाना साँचेर अरुलाई ।
- काम गर्नका दुःखले जोगी भएँ, त्यही बर्ष भोको रहें ।
- काम विगार्ने अरु, पिटाइ खाने नरु ।
- काम छाडेर गफ गर्नु ।
- काम साँची आफूलाई खाना साँची अरुलाई ।
- काट्नू गर्धन, झिक्नू आँखा ।
- कार्त्तिकका कुकुर जम्मा भए झैं हुनु ।
- कान कोट्याउँदा आसार पाछाउँछ ।
- काम नलाग्ने, कुरो पल्लो घरमा ।
- कान चिर्ने सुनको के माया ?
- काफल टिपेर पल्ला घर, मुख देखाउन वल्ला घर ।
- काम गर्नु, युग बिताउनु ।

- काम नपाएकी बुहारी पाडाको पुच्छर कन्या ।
- काम छैन काज छैन, खाने बेला लाज छैन ।
- काँधमा जुवा,हलो छ कहाँ ?
- कागका चल्ला कागैतिर, कोइलीका चल्ला कोइलीतिर ।
- कि जँघार पस्नु हुदैन, जँघार पसेपछि तिङघ्रा कमाउनु हुँदैन ।
- कि बूढी मरी जा, कि बूढी तरी जा ।
- कि मरुला, कि मारुला ।
- कि मर्द बोल्दैन, बोलेपछि छोड्दैन ।
- कि आफैं जान्नु कि अर्काले भन्या मान्नु ।
- कुखुरे पिर्ती, पातलो कपडाको भित्री ।
- कुकुरका छोरा नाइँ, गरिबका जमिन नाइँ ।
- कुकुरका काम्लो हुँदैन, ढुलमुलेको मामला हुँदैन ।
- कुकुरका लागि कपास के ?
- कुकुरलाई कुटेर पाहुना तर्साउनु ।
- कुचो बाटार्नू, लक्षण विचार गर्नू ।
- कुरा आए कुरा आउँछन् भेल आए मुडा आउँछन् ।
- कुराले कुरा काट्छ, छुरीले रौं काट्छ ।
- कुरो काट्ने मान्छे, दाम्लो काट्ने गोरु ।
- कुरो काटेकै राम्रो, चुल्ठो बाटेकै राम्रो ।
- कुरो चुहिन्छ उँभो, पानी चुहिन्छ उँधो ।
- कुरो सून्नू बूढाको, आगो ताप्नू मुडाको ।
- कुरो सुन्नू अरूको, बुद्धि गर्नु आफ्नो ।

- कुर्लने घरै थिए, उर्लने आए ।
- कुल सोधी छोरी ल्याउनू, मूल सोह्रेर पानी खानू ।
- कुदिनका पिला, सुदिनका खील ।
- केही दुःख बुबाले दिए, केही दुःख जन्मका ।

## ख

- खल्तीमा नुनको ढिको छैन, बजारमा डुल्दो ।
- खेत जति बाँझ छन् सिस्नो उम्रिने जग्गाको आशा ।
- खोलामाथिको फूल, फोक्सो उत्रिए झैँ ।
- खान्न खान्न लोकाचार खानेबेला डोकाचार ।
- खान त खा भालु छेर्नेबेला थापाउलास् ।
- खाई बित्या मगर लाई वित्या ठकुरी ।
- खाँन त खा बाघ, हग्दा देखुला ।
- खाएर जा भन्दाको भोको, लगाएर जा भन्दाको नाङ्गो ।
- खाइहाल्यौं भमराले बारी भरिको गहूँ ,भौकै पेट काँ जाउँ ?।
- खाईलाई ससुराली जानू, नाङ्गो भोको मामाघर ।
- खाउँ त पाथीका डल्ला, उठाउँ त हातखुट्टा गल्दा ।
- खाउँ त कर्कलो, पेट बिग्रिने डर, नखाउँ त कर्कलो सासू रिसाउने डर ।
- खाउँ भने नुन ढिकी छैन, फुस्राका रहर ।
- खाउँ भने पनि मन, नखाउँ पनि मन ।
- खाऊ बाबा खुर्सानीपानी, सुत बाबा धूलोमा ।
- खानु पिउनु, नाम मात्र फिनी ।
- खानु खीरै हो, हिर्काउनु शिरै हो ।

- खान चाहिन्छ अल्छीलाई घट्ट पिस्न को जान्छ ?
- खानु न पाउनु, कुर्ताको टोपी लगाउनु ।
- खानु न खुट्नु ,पैतालामा ठेला ।
- खान्छस् भने  आटो छ, जान्छस् भने त्यहाँ बाटो छ ।
- खाने छोरी खान्छे, आराम चाहने छौ बस्छे ।
- खाने दिन पेटै भरि  न खाने दिन सारंगी ।
- खाने पिउने रामे, पिटाइ पाउने चामे ।
- खाने बेला चुहिने डाडु ।
- खा भनेर भात हाली दिएँ, भोकै बस्छे मोरी  ।
- खाएकै हो महीको पानी देखेकै हो नौनीको पानी ।
- खाएको खानू पिँधमा नबसाल्नू ।
- खाए मकै, नखाए मकै ।
- खीर खाएर पुग्यो कि,खीर देखेर पुग्यो ।
- खुट्टा चाल नाइँ, गला आवाज नाइँ ।
- खुसीको कुरो, बजारको व्यापार ।
- खुर्सानी पोल्दैन  जरा पोल्छ, हक हुने बोल्दैन हक नहुने बोल्छ ।
- खेत नहुने खेतकोटा ।
- धेवन्त खेती, घोकन्त विद्या ।
- खेले खेल् नखेले नखेल्, म पुजारी गाउँको ।
- खोपोमा खुट्टो, अचानामा मुन्टो ।
- खोलापारि म नजाने, खोलावारि ऊ  नआउने ।
- खोला तऱ्यो, लौरो बिर्स्यो ।

- खोलो र होचो बढेको राम्रो हुँदैन ।

## ग

- गरी खाने गरी खान्छन्, उडालु बिताउँछन् ।
- गडालाई एक-एक गरी गन्ती गर्छ ।
- गहतको झोलमा जात फाल्नु ।
- गयो कोटा, खायो रोटा, फर्कदा गिँजा थोता ।
- गरिबका जहाँ हाने पनि दुख्छ ।
- गहुँत छैन गोबरै छैन, गाई बाँधे जस्तो ।
- गाउँ जानेले गु कचि ल्याउँछ ।
- गाउँने बेला नगाउँने ढेडो खानेबेला गाउने ।
- गाँड देखेर गाँडे रमाउँछ ।
- गाई नभएर गोरस हुँदैन, भाइ नभएर भरोसा हुँदैन ।
- गाई भएको गोठ, राजा भएको कोट ।
- गिद्धको नाकमा पानीको थोपा ।
- गुन नभएको मान्छे, नुन नभएको साग ।
- गुन्यू पाउनु कता-कता तब सारी-चोला ।
- गेडीगेडी अन्न, रतीरती धन ।
- गोठ गाई छैन, घरमा मईं छैन ।
- गोठ गाई बियाई,घरमा मईं बियाई ।
- गोठालाको खाने राजा पनि नखाओस्, गोठालाको सुत्ने ठाउँमा कुकुर पनि नसुतोस् ।
- गोरु न बाच्छो, सुताइ पनि छैन ।

- गोठमा आगो लाग्दा खरानीको थुप्रो ।
- गर्भको र आकाशको बात को जान्दछ ।
- ग्वालाले देखेका, काफल राम्ररी नपाकेका ।

**घ**

- घरकी त राडी थिएँ थिएँ, नगरकी पनि राँडी ।
- घरको भलाद्मी थिएँ परदेशको हेला ।
- घर खन्ने कोदालो घेरै खन्छ ।
- घरभरि कबिला थियो, मन बुझाउने कोही छैन ।
- घर राम्रो भए पनि दैलो त एकै हो ।
- घर अगाडिको रुख काटेपछि केका मामा ?
- घर बनाएका वर्ष कामै काम,विवाह गरेका वर्ष खानै खाना ।
- घर हेर्दा बंगला जस्तै, भित्र खरानी छैन ।
- घाँटी हेरी हाड निल्नु ।
- घाँस काट्नु मलाई, खानु तँलाई ।
- घिउ खाने बिरालो, बुहारीको मुखै चिल्लो ।
- घिउ लगाएर पकाएका रोटी खाउँला भन्दा त पीठो पानीमा मिसाइ हातमा ।
- घिउ न तेल, पका बूढी सेल ।

**च**

- चरो चिरर्बिराउँछ न पात पटपटाउँछ ।
- चाहिएका बाहुन नचाहिएका ठग ।
- चाहिएको बेला भाँडो, नचाहिएको बेला ठाँडो ।
- चाहियो जजमान , छिनेको फलाम ।

- चार लाख विद्या,चौध लाख चतुऱ्याइँ ।
- चाल्नाका प्वाल कति ? आइमाईका काम कति ?
- चिप्लो मुख, खस्रो पेट ।
- चुहिए पछि दुनो तैँ रित्तो रहलास् ।
- चुहिने भाँडो रित्तो रहन्छ ।
- चुत्रोको तरबार, गोबरको घिउ ।
- चेलीको धन, बगलको आगो ।
- चैत आयो, होस् आयो, चैत गयो, होस् गयो
- चैतमा नफर्किएको भोटे मऱ्यो भनी जान्नू ।
- चोरका भयले जङ्गल पसेँ उहीँ सात चोर निस्के ।
- चोरको हृदय कालो ।
- चोरेर खानु कति ? लकेर बस्नु कति ?
- चोरर खानु र मर्नु एउटै हो ।
- चोक्टा खान गया बुढी भोलमा डुबी मरी ।

**छ**

- छोडुँ त कसरी छोडुँ, लगुँ त कसरी लगुँ ?
- छोडेको भान्छाको भात के, छोडेकी स्वास्नीको संगत के ?
- छानेकी स्वास्नीको संगत मिठो ?
- छिः भन्नु त चर्पीको गुहु हो ।
- छिटो दिनु, छिटो लिनु ।
- छिटा फाल्न पानी छैन, तँ खोज्छस् सर्वत ।
- छुट्टिएको भाइ, दुछ्छर गाई ।

- छैन छैन भन्छन् ,घरभरि कन्छन् ।
- छोटा मान्छेको होचो बृद्धि ।
- छोटी छु त मोटी छु, कुन राँडभन्दा घटी छु ?
- छोरा भए पाखो जग्गा खनेर पालुँला ।
- छोराछोरीको बानी, कर्कलाका पातको पानी ।
- छोरीको भाग्य कुम्हालेको माटाको भाँडो ।
- छोरीको पोइ न बुहारीको भाइ ।
- छोरी पाली ज्वाइँलाई, छोरो पाली बुहारीलाई ।
- छोरी राम्री आँखो कानो ।

**ज**

- जस्तालाई त्यस्तै ढिडालाई निस्तै ।
- जता जता केरा उता उता बाउनको डेरा ।
- जता जता बाउनबाजे उतै उतै स्वाहा ।
- जस्तो पर्छ उस्तै टर्छ ।
- जस्तो आफू उस्तो टापु ।
- जति काला उति तेरै बाबुका साला ।
- जत्रो बाघ उत्रै कोरली ।
- जसले गऱ्यो धर्म, उसको फुट्यो भाग्य ।
- जनै नहुने जप गर्छ, जोई नहुने गफ गर्छ ।
- जन्ती अनुसारका बाजा ।
- जब लाग्यो चैत, गरिब हिँड्यो बिस्तारै ।
- जताबाट आउनु भयो, उस्ततिर जानु भयो ।

- जस्ती चेली उस्तै चोलो ।
- जहाँ झुमाचौँरी गाई जाली उहीँ भोटेको परिवार पनि जा ।
- जहाँ पायो गुलियो, उहीँ बाहुन भुलियो ।
- जहाँ भए खानाकै कुरा, जैरले बिताएको ।
- जहाँ सियो, त्यहाँ धागो ।
- जहाँनेर गहिरो, उहीँनेर पहिरो ।
- जसका घर छैन उसका पर पनि छैन ।
- जसका जाना चार, उसका अत्याचार ।
- जसको जोई छैन, उसका कोही छैन ।
- जसका पैँसा, उसका भैँसी ।
- जसको ओछ्यानमा पानी पस्छ, ऊ नै उठ्छ ।
- जसकी आमा भण्डारे होली, उसकै ठूला गाला ।
- जसको बल,उसको थली ।
- जसको बिहे, उसलाई नजिकै नल्या ।
- जसको दुलहा फुर्तिलो, उसका जन्ती फुर्तिलो ।
- जहिले थियो सरी उहिले रहेँ बसी जब, लाग्यो दोब्बर तब कान सुनेँ ।
- जहिले म गोठालो थिएँ, खीर खा भन्दा खाइन ।
- ज्योतिषको होरा नाइँ, धामीका टाउका नाइँ ।
- जाँड मित्र हुँदैन, जुत्ता पवित्र हुँदैन ।
- जाँची नबुझी हग्ने ठेली पुजी ।
- जात हाल्नु गता झोल्नु ।
- जा भने ज्वरो आउँदो, लुरुलुरु पिठ बाउँदो ।

- जानेले नेपाल जानु, बीचसम्म के जानु ?
- जाडो भए आ मासे, घाम भए जा मासे ।
- जाडो भए लेक जान्छ, घाम भए बेँसी झर्छ ।
- जिउँदोमा जन्ती मरेपछि मलामी ।
- जिउँदो छउन्जेल तेरोमेरो, मरेपछि तरो न मेरो ।
- जुम्लीको लाटो, अछामीको बाठो ।
- जुत्ता फाटेको दिनमा हामीजस्तै हौला ।
- जुवारीको भरोसा हुँदैन ।
- जुन व्यथा सासूलाई, उही व्यथा बुहारीलाई, त्यही व्यथा फैलियो घरभरि ।
- जुम्रो मार्दा हात्तीका जस्तो गर्जन् ।
- जे चाहिने, दाँत दुख्ने, भनेर के पाइने ?
- जेठको बालो, हिउँदे बालीको बोसो ।
- जो बेला लगन उहि बेला हगन ।
- जो चोर उसको ठूलो स्वर ।
- जो होँचो उसको मुखमा घोँचो ।
- जोता मेरो अमनैको उइता मेरो देउती ।
- जोइ मारे छोरो आयो, लुरुलुरु घर आयो ।
- जोत्दा हली गल्ती गर्छ ।
- जोईको रिस, पानीको तिर्खा होला ?
- जोई छोड्ने र बाटो छोड्ने को होला ?
- जो  चर्को उसको मुख टर्रो ।
- जोगिनीको चिण्डो फुट्यो, पोइ मरे जत्तिकै ।

- जो छ छोटो, उही छ खोटो ।
- जो जस्तो तस्तो, उही अग्लोमा बस्तो ।
- जो फुस्रो, उही खस्रो ।
- जो बोल्दछ, उसको मुख पोल्दछ ।
- जो गर्छ धर्म, उसको फुट्यो कर्म ।
- जो बिस्तारै हिड्छ, उही मेरो साथी ।
- जौका नै सातु, मान्छेका नै जोगी ।

## झ

- झगडा नहुनेले जोई ल्याउनू, ऋण नहुनेले जमानतमा बस्नू ।
- झोपडी त सार्नु, खोपडी कहाँ सार्नु ?

## ट

- टाउकामा लगाउनु चिल्लो छैन, जार खोज्छ पुवा ।
- टाइँटुइँ बढी, काम छैन केही ।
- टाउको दुख्छ, नाइटोमा ओखती लगाउने ।
- टेक्ने फोगटो छैन, झुण्डिने हाँगो छैन ।

## ठ

- ठकुरीको बरियाँतमा नजानू, भालुलाई खेद्न नजानू ।
- ठालुले बिगारेको गाउँ, आमा बुबाले बिगारेको नाउँ ।
- ठूलोलाई लाज, खल्टोमा बतासा ।

## ड

- डाँडालोरी खेल्दथ्यौ, ती दिनहरू कत गए ?
- डाडा हान्दा भाटा थर्किन्छन् ।

- डाडु तात्तो न सात्तो, बिडँ तात्तो ।
- डाडुमा भात पकाउँछे, गाउँलेलाई निम्ता बोलाउँछे ।
- डूँडाका देश डुँडै हुनू, कानाका देश कानैं हुनु ।

**ढ**

- ढँडालाको साथ, निगालाको लौरो ।
- ढुङ्गा साँचो हुँदैन, पानी फाँचा हुँदैन ।
- ढुङ्गो हालेर  अग्लो हुन्छ, आफै गर्छ प्रशांसा ।

**त**

- तन्नेरी जोई, लुते पोइ ।
- तँ जुम्ला गएको, म जूम्ला जन्मेको ।
- तँ धारी, म बलैंसी ।
- तँ मात्र सहरी रहिछस् तेरा मात्र छाता ।
- तँ राँडका कुरा मात्र खानुपर्ने ।
- तँ गर्छस् उहिले कुरा, अब उसो कहाँ छ ?
- तन्नेरीका लहै-लहैमा लागी, बूढी पोइल दौडी ।
- तमाखुको खार मीठो, जुवाको हार मीठो ।
- तमाखु जेठाबाट, पानी कान्छाबाट ।
- तलको असी, माथिको खसी ।
- तिमी जान्छौं गाउँ, उहीँ पछाडि जाऊँ ।
- तिहारमा बिचार पुऱ्याएर खानू,  ।
- त्यस्ता त नेपाल जान्छन्, सिँगान चुहिएका ।

- त्यस भन्दा कसा आए कान फूल लाएका ।
- त्यस्का मुसा थैली काट्छन् ।
- तागतका तरुल, बुद्धिका माछा ।
- तातोपानीले घर बल्दैन, गालीले मान्छे मर्दैन ।
- तीर्थ गएका मुर्दाहरू विउँतदा हुन् ?
- तेरा शरण भने बाघले पनि खादैन ।
- तेरै बोका, तेरै चाँदामा ठोके ।
- तेरो हुँदो म छु भन्ने को थियो उत्तिको ?
- तेल कम च्वाइँ-च्वाइँ बढी ।
- तेल नहेरी तेलको धारो हेर्नू ।
- तेतै लेकमा पानी  खाने स्याललाई बेसीमा आएन पिट्नु ।
- तैँ गाउँको जान्ने मान्छे तैँ बाटामा हग्छस् ।
- तैँले जन्ती देखे जति मैँले दुलाआ देखेँ ।
- तोरी फुलेको महिना माहुरीको भुनभुन ।

**थ**

- थरथर काप्छ गफ ठूला गर्छ ।

**द**

- दामले दाम कमाउँछ, कामले काम सिकाउँछ ।
- दाम्लो काट्ने गोरु, कुरा काट्ने आइमाई ।
- दिँदा सुन्दछ, माग्दा सुन्दैन ।
- दिसा हग्नेलाई भन्दा देख्नेलाई लाज ।
- दिउरीको भात, केटा केटीसँगको साथ ,

- दिनभरि बसिस् अब काट हसिँया ।
- दिनेको आस, पिट्नेको डर ।
- दिदी लगेर भिनाजु भइस्, नत्र केको हस्  हास् ?
- दुःखीका जहाँ हाने दुख्दा ।
- दुई जना जन्ती, तिनै लागे अन्यत्र ।
- दुई जोईको पोइ, पानी ल्याउनु तैँ  ।
- दूध, दही राखेको भाँडो खकालेको पानी ,गोरस बान्ना तरुल ।
- दूधभात खुवाई मूतले चुठाई ।
- दे भन्दा दैव दिंदैन, लागभन्दा काल लाग्दैन ।
- देखेर नै मन मरिरक्यो, खाए कसो होला ?
- देख्नमा रम्रो, दिनमा चाम्रो ।
- देख्नमा छोटी, कुरामा मोटी ।
- देश खाई खप्पिस भएको ।
- दैलो सम्झी घरै, चुलो सम्झी घरै ।
- दैवको खेल कसले जान्ला ?
- दैलो अगाडि बाँधेको कुकुर, के गर्नु माया भई ?

**ध**

- धन नहुने धनपति, मही नहुने महीपति ।
- धन खर्च गरेर धन्दा ।
- धन हुनेका मन हुँदैन, मन हुनेका धन हुँदैन ।
- धनका शहरामा बाटा गरिब रुदैँछन् ।
- धान र गहूँको भूस राख्ने छाप्रोमा आगो लागोस्, कहिल्यै न तिहार हुने ।

- धामीको लट्टा होम गर्दै सकियो ।
- धानका पगटा संसारमा देखें, मान्छेको पगटा यहीँ देखेँ ।
- धान खाने मुसो, पिटाइ खाने भ्यागत्तो ।
- धान टोक्ने पोइ, लिखा सोर्ने जोई ।
- धुरी हान्दा डाँडो हल्लियो, कुकुरलाई हान्दा पाहुना तर्सियो ।
- धेरै घट्ट भए भूसको ओइरो ।
- धोएर कपडा राम्रो, बोलेर मान्छे राम्रो ।

## न

- न आफू जान्ने न त अरुले भनेको मान्ने ।
- न कुकुरलाई खाना, न कुकुरलाई काम ।
- नखेल्नु जवाँ, नपस्नू कुवा ।
- न गाउँको तँ, न गाउँको म ।
- नजानेमा के हो, के हो ? जानेमा त्यस्तै हो ।
- न त ओठ काला हुन्छन्, लाउन जान्नु कसरी ।
- नपोखिएर दुङ्गा मिसिदैनन्, नलोटेर कुटे हुँदैन ।
- नदीमा हाम फाल्ने भाइ बुहारीका चुल्ठामा हात ।
- नबुझेर बोल्नु, नचाएर निल्नु ।
- नभन्दा मनमा रहन्छ भनेमा झगडा हुन्छ ।
- न हग्नू साँझ, नपस्नू माझ ।
- नहान्ने पोइका ठूला जमर्का, नआउने मेघका ठूला थोपा ।
- नाङ्गाका कुरा बाङ्गा, टुटाका कुरा झुटा ।

- नाउँ तिम्रो, सङ्कल्प हाम्रो ।
- नाकमा फुली मुन्द्री छैन नाम मात्र सुनमती ।
- निस्तै बाह्र, तिहुन पाए तेह्र ।
- नुन खाने निर्धो, चुक खाने सूरो ।
- नुन नभएको तरकारी, दाँत नभएको करौँती ।
- नुन भए पीठो  पानीको तिहुन ।
- नेताको पाउ मल्नु भन्दा दुःखीको घाउ मल्नु राम्रो ।
- नौ नाङ्ग्रा अठार मुडुला ।
- नौली गाईका नौ पुला घाँस ।

**प**

- पछि पछि मेरा बुबा पुच्छर निक्लेर मरे ।
- परिवार बाह्र कुकुर तेह्र ।
- परपुरुषसँग पल्केली आईमाई, खरमा पल्केको बाखी ।
- परमेश्वर नभनी देवता पनि चिन्दैनन् ।
- परबाट भिनाजु आए तँ जान्छेस् कि म जाऊँ ?
- परबाट जन्ती आए मागल सिक राँडहरू  !
- पाहुनाको निहुँ, आफू खान्छन् घिउ ।
- पाहुनालाई चाहियो तातो घर ,छ पराई  बिरानो ।
- पाहुनालाई अनिकाल छैन, कर्कलालाई खडेरी छैन ।
- छालाको चप्पल भन्दा जुत्ता नै राम्रो,  ।
- पानी परेमा वाई ,नत्र भने पसिना चुहाई ।
- पानी भागेर खोला, छोरी भागेर माइत ।

- पानीले रुझाउँछ, कोरले कोऱ्याउँछ ।
- पानी सँगको बस्नु खानु, माछा सँगको विरोध ।
- पानी सिस्नोले पोलाइ ।
- पापीको मन पापी नै हुन्छ ।
- पाएदेखि खाने थिइस्, एकपाथी चुक ।
- पाएमा डोको, नपाएमा भोको ।
- पिठ्यूमा पोका, रानीचरा भोका ।
- पुच्छर खाने भए राँड ! पोइ टोक्थिस् ।
- पछाडि नगरा लगाउनु ।
- पुच्छर हुने र नहुनेले आफ्नैँ शरीर ढाक्छन् ।
- पुस-माघ आगो हुँला वैशाख छाया हुँला ।
- पेट बाधँ जनइँ छोरा, हातमा कन्धनी ।
- पहिला म्याउँ गर्छ, पछि हाउ गर्छ ।
- पहिले पेटको काम, पछि राजाको काम ।
- पोइल जानु जानै पर्ने, बुढ्याई के छ ?
- पोइ सोच्छ कसको घर जाउँला, जोई सोच्छे ल्याउने भयो खाउँला ।
- पोलीपाली गरेर खोला फ्याँके पछि तब बूढी बोली ।

**फ**

- फाँफर काट्नु कता छ, कता ? खलो ढिस्कामा ।
- फुस्रो गर्छ फूर्तिलो, नुनपानी घरमा छैन ।
- फोक्सो माग्छस् तेरो धिक्कार, फोक्सो दिन्नँ मेरो धिक्कार ।

**ब**

- बज्ने धाँडो डाँडा पनि बज्दछ, खोला ।
- बलेको आगो सबै ताप्छन्, निभेको आगो कोही ताप्दैन ।
- बदियो तेल पोल्टामा सेल ।
- बाँच्नु त कहाँ छ ? मोटिन खोज्छे ।
- बाँदरको मुखमा आँप लागे झैं ।
- बाँदरको मुख हेर्दा दया लाग्छ, काम हेर्दा रिस उठ्छ ।
- बाटाकीसँग सुतेर घर के लिने ?
- बाहिर घर  पत्थरले छाएको भित्र घर कमजोर ।
- बाहिर साइँका तिखो टोपी भित्र साइँका रित्तो खोपडी ।
- बाखो  खायो भन्ने झर्को नभई बाग पल्कियो भन्ने झर्को ।
- बाख्री बाटो देखाउने आईमाई बढी जान्ने ।
- बाख्री मर्नु कता छ कता ? झोल सुरुप-सुरुप ।
- बाघ आयो भन्छन् मेरा गोठाला सुन्छन् ।
- बाघको छाला माथि कुकुरका छाउरा-छाउरी नाच्छन् ।
- बाघ नभए कोरली घर आई ।
- बाघ पनि आयो हगाइ  पनि लाग्यो ।
- बाघ मार्छु भन्छ, कुकुरलाई देखेर हग्छ ।
- बाघ पल्केको लेक चिसो ।
- बाघ छुन सजिलो हुन्छ, पुच्छर निकाल्न असजिलो हुन्छ ।
- बागी लाटो हुन्छ विचारी लाटो हुँदेन ।
- बाटो छोटो देख्नु हुँदैन भाग्य खोटी देख्नुपर्छ ।
- बाटो हेर्दाहेर्दै दिन बिते ।

- बानीले रानी हुँन पाइन्छ ।
- बाबुले खनेको खाल्डामा छोरा पर्छन् ।
- बामनको चित्त  माखाको पित्त ।
- बाह्र मार्दो, तेर जगाउँदो ।
- बाह्र वर्ष पछि पोइ घर आयो, म राँडलाई ज्वरो आयो ।
- बज्यै माइत गइन् ,ताता तिङ्घ्रा ।
- बाठो कागले गुहु खान्छ, लाटो छोरा भए पनि दूध खान्छ ।
- बिहान कर्कलो, बेलुका कर्कलो त्यही कर्कलो सकिएको दिन के खाला यो मुख ?
- बिरालाको अगाडि मुसाको उपर्खुट्टी ।
- बिरालाका जस्ता आँखा भएको ।
- बिस्तारै बोल्छ, कलेजो पोल्छ ।
- बीउ छर्नलाई गरा गएँ, गोरु घरै ।
- बुबा पनि छैनन्, बुबाको समात्ने लौरो पनि छैन ।
- बुहारीको दूधले देशै रमायो, मेरो नाति भोकले सुकायो ।
- बूढो बामन सुकेको गुहु ।
- बूढो गोरु मर्‍यो, ठाउँ खाली भयो ।
- बेला पात लुछी, अबेला हाँगा लुछी ।
- बेलाको पाहुनु,अबेलाको डराउनु ।
- बैगुनीलाई गुन हुँदैन, धूलोमा नुन हुदैन ।
- बोल्दी न चाल्दी कन्दी मात्र ।

**भ**

- भनु त मुखियाकी बुहारी नभनु त भ्रष्ट पारी ।

- भनुँ भने दाँत दुख्छ नभनेर के छ ?
- भनेर सुन्दैमा मन मरिसक्यो देख्दामा कसो ?
- भएको भए दिने थिएँन, नभएकाले खाएर जा ।
- भर्खर भएका जोगी बढी खरानी घस्छन् ।
- भाइका भाषा, हत्केलाका रेखा ।
- भाइ बैरी, घर घराप ।
- भागमा आएपछि खानुपर्छ, काल आएपछि मर्नूपर्छ ।
- भात खाइस् ता पनि पाखे नै होस् ।
- भात खाएर पानी खानु पर्छ, सङ्गत गरेर मुख हेर्ने ठाउँ राख्नुपर्छ ।
- भात खाएको ठाउँ सितो पर्छ
- भात छोडिन्छ, साथ छोडिँदैन ।
- भात पका भनेको दिनमा कोदाको फँडो पकाउँछे ।
- भातका छेउ मूलाको गन्ध ।
- भात भए प्रशस्त काग ।
- भात भन्दा माग्ने उफ्रन्छ ।
- भालुका कन्चट भयो ।
- भेडा दुई, गर्छ फुइँ ।
- भैँसीका लागि बन पराई हुँदैन, छोरीका लागि माइत पराई हुँदैन ।
- भोक लागेको बेला जे खाए पनि भातै ।

**म**

- म गाउँको पनि होइन, गाउँ मेरो पनि होइन ।
- मुर्दाका लागि रुनु कि, मुर्दाका गुनका लागि रुनु ।

- म त मरु, देखलान् अरु ।
- मदेस चौपायाको जन्म नहोस्, पहाड  मानिसको जन्म नहोस् ।
- मदेस नजन्मोस् घोडो, पहाड जनन्मोस् छोरो  ।
- मन घोडामा शरीर भुइमा ।
- मन मरेको मान्छे, भोक मरेको खाना ।
- मन मैलो, टोपी सुकिलो ।
- मनले एक चिज सोच्दछ भाग्यले अर्कै ठाउँ पुऱ्याउँछ ।
- मरे पनि भ्या गर्दिन ।
- मन नपरेको घरबारी नभए नहोई रहोस् ।
- मन नपरेको पिनापानी नभए जत्तिकै ।
- मरेको बेला मलामी जिउँदोमा जन्ती ।
- मर्ने मानिस, बग्ने पानी कहाँ गएर फर्कला ?
- मरेको बाघको जुँगा उखेल्ने ढलेको रुखको टुप्पोमा चढ्ने ।
- माइतको काग पनि प्यारो ।
- माइतमा छोरी फूलमा भमरा ।
- मानिस जत्तिकै, आँख मेरा त्यत्तिकै ।
- माई नआई लौरो आई ।
- माघमा जाडो कि मेघमा जाडो ?
- माटोको डल्लो फुटालेँन, चरीको चल्लो क मार्ला ।
- मानको पाती अपमानको हात्ती ।
- मान गर्दा मात्तिन्छस् तेरो माक कसले गर्छ ?
- माना खाएर मुरीको आजैन गर्नु  ।

- मान्छेका मुख बाङ्गो, माकुराको पुच्छरमा बाङ्गो ।
- मान्छे ठिक्कै, टोपी तिख्खै ।
- मामाको धन, फुपूको श्राद्ध ।
- मार्नालाई छोरा बगाउनालाई धन ।
- मदेसकी गाई हिमालमा आई ।
- माल माल नै हुन्छ कुमाल कुमाल नै हुन्छ ।
- मालिलो ठाउँमा भाँगो फल्छ रुखो ठाउँमा झार उग्रिन्छ ।
- माहुरीले कुट बोके झैँ गर्नु ।
- मुख हेर्दा नौलो, कपाल हेर्दा पुरानो ।
- मुसाको ज्यान जान्छ बिरालोको हाँसो ।
- मुँसीको मान्छे, टुपीको जुम्रो ।
- मूर्खलाई सय कुरा जान्नेलाई एक कुरा ।
- मूर्खलाई शङ्ख मूलाको गानो ।
- मूल सोहोरेर पानी खानु, कुल सोधेर छोरी ल्याउँनू ।
- मेरा घरमा बस्न आउने भए तमाखु ल्याएर आउनू ।
- मैंले पालेका कुकर मलाई देखेर भुक्छ ।
- पैले घुँडा हेर अनि मात्र खेला खेल् ।
- मेरो पोइ भइदिएको भए तेरो पोइलाई किन गुहार्थे ?
- मै माग्दो खुर्सानी पिरो मेरै भागमा आउँछ ।
- मैं मान्छु माइतघर प्यारो मेरै पिठ्यूँमा भाइ छैन ।
- मैंले त अचम्म मानैँ काग तमाखु खान्छ ।
- मैलो मानिसका पछाडि खानु हुँदैन सफा मानिसको अगाडि जानुहुँदैन ।

**र**

- रगेका साथमा लागेर सबै बगे ।
- राँडले पालेका छोरा, भाँडाले पालेका घोडा ।
- राखिराखे खान पाइन्छ भँकारीका धान ।
- राजाले बिगारेको देश, भटमासले बिगारेका पेट ।
- राजा भएर खाजा खान्छन् भने हामी त दुनियाँ ।
- रातका नौ गाउँ दिनका चार गाउँ ।
- राम्राका छोरा विन्त्यारु नराम्राका छोरा धामी ।
- रोगी मरोस्, बादल लागेमा पानी परोस ।
- रोटी चोरेको थाहा पाउँदिन डल्ला गन्ती गर्छे ।
- रोटी पकाइसके पछि आगो बल्छ ।

**रु**

- रुन मन लागेकै थियो त्यसै माथि आँखामा चोट लाग्यो ।
- रुखमा चढ्ने लडेर मर्छ भने खोला तर्ने बगेर मर्छ ।
- रुखो व्यवहार भएको राजाका पाटी बाँझा, रुखो व्यवहार गर्ने सासू छोरा राँडा ।

**ल**

- लहरो तान्दा पहरो थर्क्यो ।
- लाउन खान केही छैन तरुनीको रहर ।
- लाटाले गुँड देखे झैं ।
- लड्डु खाएर चिउराको आधा ।
- लड्डु देख्दा खान मन लाग्छ, छोरी देख्दा रुन मन लाग्छ ।
- लुटपाटको धन खरानी ।

- लुगा छ जाडो, छैन लुगा छैन जाडो ।
- लौरोबिना जँघार रोकिँदैन ।

**व**

- वरवर हेर्छ, परपर सर्छ ।
- वरपर हेर, बल्ल  खेल् खेल ।
- वल्ला गालाबाट रगत र पल्लो गालामा नीलडाम ।
- वरि डाँडा असिनु परि डाँडा हिउँ ।
- वरि डाँडा फूल फुलेको, परि डाँडा बासना आएको ।
- वल्लो घरमा खाजा  भुट्छन् पल्लो घरका आँखा फुट्छन् ।

**श**

- शत्रु वैरीहरूलाई रमिता देखाउनु ।
- शरीरमा लुगाफाटो छैन, फूल झैं रहन्छ ।
- शिरको लोग्नेभन्दा ठूलो अरु कोही पनि हुँदैन ।

**स**

- सक्ने जति पर, नसक्ने जति वर ।
- सम्पन्न छु भनेर सिरक ओछ्याउनु हुँदैन विपन्न छु भनेर दरी ओड्नु हुँदेन ।
- सप्रिएको पिनापानी बिग्रिएको दाल ।
- सबैभन्दा हाँगो उल्लू त्यसमाथि चढ्ने बाँदर उल्लू ।
- सल्लाले सल्लो सिकायो सल्लो भयो बाङ्गो ।
- सस्तो घर पस्तो ।
- सन्तान कसको ? ठूलो जातको  ?  पाडो कसको ? जुध्ने भैंसीको ?
- सागपात खाने बलियो भए, नौनी खाने काम नलाग्ने भए ।

- साझा पाहुनाको ओखलमा बास ।
- सानो साहूको ऋण झिक्न हुँदैन, ठूलो साहूको संगत छोड्नु हुँदैन ।
- साँढेको जुधाइ बाच्छाको मिचाइ ।
- साउँनमा पाक्ने दुधिलो  त्यही दुधिलो खाने आँखा फुटेको ।
- सालाका कुरा दिदिका बखान ।
- साउ नै फुपाज्यू जस्ता थिए  ।
- साहूका छोरा बाठा टाँठा, माटका भाँडासँग चिन्डो साट्छन् ।
- साझा पाहुनाको ओखलमा बास ।
- साठी तिरेर टाउको चिर्नु ।
- सातु नहुनेका ठूला फँकी ।
- साथी जंगली फल टिप्न गइन्, म राँडका सात गाई दुहुना
- साथीहरूको बिहे भयो, म राँडलाई के भयो ?
- सालीको साथ केराको पात ।
- सित्तैमा चुक पाए नौ माना खाने ।
- सिङ्गो बाख्री खाएर कामका लागि झगडा ।
- श्राद्धका बाहुनका अग्लोमा आँखा ।
- सिन्को भाँचेर दुई गन्दैछ ।
- सुत्ने बित्तिकै दाँत किट्ने उज्यालो हुने बेलासम्म के होला ?
- सुत्केरीको जग्गा बाँझो रहन्न ।
- सिपालुका कुरा राम्रा, वेश्याका आँखा राम्रा ।
- सिपालु घरिना लाग्दा प्वाल परेका रोटी ।
- सिरु टुसाउने बेला नबिझे, बिझला कहिले ?

- सिरौंडो  थाक्दैन  गाग्री थाक्छ ।
- सीता ल्याउने म, पगरी पाउने तँ ।
- सुखीलाई जिस्काउँदा आँखा घोचाइ पाएँ ।
- सुत्केरी कन्दिन सुडेनी कन्दी ।
- सुहाउनेलाई सुहाउँदो फुस्रोलाई के सुहाउँदो ?
- सिस्नो खाने डकर्मी काग बस्दा भत्कने गारो ।
- सुत्ने बेलाको ओछ्यान खोजाइ ।
- ससुराज्यू खाएर जानु भन्छन् सासूका कुरा व्यर्थका ।
- ससुराज्यू पानीका लागि गएका त फर्किएनन् ।
- स्याल पनि मऱ्यो कराउनु पनि रह्यो ।
- स्याल हलो जोत्ने भए खेत बाँझा रहन्थे !

**ह**

- हगेको न जागेको  किन देवता लागेको ?
- हलेदो चिनेकै थियो कोट्याउनु किन ?
- हक भएको मान्छे बोल्दैन । हक नभएको मान्छे बोल्छ ।
- हग्न नजानेर पुछ्नु ।
- हिंड्नु होइन धकेलिनु हो, खानु होइन घिच्नु हो ।
- हाँसी हाँसी पारेका गाँठा, रोएर खुनुपर्ने ।
- हाँस्यो त नास्यो ।
- हाड र मासु माटामा मिल्छ, आत्मा कहाँ जान्छ ?
- हातका  बाजा तल्लाई दिएर मैले नङ बजाउने ?
- हातको तेरो तावाको मेरो ।

- हात दिएँ हत्केलो निल्यो ।
- हात नचलाए मुखमा माड पस्दैन ।
- हातले बिगारेका जुँगा, मुखले बिगारेका कुरा ।
- हातमा सीप छैन, मुखमा रुप छैन ।
- हात पनि साथमा,हतियार पनि साथमा ।
- हातमा हुक्का न पिठ्यूँमा थैला ।
- हातका न बित्ताको तर दुई जनालाई च्याप्छ ।
- हात्तीका लागि जुत्ता के, कुकुरका लागि कपास के ?
- हात्ती घोडा उँदो बग्छन्, बाख्रा पारि तर्छन् ।
- हिस्स गिँजा फिसिक्क दाँत ।
- हुङ्कार बाघका झैँ भएको अर्को आयो नौलो ।
- हुन्छन् ठालु, खान्छन् आलु ।
- हुन्छ मोजी खान्छ राजी ।
- हुनेका घरमा नै हुन्छन्, कम्पनी चाँदीका सिक्का ) ।
- हेलाकी बुहारी पाहुनासँग सुत् ।
- हेला पाए पछि केरा खाए झैं गर्छन् ।
- हृदय-हृदयमा ज्ञान, फल-फलमा स्वाद ।

**क्ष**

- क्षमता नहुने, के गर्छ काम ?

# परिच्छेद : पाँच

# रुकुम जिल्लामा प्रचलित नेपाली उखानको वर्गीकरण

## ५.१ उखानको वर्गीकरणका आधार

लोकजीवनको भाषिक व्यवहारमा उखानको प्रयोग भइरहेको हुन्छ । त्यसैले लोकजीवनसँग सम्बद्ध विभिन्न कुराहरूको बिम्ब .प्रतिबिम्ब उखानमा अङ्कित भएको देख्न पाइन्छ । विभिन्न विद्धान्हरूबाट उखानको वर्गीकरण गर्ने काम भएकोले त्यसलाई उखान वर्गीकरणको आधार बनाउन सकिन्छ ।

बालकृष्ण पोखरेलले उखानलाई अभिधामूलक र लक्षणामूलक गरी दुई भागमा वर्गीकरण गरेका छन् । उखानलाई उपर्युक्त दुई भागमा मात्र नभई रुपात्मक र बिषयात्मक रुपमा पनि वर्गीकरण गर्न सकिन्छ भन्ने मान्यता कृष्णप्रसाद पराजुलीको रहेको छ । उखान भित्र विभिन्न विषय अटाउने हुनाले नै कृष्णप्रसाद पराजुलीले नेपाली उखानको वर्गीकरण गर्दा सामाजिक तथा नीतिचेतना सम्बन्धी, ज्ञान-विज्ञान सम्बन्धी, कृषि-व्यवसाय सम्बन्धी लोकविश्वास सम्बन्धी र विविध विषय सम्बन्धी गरी उखानलाई पाँच भागमा वर्गीकरण गरेका छन् । माथी उल्लिखित उखानका वर्गीकरणका आधारबाहेक वैचारिकता रहेको छ । यी आधारहरूलाई ख्याल गरेर नै रुकुमेली उखानहरूको वर्गीकरण गर्न सकिन्छ ।

## ५.२ रुकुम जिल्लामा प्रचलित नेपाली उखानको वर्गीकरण

रुकुम जिल्लामा प्रचलित नेपाली उखानको वर्गीकरण गर्दा माथि दिइएका वर्गीकरणका आधारका साथै स्थानिय विशेषतालाई पनि ख्याल गर्न हावश्यक छ । स्थानीय पविशमा जन्मी स्थानीय कथ्य भाषामैं प्रचलित उखानहरूको यहाँ आधिक्य भएका हुनाले यी उखानहरूलाई अन्य विभिन्न ठाउँमा प्रचलित उखानहरूबाट छुट्याइ निम्नानुसार वर्गीकरण गरिन्छ ।

### ५.२.१ विषयवस्तुका आधारमा वर्गीकरण

लोकजीवनका विविध पक्ष उखानका विषयवस्तु बनेका हुन्छन् । त्यसभित्र व्यापार-व्यवसाय, कृषि ज्ञान-विज्ञान, रहनसहन आदि विषयहरू अटाएका हुन्छन् । रुकुमेली उखानले अँगालेका विषयका आधारमा ती मोटामोटी रुपमा एघार प्रकारका छन् ।

### ५.२.१.१ सामाजिक विषय सम्बन्धी

उखान समाजका बीचबाट जन्मिने हुनाले यसमा समाज समाजका विविध पक्षको चित्रण भएको हुन्छ । रुकुम जिल्लामा प्रचलित उखानहरूले यहाँको सामाजिक जनजीवनको प्रकटीकरणमा मद्दत पुऱ्याएका छन् । यस जिल्लाका मानिसहरूका चालचलन, धर्म, संस्कृति, व्यवहार आदिको वयान उखानमा पाइन्छ ।

समाजमा सहयोगको आदान-प्रदान भइरहन्छ । आपसी सहयोगविना समाज सञ्चालन हुन सक्दैन भन्ने तथ्यपूर्ण जानकारी उखानमा पाइन्छ । समाज विभिन्न समस्याले ग्रस्त हुन्छ । तसर्थ ती समस्या समाधानका लागि सामाजिक व्यवहार सञ्चालन हुने गर्दछ । यस प्रकारको भावना यी उखानहरूमा पाइन्छ ।

- **जिउँदानु जन्ती मर्दानु मलामी** । (जिउँदोमा जन्ती, मर्दाको मलामी)

- **कडो नभाको घडो, साख नभाको मडो** । (कडो नभएको गाग्री र साख नभएको मूर्दा ।)

त्यसरी नै समाजमा एक जना गतिलो व्यक्ति हुँदा सिङ्गो समाजकै गौरव रहन्छ भने एक जना पथभ्रष्ट भईदिदा सिङ्गो समाजको नै इज्जत गुम्दछ अर्थात् एक जनाले गर्दा सात जना बिग्रिन सक्छन् भन्ने कुरा तलको उखानबाट प्रष्ट हुन्छ ।

- **एक बिराउँदो सबै पिराउँदो** । ( एकले विगार्दा सबैले दुःख पाउँछन्)

- **एक सालेले सात साला माऱ्यो** । ( एक सालाले सात साला माऱ्यो । )

### ५.२.१.२ घरव्यवहार सम्बन्धी

घरमा विभिन्न वस्तु प्रयोगमा आउने गर्दछन् । यो परिवारिक जीवनका लागि दिनचर्या नै बनेको हुन्छ । त्यसै गरी परिवारका सदस्यहरू बीच एक आपसमा कामको बाँडफाँड, काममा सहयोग जस्ता कार्यहरू भइरहन्छन् । त्यसको चिनारी उखानबाट मिल्ने गर्दछ । त्यस्ता केही उखानहरु हुन्

- **चाइदानु भाँडो, विचाइदानु ठाँडो** । ( चाहिएको भाँडो, नचाहिएको ठाँडो ।)

- **जसकी मा भँडारे होली, उसैका राता गाला** । (जसकी आमा भण्डारे होली उसकै राता गाला । )

### ५.२.१.३ नीतिशिक्षा सम्बन्धी

समाजमा नीतिशिक्षा सम्बन्धी उखान पनि प्रचलित हुन्छन् । समाजमा सबै मानिसहरू समान आचरणका हुँदैनन् । कोही राम्रो आचरण भएका हुन्छन् भने कोही नराम्रो आचरण अर्थात् पथभ्रष्ट हुन्छन् । तिनको प्रस्तुति उखानमा भेटिन्छ । त्यस्तै केही उखानहरूले बाटो बिराएकाहरूलाई सही मार्गनिर्देशन गर्ने काम पनि गरेका हुन्छन् । जसको सर्बाङ्ग नमुना उखानमा मिल्ने गर्दछ । त्यसैले रुकुमका उखानहरू पनि नीतिशिक्षापूर्ण र उपदेशात्मक छन् । जस्तै

- **आगो ताप्नू मुडाको, कुरो सुन्नु बूडाको ।** ( आगो ताप्नू मुढाको, कुरो सुन्नु बूढाको ।)
- **अरुले घोडा चडे आफूले मुडा नचड्नू ।** (अरुले घोडा चढे, आफूले मुढा चढ्नु हुँदैन)
- **अरुले एक बित्ता निउराया, आफूले हात निउँडनू ।** ( अरुले एक बित्ता निहुरिए, आफूले एक हात निहुरिनू ।)

### ५.२.१.४ कृषि-व्यवसाय सम्बन्धी

रुकुम जिल्लाको प्रायः सम्पूर्ण जनसङ्ख्या कृषिमा नै आश्रित छ । यसैबाट रुकुमेली जनजविनका दिनहरू व्यतीत भइरहेका छन् । काम नगरेर खान पुग्दैन भन्ने भनाइबाट यहाँका मानिसहरू पूर्ण रुपले परिचित छन् । तसर्थ कृषि-व्यवसायलाई मूल आधार मान्दै आफ्नो पौरख देखाउन हिच्किचाउँदैनन् । यिनै कुराको चित्रण उखानमा भेटिन्छ ।

- **हात नचलाए पेट भर्दैन** । ( हात नचाएर खान पाइन्न । )
- **गोड्याको बीउ, हाल्याका आली** । ( उखेलेको बीउ बनाएको आली । )
- **ध्याउन्त खेती, घोकन्त विद्या । (खेतीमा ध्यान पढाइमा लगन)**

### ५.२.१.५ आर्थिक अवस्था सम्बन्धी

यस जिल्लाको आधिकांश जनसङ्ख्या गरिबको रेखामुनि रहेको छ । त्यसका साथै जातीय र वर्गीय र भेदभाव पनि यहाँ चर्को रुपमा रहेको छ । आर्थिक विषमता एबम् गरिबीको चित्रण उखानबाट हुने गर्दछ । जस्तै .

- **कसैको कम्पनी माला, कसैलाई पोत्या नाइँ** ।(कसैलाई कम्पनी माला, कसैलाई पोते छैन ।)
- **छ लुगा छ जाडो, छैन लुगा छैन जाडो ।** (छ लुगा छ जाडो, छैन लुगा छैन जाडो ।)

### ५.२.१.६ पशुपंक्षी सम्बन्धी

पशुपंक्षीका गुण, अवगुण आदि कुराहरू रुकुमेली उखानमा प्रकट भएका हुन्छन् । कुकुर एक अज्ञानी जनावर हो उसलाई वस्तुको गुण र त्यसको महŒवबारे केही थाह हुदैन । त्यसै गरी स्याल पनि एक त्यस्तै प्राणी हो जसले नोक्सान पुऱ्याउँछ । फाइदा दिंदैन केवल उसको काम हुइयाँ मच्चाउने हुन्छ ।फेरि काग र कोइलीका पनि आफ्नै खालका विशेषता हुन्छन् । त्यस किसिमको विशेषता चिनाउने केही उखानहरू यसप्रकार छन् ।

- **कुकुरलाई  कमलो क्या** ? (कुकुरका लागि कपास के ? )
- **स्याल पनि मऱ्यो कराउनु पन रयो ।** ( सयाल पनि मऱ्यो कराउनु पनि रोकियो ।)
- **कागका चल्ला कागैतिर, कोइलीका चल्ला कोइलीतिर ।** (सबै आफ्नै गोलमा)

### ५.२.१.७ लोकविश्वास सम्बन्धी

लोकविश्वासमा लोकजीवन आधारित हुन्छ । त्यसभित्र विभिन्न किसिमका लोकमान्यताहरू घर बनाएर बसेका हुन्छन् । रुकुमेली जनजीवन पनि यस मान्यताबाट टाढा छैन । यहाँ ईश्वर प्रतिको आस्था एवम् विश्वास कायमै छ । कमैमा होइन भाग्यमा विश्वास गर्ने प्रवृत्ति निकै बलियो रुपमा अडेको छ । रुढिगत मान्यता तथा अन्धविश्वासले ग्रस्त यहाँको जनजीवन र सम्वद्ध उखान यहाँ निकै प्रचलनमा आएका पाइन्छन् । जस्तै

- **गहतका झोलानु जात फाल्नु ।** ( गहतको झोलामा जात फाल्नु)
- **दैवको खेल ,को जान्दो हो** ? ( दैवको खेल कसले जान्दछ ?)

### ५.२.१.८ स्थान सम्बन्धी

ठाउँ विशेषलाई झल्काउने उखान पनि यस जिल्लामा प्रचलित छन् । ती विभिन्न ठाउँका विभिन्न विशेषता हुन्छन् जसको चिनारी निम्न उखानबाट मिल्दछ ।

- **मुसीको मान्छे, जुम्रीको घार ।** ( मुसीको मान्छे,  जुम्राको घार।)
- **रुकुमकोटे चाना, मुसीकोटे दाना** ।)
- **गयो चुनबाङ ,भयो काम न माम, ।**

### ५.२.१.९ खानपान सम्बन्धी

खानपानका कुराहरू पनि उखानमा प्रस्तुत भएका हुन्छन् । नखाएको र खान नमिल्ने वस्तु स्वादका बारेमा चर्चा-परिचर्चा गर्नु उचित हुँदैन भन्ने भनाइ यहाँका उखानमा जीवन्त छ भने आफ्नो भागमा परेको खानु पर्छ तर अरुको भागको डाह गर्नु हुँदैन भन्ने मान्यता पनि यहाँका उखानले बोकेका छन् । यहाँ यदाहरणका लागि केही उखान दिइएका छन् ।

- **कैले बाउनले च्याउ खायो र ? ।** ( कहिले बाहुनले च्याउ खायो र ? । )
- **भागानु आयाको खानू, काल आयाको लानु ।** ( भागमा परेको खानु,काल आएपछि मर्नु )
- **भोक लायाका बेला जे खाया भातै ।** (भोक लोगेको बेला जे खाए पनि भात जस्तै हुन्छ ।)

### ५.२.१.१० प्रकृति सम्बन्धी

प्रकृतिमा हुने परिवर्तन, घाम पानी आदिका बारेमा उल्लेख भएका उखान पनि यहाँ भेटिन्छन् । कतै घाम, कतै छाया, कतै पानी यो त प्रकृतिको नियम नै हो । जसको चिनारी उखानबाट मिल्ने गर्दछ । जस्तै

- **कैलै पाखा घाम, कैलै खोल्सा घाम ।** (कहिल्यै पाखामा घाम,कहिल्यै खोँचमा घाम ।)
- **पुस माघ आगो हौंला वैशाख छायां हुंला ।** (पुस माग आगो हुँला, वैशाख  छाया  हुँला ।)
- **पानी रुजाउँदो, कोर कोर्‍याउँदो ।** (पानीले भिजाउँछ, कोरले कोरी बनाउँछ ।)

### ५.२.१.११ हांस्यव्यङ्ग्य सम्बन्धी

समाजमा हुने अनेकौं विकृति र विसङ्गतिहरूलाई विषयवस्तु बनाएर व्यङ्ग्यात्मक रुपले उखानले उखानका माध्यमबाट व्यक्त गरिन्छ । यस प्रकारका उखानले एकातिर सामाजिक विसङ्गति एवम् विकृतिप्रति कडा प्रहार गरिएको हुन्छ भने अर्कातिर हाँसोको अनुभूति दिलाएको हुन्छ । त्यस्ता केही उखानहरू हुन् :

- **तन्नेरीका साथ लागी, बूडी पोइला सुइंकी ।** (तन्नेरीका साथमा लागी, बूढी पोइला दौडी । )
- **मऱ्याका बागका जुँगा समाउँन्या, ढल्याका रुखानु  चड्न्याँ ।** ( मरेको बाघका जुँगा समात्ने, ढलेको टुप्पा चढ्ने । )

### ५.२.२ संरचनाका आधारमा उखानको वर्गीकरण

रुकम् जिल्लामा प्रचलित नेपाली उखानलाई संरचनाका आधारमा पनि वर्गीकरण गर्न सकिन्छ । यहाँ प्रचलित सबै उखानहरू समान संरचनाका छैनन् । कुनै उखान छोटा छन् भने कुनै लामा छन् । लय, प्रश्नात्मकता आदि दृष्टिले पनि ती फरक फरक छन् । त्यसैले रुकुम जिल्लामा प्रचलित नेपाली उखानलाई संरचनाका दृष्टिले आकारका आधारमा लयका आकारमा र प्रश्नात्मकताका आधामा वर्गीकरण गर्न सकिन्छ :

### ५.२.२.१ आकारका आधारमा उखानको वर्गीकरण

रुकुमेली उखानलाई आकारका आधारमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ

**(१) छोटा उखान**

यस अध्ययनमा फेला परेका रुकुम जिल्लामा प्रचलित उखानहरूमा सबभन्दा छोटा रुपका उखान तीनदेखि चार शब्दसम्मले बनेका छन् । तिनका केही नमुना यसप्रकार छन् :

- **एक्लो खेतालो लगाइ सरी ।** ( एक्लो खेताला लगाएझैं ।)
- **काम छाडी गफ ।** (काम छोडेर गफ गर्नु ।)
- **जान बार कुकुर तेर ।** (परिवार बाह्र कुकुर तेह्र ।)
- **खरो दिना खरा लिना ।** (छिटो दिनू छिटो लिनू ।)
- **साँड जुदाइ पाठा मिचाइ ।** (साँढे जुध्छन्, पाठा मिचिन्छन् ।)

**(२) लामा उखान**

यस जिल्लामा प्रचलित नेपाली उखानहरू मध्ये लामा उखानका रुपमा बढीमा बाह्र शब्दले बनेका उखानहरू भेटिएका छन् । तिनका केही उदाहरण यसप्रकार छन्

- **बाखो खायो भनीँ चिन्ता नाइँ, बाग पल्क्यो भन्या झर्को ।** (बाखी खायो भन्ने चिन्ता छैन, बाघ पल्कियो भन्ने चिन्ता ।)
- **काँ जाऊँ भन्दो बाहदो बतास, याँ आ भन्दो भगौति ढुङ्गाको ओढार ।** ( कहाँ जाउँ भन्छ बाहेको बतास, यहाँ आ भन्छ भगौति ढुङ्गाको ओढार ।)
- **जैल थियो सरी उइले रहें परी, जब लाग्यो दुन्याँ तब कान सुन्याँ ।** (जहिले थियो सरी, उहिले रहें सुती, जब लाग्यो दोब्बर तब कान सुनें ।)

### ५.२.२.२ प्रश्नात्मकका आधारमा उखानको वर्गीकरण

प्रश्नात्मक दृष्टिकोणबाट यहाँका उखानहरू तीन प्रकारका भेटिन्छन् :

**(१) सामान्य उखान**

यस जिल्लामा प्रचलित नेपाली उखान मध्ये धेरैजसो सामान्य किसिमका छन् भने कही उखान प्रश्नात्मकता पनि भेटिन्छ । यहाँ प्रचलित सामान्य उखानका नमुनाहरू निम्न प्रकारका छन् :

- **चाइदाको बाउन, नचाइदाको ठगाहा ।** ( चाहिएको बेला बाहुन ,नचाहिएको बेला ठगाहा ।)
- **दैलो सम्भी घरै, चुलो सम्भी घरै ।** (दैलो सम्भी घरै, चुलो सम्भी घरै ।)
- **हात हातै हतियार ।** ( हात हातमै हतियार ।)

**(२) प्रश्नात्मक उखान**

यस प्रकारका उखानमा कथयिताले प्रश्न सोधेको जस्तो भान हुन्छ तर प्रश्नात्मक उखानको प्रयोगका पछाडि प्रसङ्ग र भाव लुकेको हुन्छ । त्यस्ता केही उखानहरू हुन् :

- **अब क्या मालिक उनै संसार छाडिन् ?** ( अब के मालिक उनैले आकाश छोडिन् ?)
- **अर्काले दियोको मई, कति खाई ?** ( अर्काले दिएको मही, कति खानु ?)
- **तेरो हुँदो म छु भन्नी, को थियो उत्तिको ?** ( तेरो हुँदो म छु भन्ने को थियो तस्तो ? )

**(३) प्रश्नोत्तरात्मक उखान**

प्रश्न र उत्तरको एकसाथ प्रस्तुति भेटिने उखान प्रश्नोत्तरात्मक उखान हुन् । यस जिल्लामा प्रचलित केही त्यस्ता उखानहरू उदाहरणका लागि तर दिइएका छन् ।

- **आटाको लागि किन ढुक्तन्छस् गोरु ?**
- **याँ क्या मई छ ? पानी ।** ( यहाँ के मही छ ? पानी )

### ५.२.२.३ लयका आधारमा वर्गीकरण

यहाँका उखानमा लयात्मकता पनि भेटिने भएकाले लयका आधारमा पनि यिनलाई वर्गीकरण गर्न सकिन्छ । लयका आधारमा दुई किसिमले वर्गीकरण गर्न सकिन्छ

(१) **लयविहीन उखान**

गद्यको रुपमा बनेका उखानमा लयात्मकता पाइँदैन । यहाँ यस किसिमका उखान बढी मात्रामा पाइने भए तापनि नमुनाका लागि केही उखानहरू प्रस्तुत गरिएका छन् :

- **हराम बलियो भए निको हुँदैन ।** (खराब बलियो भए राम्रो हुँदैन ।)
- **बाटो हेर्दाई दिन गए ।** ( बाटो हेर्दै, दिन गइसके ।)
- **गिद्दका नाक छिटो परेनु हुनु ।** (गिद्धका नाकमा छिटो परेझैँ हुनु ।)
- **जुवारीको भर हुँदेन ।** (जुवाडेको भर हुदैन ।)

(२) **लयात्मक उखान**

यहाँका केही उखान लयात्मक छन् । तुकबन्दीयुक्त उखान हुनाले तिनमा लयात्म्कता पाइन्छ । केही लयात्मक उखानका नमुना निम्नप्रकार छन् :

- **बाघ आयो भन्दा, मेरो ग्वाला सुत्छ ।** ( बाघ आयो भन्छन्, मेरा ग्वाला सुत्छ ।)
- **जान्दानु लाज, अरुनु बतास ।** (जान्नेलाइ लाज, अरुलाई बतास ।)
- **जोतिसीका होस् नाइँ, धामीका खोरा नाइँ ।** ( जोतिषका होरा नाइँ, धामीका टाउका नाइँ ।)
- **जो जस्तोतस्तो, उइ अग्ला बस्तो ।** ( जो जस्तोतस्तो, उई माथि बस्तो ।)
- **तमाखुको खार मीठो, जुवाको हार मीठो ।** ( तमाखुको खार मीठो, जुवाको हार मीठो ।)

## ५.२.२.४ चिन्तानका आधारमा उखानको वर्गीकरण

समाजमा बसोबास गर्ने मानिसहरू विभिन्न किसिमका चिन्ताबाट ग्रसित हुन्छन् । तिनमध्ये कसैले नयाँ समाजको निर्माण गर्ने परिवर्तनकारी सोच लिएको हुनछ भने कसैमा यथास्थितिवादी चिन्तने जरो गाडेको हुन्छ । यस किसिमको चिन्तनको द्योतन उखानबाट भएको पाइन्छ ।

(१) **परिवर्तनकारी चिन्तनयुक्त उखान**

समाजको मूल रोगका रुपमा रहेको रुढिगत मान्यता एवम् परम्परागत चिन्तनलाई त्यागेर नयाँ भावनाहरू समाज समक्ष पुऱ्याउने सोच बोकेका परिवर्तनकारी चिन्तनयुक्त उखान पनि यहाँ पाइन्छन् । यस्ता उखानमा आँट एवम् साहसको बयान पनि भेटिन्छ । केही त्यस्ता उखानहरू कुन :

- **कि जँगार पस्नैन जँगार पस्या तिगडा कमाउँनैन ।** (कि जँगार पस्नुहुँदैन, जँघार पसे तिङघ्रा कमाउनु हुँदैन ।)

- **ताता पानीले घर बल्दैन, गालीले मान्छे मदैन ।** (तातो पानीले घर बल्दैन, गालीले मान्छे मर्दैन । )

- **नेताको पाउ मल्ना भन्दा ता, दु:खीको घाउमल्नु निको ।** नेताका पाउ मल्नुभन्दा दु:खीको घाउ मल्नु राम्रो ।)

- **याँका ठालु, त्याँका ठालु, कुला पँदालाका क्याका ठालु ?** (यहाँका ठालु त्यहाँका ठालु, कुलो पँधालोका के का ठालु ?)

(२) **परम्परागत चिन्तानयुक्त उखान**

यस जिल्लामा परम्परागत मान्यता बोकेका वा यथास्थितिवादी चिन्तन भएका उखानहरू पनि प्रचलित छन् । पुरानो परम्परा, रुढिवादी, अन्धविश्वास आदिको प्रस्तुत ती उखानमा भेटिन्छ । त्यस्ता उखानका कही नमुनाहरू निम्न बमोजिम छन् :

- **अभागी चाँदो तलतिर जाँदो ।** (अभागी निधार असजिलोतिर जान्छ ।)

- **दैवको जान्नु, को जान्दो हो ?** ( दैवले जान्ने, कसले जान्दछ ?)

- **बाटो छोटो देक्दैन, कर्म खोटो देक्नु ।** ( बाटो छोटो नदेखी भाग्य खोटी देख्नू ।)

## ५.२.२.५ प्रचलित क्षेत्रका आधारमा उखानको वर्गीकरण

कुनै उखान स्थानीय तहमा मात्र प्रचलित हुन्छन् भने कुने व्यापक सेरोफेरोमा फैलिएको हुन्छन् । जुन उखान स्थानीय परिवेशमा जन्मी त्यहाँकै लोकजीवनमा सीमित रहेका हुन्छन् त्यस्ता उखानलाई स्थानीय उखान भन्न सकिन्छ भने अन्यत्र पनि प्रचलनमा रहेका उखानलाई स्थानीय उखानको संज्ञा दिन मिल्दैन । तसर्थ रुकुमेली उखानलाई प्रचलित क्षेत्रका आधारमा दुई भागमा बाँडन सकिन्छ :

(१) **स्थानीय उखान**

रुकुम जिल्लामा मात्र प्रचलित रहेका र यहाँका स्थानीयतालाई झल्काउने खालका उखान स्थानीय उखान हुन् । नमुनाका लागि केही त्यस्ता उखान यहाँ प्रस्तुत गरिएका छन् :

- **खानु दिन पन्धारा नखानु दिन खीरपाटा ।** (खाने दिनमा पन्धारा, नखाने दिनमा खीरपाट ।)

**- जाँ भयो खाना कै कुरा जैरे बिग्रेको ।** (जहाँ भए खानाकै कुरा जैरे  बिग्रेको ।)

**- तैरै बोका ,तैरै चाँदा ठोक्या ।** ( तेरो बोका, तैरै चाँदा  ठोका ।)

**- लक्का जोई, लुते पोई ।** (तन्नेरी जोई, लुरे पोइ ।)

(२) **अन्यत्र पनि प्रचलित उखान**

अन्यत्र प्रचलनमा आएका केही उखान यस जिल्लामा पनि प्रचलित छन् तापनि तिनमा भाषिक भिन्नता भेटिन्छ । तिनलाई यसमा समेटेर हेर्ने सकिन्छ ।

**- खतिका बेला मति आउँदैन ।** ( खतिको बेला मति आउँदैन ।)

**- घर पिडालु बन पिडालु, ससुराल गयाँ हात लामा पिडालु ।** ( घर पिँडालु वन पिँडालु, ससुराली गएँ हात लामा पिँडालु ।)

**- मूल सोरी पानी खानु, कुल सोधी छोरी छान्नू ।** ( मूल सोहोरेर पानी खानू, कुल सोधेर छोरी ल्याउनू ।)

## निष्कर्ष

यस वर्गीकरणका आधारमा के भन्न सकिन्छ भने रुकुम जिल्लामा प्रचलित नेपाली उखानहरु विभिन्न विषयवस्तुसँग सम्बन्धित छन् । त्यसो भएको हुनाले नै तिनमा त्यहाँको लोकजीवनका कथा, व्यथा, आस्था एवम् विश्वास, कृषि- व्यवसाय, पशुपक्षीं, आर्थिक अवस्था खानपान आदि कुराहरू अत्यन्तै सूक्ष्म रुपले अंकित भएको पाइन्छ। संरचनात्मक दृष्टिमा पनि ती उखानहरू पृथक-पृथक देखिन्छन् । संरचनालाई विचार पुऱ्याई तिनको वर्गीकरण गर्दा आकारगत भिन्नता एकातिर छ भने अर्कातिर लयात्मकता र प्रश्नात्मकताले पनि ठाउँ पाएको प्रष्ट देखिन्छ । यसरी रुकुम जिल्लामा प्रचलित नेपाली उखानलाई विभिन्न किसिमले वर्गीकरण गरिएको छ तापनि अझै तिनको वर्गीकरणको ढोका बन्द गरिएको छैन ।

# परिच्छेद : छ

# रुकुम जिल्लामा प्रचलित नेपाली उखानको विश्लेषण

उखानमा एकातिर लोकजीवनको व्यावहारिक पक्ष दिग्दर्शन भएको हुन्छ भने अर्कातिर नैतिक, धार्मिक/सांस्कृतिक आदि कुराको चित्रण पनि गरिएको हुन्छ । रुकुम जिल्लामा प्रचलित नेपाली उखानमा पनि यिनै कुराको प्रस्तुति भेटिन्छ । उखानका संरचनागत विशेषता पनि आफ्नै प्रकारका हुन्छन् । अत : यी सबै कुराहरू ख्याल गर्दै विभिन्न कोणबाट उखानको विश्लेषण गर्न सकिन्छ । यहाँ विषयवस्तु चिन्तन, संरचना, भाषिक पक्ष शैली । व्यापकताका कोणबाट रुकुमेली उखानको विश्लेषण गरिएको छ ।

## ६.१ विषयका आधारमा उखानको विश्लेषण

लोकसाहित्यका अन्य विधामा झैं उखानमा पनि विषयगत विविधता भेटिन्छन् । उखान आकारमा साना भएर पनि तिनले विभिन्न विषयलाई समेटेका हुन्छन् । जे होस् उखान स्थानीय भूगोल, इतिहास र सामाजिक विषयसँग सम्बन्धित हुन्छन् । ती खारिएको मस्तिष्क र पाकेको अनुभवका उपज भएका हुनाले तिनमा उपदेशात्मककता पनि हुन्छ । त्यसैले न उखान विभिन्न विषयवस्तुमा आधारित हुन्छन् । रुकुम जिल्लामा प्रचलित नेपाली उखानलाई विषयगत विविधताका आधारमा विभिन्न कोणबाट विश्लेषण गर्न सकिन्छ ।

### ६.१.१ सामाजिक-साँस्कृतिक पक्ष

व्यक्तिको समष्टि रुप नै समाज हो । त्यसैले समाजलाई व्यक्तिको साझा घर हो भन्न सकिन्छ । व्यक्ति समाजको बीचबाट जन्मिन्छ र विभिन्न परिस्थितिको सामना गर्दै हुर्किन्छ र उसको सामाजिक व्यक्तित्व निर्माणमा समाजले उल्लेखनीय भूमिका खेलिरहेको हुन्छ । यस क्रममा ऊ अनेकौं अनुभवहरूलाई सँगालेर जीवनयात्रामा लम्किरहन्छ । यसरी व्यक्तिका जीवनयात्राका क्रममा सँगालिएका ती तीता- मीठा अनुभवहरू उखानका माध्यमबाट प्रस्तुत हुने गर्दछन् ।

समाजमा बस्दा, काम गर्दा र परिवारिक व्यवहारका सन्दर्भमा पनि व्यक्तिलाई विभिन्न कुराको खाँचो महसुष हुन्छ । परिवारिक सम्बन्ध, नातगोता र छरछिमेकका बारेमा धेरै कुरा बुझ्दै र सामाजिक व्यवहार पनि सञ्चालन गर्दै जानुपर्ने हुन्छ । तसर्थ समाजमा कसरी

हेलमेल हुने, घरपरवार, दाजुभाइ, छरछिमेक आदिका बीच कस्तो व्यवहार सञ्चालन गर्ने तथा समाजमा नारी र पुरुषको स्थान एकम् सम्बन्ध कस्तो हुनुपर्छ ? भन्ने जस्ता थुप्रै प्रश्न र तिनका उत्तर पनि यहाँका उखानमा भेटिने गर्छन् । यसबाहेक चाडवाड, मेलापर्व आदि लोकसंस्कृतिजन्य कुराका वैशिष्ट्य पनि यहाँका उखानमा भेटिन्छन् ।

परिवारका सदस्यहरू बीचको सम्बन्ध, छिमेकी-छिमेकी बीचको सम्बन्ध र साथीसँगको सम्बन्धको चर्चा पनि उखानमा भेटिन्छ । त्यसरी नै धर्म, संस्कृति आदिको प्रस्तुति पनि यहाँका उखानमा पाइन्छ । बाबुआमाले आफ्ना छोराछोरहिरूलाई दिने माया र उनीहरूबाट प्राप्त हुने अर्तिउपदेशका कुराहरू उखानमा राम्ररी प्रकट भएका हुन्छन् । बाबुआमाबाट एकातिर आफ्ना छोछोरीहरु गलत बाटातिर नलागून् भन्ने सोचाई लिइएको हुन भने अर्कातिर छोराछोरीहरू भने भनेको नमानी बेवास्ता गर्छन् । यो वास्तविकता यहाँ प्रचलित **आमाले फकाउदा नमान्ने बुवाले हकार्या नमान्ने** ( आमाले फकाएको पनि नमान्ने, बुबाले हकारेको पनि नमान्ने) भन्ने उखानले देखाउँछ । जति माया ममता बाबुआमाबाट पाउन सकिन्छ त्यति अरूबाट पाउन सकिदैन भन्ने तथ्य **आमाका लाउरे, बुवाका लाउरे, अरुका दाउरे** ( आमाका लाहुर, बुबाका लाहुर हरूका दाउरे) मा भेटिन्छ ।

समाजमा बस्दा, उठ्ता र अनय कार्य गर्नुपर्दा सहयोगको अपेक्षा गरिनछ । त्यस्तो अवस्थामा आफ्नो मान्छेबाट मिल्ने सहयोग निकै प्रशंसनीय हुन्छ । हुन त मुखले सहयोग दिनेहरू धेरै भिटिन्छन् तर व्यवहारमा उतार्नेहरू भने भेटाउन कठिन हुन्छ । आफुलाई असजिलो पर्दा आफन्तबाट पाइने सहयोगमा निरन्तरता रहन्छ । त्यसैले आफन्तजस्तो अरु हुँदैन भन्ने कुरा **आफ्ना जसो आर्को हुन्न, काम्ला जसो बर्को हुन्न** ( आफ्ना जस्तो आर्को हुँदैन, काम्ला जस्तो बर्को हुँदैन ) भन्ने उखानमा व्यक्त भएको छ । त्यसरी नै यहाँका उखानमा साथित्वको भावना पनि छचल्किएको पाइन्छ । आफूले खाँदे गरेको भात छोड्न नहिच्किचाउने तर सङ्गत छोड्न नमान्ने स्वभावका मानिसहरूको सङ्ख्या पनि कम हुँदैन त्यस किसिमको प्रवृत्तिलाई पनि रुकुमेली उखानले समेटेको छ । भात छोड्न सकिन्छ तर साथ छोड्न सकिदैंन भन्ने कुरा **भात छाडिन्छ,, साथ छाडिंदैन** । (भात छोडिन्छ, साथ छोडिन्न) मा आएको छ ।

मानव जीवनमा विभिनन किसिमका संस्कारले ठाउँपाइआएका छन् । ती संस्कारअनुसार गरिने कर्ममा छरछिमेकको सहयोगग अपरिहार्य ठहर्छ । मान्छे जन्मँदा, विवहा ब्रतबन्ध गर्दा, त्यस्तै अन्य शुभकार्य गर्दा र मर्दामा नाताकुटुम्ब र छरछिमेकको सहयोग अत्याबश्यक हुन्छ । त्यस्ता संस्कारगत कार्य पूरा गर्नका लागि छरछिमेकको आवश्यकता

पर्दछ भन्ने कुरा **जिउँदोको जन्ती, मर्दाको मलामी** ( जिउँदोमा जन्ती मरेमा मलामी ) भन्ने उखानमा प्रकट भएको पाइन्छ । त्यसरी नै आफन्तको अभावले गर्दा मान्छेको लासले पनि कुकुरको लासमा परिणत हुनुपर्ने अवस्था आउँछ । यही कुरा **कडो नभाको घडो, साथ नभाको मरो** ( कडो नभएको गाग्री, साथ नभएको मरो ) मा व्यक्त भएको छ ।

यहाँ विवाहा, व्रतबन्ध जस्ता संस्कारमा मागल गाउने चलन छ । तसर्थ मागलले संस्कृतिलाई चिनाउनेदेखि जोगाउनेसम्म काम गरेको हुन्छ । **पराबाट जन्त आयौ मागल सिक रौंडौ** (परबाट जन्त आयो मागल सिक राँडहरू हो ) ले संस्कृतिको चिनारी दिन्छ उखानले चाडपर्वका विशेषताको प्रतिनिधित्व पनि गरेका हुन्छन् । यस जिल्लामा वैशाख सङ्क्रान्ति र माघेसङ्क्रान्ति र तीजमा खाइने मीठामसिना खाने कुराहरु यहाँको जनजीवनका लागि महत्वपूर्ण हुन्छन् भो ती चाड पर्व त्यत्तिकै रमणीय मानिन्छन् ।

तसर्थ **माघेमा चेत गरी खानु, तिजमा बिचा गरी खानू** भन्दै यस उखानले स्थानीय चाडपर्वका वैशिष्ट्यलाई समेटेको छ ।

यहाँका उखानमा प्रेमप्रसङ्ग पनि भेटिन्छ । यहाँ युवती बीचको मायाप्रेम निकै गहिरो हुन्छ । उनीहरू परस्पर भेटघाट गर्न निके आतुर देखिन्छन् तर अनेकौं अपठ्याराहरूले त्यसमा तगाराको काम गरेका हुन्छन् । माया प्रेमको सीमा र परिमाण पत्ता लगाउन कठिन हुन्छ । प्रत्येक पलमा प्रेमी-प्रेमिका एक अर्कालाई सम्झि रहन्छन् र उनीहरूका आँखामा भएको मायाको पोको खोल्न खोज्छन् तर सम्भव हुँदैन । त्स अवस्थामा माया नभएको होइन तर भएर के गर्ने ? भन्ने कुरा दैलामा बाँधेको कुकुर के गर्छ माया भए ? ) भन्ने उखान पाइन्छ । त्यसरी नै **जार पल्केकी आइमाइ, खार पल्केको बाखो** ( जार पल्केकी आईमाई, खार पल्केको बाखी ) ले पनि प्रेमप्रसङ्गलाई समेटेको छ । रुकुमेली समाजमा कतै कतै एउटै लोग्ने दुईवटी स्वास्नी राखेको दैख्न पाइन्छ । दुईवटी स्वास्नी ल्याउनु घरमा तनावलाई भित्र्याउनु हो र स्वयं लोग्नेका लागि कष्टकर हो भन्ने कुरा **दुई जोईको पोइ**, **पानी ल्याउनु तोई** ( दुई जोइको पोइ पानी ल्याउनु तैं )मा प्रष्टिएको छ र घरमा भुटीभाङ नहुनेहरू घरबाहिर निस्कँदा रवाफ देखाउन खोज्छन् । यसको चित्रांकन **बाहिर फुटानी गर्छे तेइ नुनपानी घर नाइँ** ( फुस्रो गर्छ फूर्ति, घरमा नुनपानी छैन) भन्ने उखानमा उखानमा भएको छ । खर्चालु मानिस हातमा भएको पैसा खर्च गर्न नपाए आत्तिन्छ । यस कुरालाई संकेत गर्दै **फुर्चाको धन डाँडामँ कल** ( फुस्राको धन डाँडामा कल) भन्ने उखान रुकुमेली समाजमा प्रचलित छ ।

यहाँको समाजले नारी र पुरुषमाथि दुई किसिमका दृष्टि राख्दछ । पुरुषलाई हेर्ने दृष्टिकोण भिन्नै छ भने नारीहरू आफूमा भएको क्षमतालाई पनि देखाउन पाउँदैनन् । यो

यहाँको पितृसत्तात्मक समाजको विधान नै बन्न पुगेका छ । यस्तो समाजका पुरुषले नारीर्ला खेलौनाका रुपमा लिने ऋममा नाना किसिमका जाल रच्ने गर्छन् । **आइमाइ बुझाउनु, कनिका रुझाउनु** ( आइमाईलाई बुझाउनु, कनिका रुझाउनु) भन्ने उखानमा कनिका भिजाउन धेरै समय जलागेझैं नारीलाई झुक्याउन पनि ठूलो प्रयाशको आवश्यकता पर्दैन भन्दै नारीको अस्मितालाई शल्का रुपमा लिइएको छ ।

नारीलाई समाजको नेतृत्व सुम्पिनु हुँदैन किन कि उनीहरूमा दृढताको अभाव हुन्छ भन्ने सोचाइ यहाको पुरुषप्रधान समाजमा रहेको छ । **आइमाइ नेती बाटो देखाउनी बाखो** ( आईमाई नेतृ, बाखी बाटो देखाउने ) भन्ने उखानमा आईमाईले बढी जान्ने हुनहुँदैन भन्ने कुरा व्यक्त भएको छ । त्यसरी नै आईमाईमा निर्णय दिने क्षमता हुँदैन तसर्थ उनीहरूद्वारा गरिने काम भरिलो हुँदैन भन्ने नारीविरोधी धारणा यहाँको पुरुषप्रधान समाजमा व्याप्त छ । आइमाइले बढी जान्नु, काम विगार्नु हो  भन्दै बहकिने प्रवृत्ति यहाँका पुरुष वर्गमा पाइन्छ जुन कुरा उखानले देखाउन मद्दत पुऱ्याएका छन् । नारीहरूलाई खेलौनाका रुपमा लिने, अधिकारहीन बनाउने र उनीहरूको भविष्यलाई अँध्यारोतिर धकेल्ने प्रवृत्ति यहाँको समाजमा ज्यूँका त्यूँ छ ।

रुकुमेली समाज विभिन्न खालका व्यक्तिहरूले बनेको छ । अतः त्यहाँको समाजलाई कतिपय नराम्रा संस्कारले गाँजेका छन् । अरुको भलो देखी नसहनेहरूले अरुको कुभलोमा रमाउने प्रवृत्ति बजुराली समाजमा विद्यमान छ भन्ने कुरा यहाँका उखानमा पाइन्छ । अरुका लागि होइन आफ्नै लागि कमाउनुपर्छ अनि अरुलाई बचाउने होइन आफूले बाँच्नु पर्दछ भन्ने भनाइलाई **आफू त काँ ? तरै चुल्ठो** ? ( आफू त कहाँ ? तेरै चुल्ठो ) ले पंतिनिधित्व गर्दछ । यस अभिव्यक्ति छ भने एकातिर आफ्नो व्यवस्था मिलाउन भयाइएकै छैन हरूको कसरी मिलाउने भन्ने अभिव्यक्ति छ भने अर्कातिर आफ्नो ज्यान नजोगाई अरूको कसरी जोगाउने भन्ने अभिव्यक्ति पनि रहेको छ ।

## ६.१.२ नीतिचेतना तथा उपदेश

उखानहरू उपदेशात्मक एवम् नीतिचेतमय हुने भएकाले रुकुम जिल्लामा प्रचलित नेपाली उखानलाई पनि यस कोटिमा राखेर विश्लेषण गर्न सकिन्छ । व्यक्तिले आफ्नो जीवनयात्रामा बटुलेका विभिन्न किसिमका अनुभवहरूका सँगालोका रुपमा उखानलाई लिइने गरिन्छ । तसर्थ उखानमा कते नीतिचेतना कतै उपदेश भेटाउन सकिन्छ । यस्ता उखानले जीवनको बाटो बिराउन लागेका व्यक्तिहरूलाई सही दिशातिर डोऱ्याई उनीहरूलाई गलत

बाटादेखि सावधान हुनमा मद्दत पुऱ्याएका हुन्न् । यिनै कुराहरू रुकुमेली उखानमा प्रकट भएका छन् ।

जीवनका विभिन्न क्षणमा विभिन्न किसिमका कठिनाई आउने गर्छन । ती समस्याहरू सँग परिचित हुँदे समाधानका बाटाहरू पहिल्याउनु पर्छ । यस क्रममा भोक, रोग, दुर्घटना जस्ता भयावह स्थितिको सामना गर्नुपर्ने अवस्था जन्मिन्छ । तसर्थ त्यसमा सचेतताको खाँचो पर्ने कुरा **अनिकालमा बीउ जोगाउनूँ, भीडभाडमा जीउ  जोगाउनूँ** (अनिकालमा बीउ जोगाउँनू भीडभाडमा जीउ जोगाउनू) भन्ने उखानमा व्यक्त भएको छ । कुनै काम गर्दा गल्तीले सजगताको बीजारोपण गर्ने कुरा पनि यहाँका उखानमा प्रष्ट देख्न पाइन्छ । **अगाडिको लोटी मरौ, पछाडिको चनाखो परोस्** । (अगाडिको लोटेर मरोस् पछाडिको चनाखो बनोस्) भन्ने उखानमा उक्त कुरा व्यक्त भएको छ ।

यहाँ गाउँघरका बूढापाकालाई सम्मानजनक दृष्टिले हेर्ने गरिन्छ साथै उनीहरूबाट व्यक्त हुने ज्ञानगुनका कुरालाई निकै चासो लिएर सुन्ने र मनन गर्ने गरिन्छ । बूढापाखाहरूको मुखबाट गल्ती कुरा फुत्किन्न भन्ने जनविश्वास पनि निकै दरो किसिमको छ । तिनका प्रत्येक कुरा अर्तीमय हुन्छन् भन्ने मान्यता यहाँ पाइन्छ । **आगो ताप्नु मुडाको, कुरो सुन्नु बूडाको** ( आगो ताप्नु मुढाको कुरा सुन्नु बूढाको ) भन्ने उखानले मुढाको आगो जति रापिलो हुन्छ त्यति नै बूढापाखाको कुरा तेजिलो हुन्छन् भन्ने मत प्रकट गरेको छ ।

अरुलाई लोभ्याएर आफूले आफूले खानेकुरा खानु मानवता होइन भन्ने मान्यता यहाँ पाइन्छ । **अरुले हेर्दाई ता कुकुरले पन नखाऊ** ( अरुले हेर्दै गर्दा त कुकुरले पनि नखाओस्) भन्ने उखानले उक्त भनाइलाई प्रस्ट्याएको छ । त्यसरी नै अरुको भनाइमा लाग्नेहरू अन्यौलको भुँवरीमा परी भौँतारिरहन्छन् । तसर्थ अरुको कुरा सम्म सुन्नु पर्छ तर आफ्नै बुद्धिले काम गर्नुपर्छ भन्ने मान्यता **कुरो सुन्नु अरुको ,बृद्धि गर्नु आफ्नू** (कुरो सुन्नु अरुको बुद्धि गर्नु आफ्नो ) भन्ने उखानले लिएको छ । यसमा नीतिचेत र उपदेशको भाव सल्बलाएको छ ।

अति भन्ने कुरा राम्रो हुँदैन भन्ने मान्यता रुकुमेली उखानले लिएको छ । सीमाभन्दा बाहिर गएर काम गर्नेहरूको भलो भएको देखिँदैन , तसर्थ **धेरै उम्लको दूध चुला जाँदो** ( धेरै उम्लेको दूध चुलामा जान्छ ) मा उपर्युक्त भनाइ अटाएको छ ।

आफूसँग धेरै अन्न भएको बेला त्यसको सदुपयोग गर्न नसक्दा कुनै दिनमा भोकमरीको चपेटामा पर्नुपर्छ । तसर्थ अन्न फारो गर्नुपर्छ **राखि राखे खान पाइदो, भँकारीका धान** ( बचाइराखे खान पाइन्छ, भकारीको धान) भन्ने उखानले आफूसँग भएको अन्न जुनसुकै परिस्थितिमा पनि काम लाग्ने भएकाले अन्नलाई जोगाएर राख्ने प्रयत्न गर्नुपर्दछ भन्ने उपदेश

छरेको छ । सम्पन्न छु भनेर घमन्डले मात्तिने बिपन्न छु भनेर दु:खले आत्तिनेहरूलाई लक्ष गर्दै **धनी भनी सिरग ओछ्याउँदैनन्, गरिब भनी दरी ओड्नैन** ( सम्पन्न छु भनेर सिरक ओछ्याउनु हुँदैन, विपन्न छु भनेर दरी ओड्नु हुँदैन ) भन्ने उखानले मात्तिने र आत्तिनेहरूलाई उपदेश दिँदै तह लगाउन खोजेको छ । भालु र ठकुरी समान प्रवृत्तिका हुन् भन्दै **भालुका पछाडी नजानू, ठकुरीका बऱ्याँत नजानू** ( भालुलाई खेद्न नजानू, ठकुरीको बरियाँतमा नजानू) भन्ने उखानले हानिकार तत्वदेखि टाढा रहनु पर्दछ भन्ने उपदेश दिएको छ । बुझ्नेलाई बुझाइरहनू नपर्ने तर न बुझनेलाई धेरै सम्झाउनु पर्ने विचार मूर्खलाई सय कुडा, बुझ्नेलाई एक कुडा (मुर्खलाई सय कुरा बुझ्नेलाई जान्नेलाई एक कुरा भन्ने उखानमा निहित छ । नीतिचेतना तथा उपदेशमय यी उखानहरूले मानिसलाई विभिन्न कुराहरू सिकाउदै असल चरित्र निर्माणका लागि रुकुमेली जनजीवनमा प्रेरणा भर्ने काम गरेका छन् । अरु बेत निउण्या, आफूले हात निउणनू (अरुले एक बित्ता निहुरिए, आफूले एक हात निहुरिनु) भन्ने उखानमा आफू सधैं सरल र मिजासिलो हुनुपर्छ भन्ने भाव अन्तर्निहित छ ।

### ६.१.३ रुढी र अन्धविश्वास

रुकुमेली जनजीवन पनि रुढिगत मान्यता र अन्धविश्वासले ग्रस्त छ । रुढिवादी रोगबाट मक्किएका धारणालाई बदल्न नसक्दासम्म समाज विकासबो क्रम अगाडि बढ्न सक्दैन तापनि रुढि र अन्धविश्वासको भावना यस जिल्लाका उखानले बोकिरहकै छन् । विरामी पर्दा र अन्य कुने कार्य गर्नुपर्दा धामी-झाँक्री कहाँ पुग्ने र उनीहरूबाट अर्ती-उपदेश माग्ने चलन यस जिल्लामा विद्यामान छ । डाक्टर वैद्यको भन्दा बढी सम्मान धामीको हुने गर्दछ । खडेरी पर्दा र अनिष्ट आइलाग्दा धामी बसाल्ने गरिन्छ । **घरभरि धामी, भोकमर्दा हामी** ले धामी -झाँक्रीमाथिको विश्वास यथावत् नै छ भन्ने बुझाउँछ ।

रुकुमेलीहरूमा देवीदेवतामाथि विश्वास गर्ने प्रवृत्ति परम्परादेखि नै विकसित हुँदे आएको छ । देवता नपुजेमा रिसाउने र दु:ख दिने गर्छन । तसथृ देवीदेवतालाई खुशी पार्नुपर्छ भन्ने मान्यता रुकुमेली जनजीवनले बोकेको छ । यसा **हेर्दा मेरा माइती, खाईखादो बेताल** ( यसो गर्छन् मेरा माइती, खाइहाल्छ बेताल ) मा देवताप्रतिको आस्था र विश्वास उद्धृत भएको छ । बेताल देवताको इच्छा विपरित कार्य गर्नुहुँदैन, यदि त्यस्तो कार्य गर्नु नै छ भने देवताको आदेश लिएर मात्र गर्नुपर्छ भन्ने अवधारणा यहाँ व्याप्त छ ।

देवतालाई सर्वस्व तिमी नै हौ भन्दै यहाँको समाज ज्यादै पुरानो परम्परा बोकेर ईश्वरीय शक्ति असामान्य शक्ति हो भन्ने मान्यता सहित बाँचिरहेको छ । प**रमेश्वर नभनी**

**देवता पन चिन्दैनन्** ( परमेश्वर नभनी देवता पनि चिन्दैनन् ) जस्तो उखान यहाँ प्रचलित छ। देवताको आरधाना गरिरहनुपर्छ भन्ने रुढिगत मान्यता यस उखानले बोकेको छ।

कुनै मानिसलाई कुष्ठरोग लागेमा देवता रिसाएको ठान्ने चलन यहाँ छ। जसले पाप गर्छ उसले कुष्ठरोगी हुनुपर्छ भन्ने पौरणिक ग्रन्थहरूको भनाइ यस जिल्लामा यथावत् छ। कुष्ठरोगीको आफ्नो रोग अर्कैको कुभावनाबाट उब्जिएको हो भन्दछ। अरु कसैले देवताकहाँ गई आफू विरुद्ध उजुर गर्नाले देवता रिसाई कुष्ठरोग पैदा भएको हो भन्ने कुरा कुष्ठरोगीले अनुमान गर्दछ। **आफू कोढिंदो, अर्कौ बात लाइदो** ( आफू कोरिन्छ, अरुलाई दोष दिन्छ) भन्ने कुरा यस उखानले खुलस्त पारिदिएको छ।

रुकुम जिल्लामा जात, भात, र छुवाछुतको भावना व्यापक मात्रामा रहेको छ। तागाधारीहरू आफ्नो घाँटीमा झुण्डिएको जनैमा जात भएको विश्वास गर्छन। भान्छादेखि बाहिर वा भातभान्छा नमिल्नेको हातको भात खाएमा जात जान्छ भन्ने रुढिगत मान्यता अझै बलियो रुपमा रहेको छ। तागा धारीहरू भात, दाल जस्ता खाद्य पदार्थलाई जुठो मान्ने जर्छन। आफूभन्दा तल्लो जातिले पकाएको भात खाउमा पनि जात गएको ठान्दछन्। यहाँ **गतका झोलामा जात फाल्नु** (गहतको झोलमा जात फाल्नु) भन्ने उखानले उक्त कुरालाई प्रस्तुत गरेको छ।

### ६.१.४ न्याय व्यवस्था

रुकुम जिल्लामा प्रचलित नेपाली उखानले उहाँको न्याय व्यवस्थाको पनि जानकारी दिएको पाउन सकिन्छ। कानुनका नजरमा सबै मानिस बराबर हुन्छन् भनिए तापनि व्यवहारिक रुपमा भने उो भनाइ सत्य भएको भेटाउन सकिन्न भन्ने यहाँको अभिमत छ। अधिकार सम्पन्न वर्गले अधिकारको दुरुपयोग गरिरहेको र कानुनी तराजु पनि एकातिर ढल्किएको अभिव्यक्ति रुकुमेली उखानमा पाइन्छ। **ऐन पनि सानालाई लाग्दो** ( ऐन पनि सानालाई लाग्छ ) तथा **भनूँ त मुख्याकी बुहारी, नभनूँ त भ्रष्ट पाडी** ( भनूँ त मुखियाकी बुहारी नभनूँ त भ्रष्ट पारी ) मा यहाँको न्यायव्यवस्थाको चित्रण भएको छ। हुने खाने वा ठूलावडालाई ऐनकानुन नलाग्ने र निम्नवर्गले नै त्यसको मार दप्नुपर्ने कुरामा साथै गाउँका मुखिया वा तिनका आफन्तले गरेका नराम्रा कुराबारे बोल्न नमिल्ने अवस्थाबारे यी उखानले प्रकाश पारेका छन्।

सम्पन्न वर्गलाई दुःख र पीडाको महसुस हुँदैन तर विपन्न वर्गलाई कुरालाई ती कुराहरूले छोडेका हुँदैनन् भन्ने कुरा रुकुमेली उखानमा स्पष्ट भएको भेटिन्छ। गरिवको जीवनमाथि धनीको रजाइँ हुने हुँदा गरिबहरु कष्टप्रद जीवन जिउन बाध्य भएको हुन्छन्।

तसर्थ उनीहरूले हरेक क्षणमा पीडाको महसुस गर्नुपर्ने कुरा **गरिबलाई जाँ हान्या दुख्छ** (गरिबका जहाँ हान्दा पनि दुख्छ) अर्थात जतातततैबाट गरिबले नै पिल्सिनु पर्छ भन्ने अभिव्यक्ति यस उखानमा पाइन्छ ।

अन्य जिल्लामा झैँ यस जिल्लामा पनि छोरालाई पैतृक सम्पत्तिको अधिकार मान्ने परम्परा बलियो भएको हुनाले उसले पैतृक सम्पत्तिलाई आफूखुसी गनृसक्छ तर छोरी भने त्यस अधिकारदेखि निकै ठाढा छिन् भन्ने कुराको चित्रण यहाँका उखानमा भेटिन्छ । त्यतिमात्र नभई छोरीको जन्म निरर्गक हो भन्ने भनायले पनि जरो गाडेको यहाँको समाजमा छोरा र छोरीप्रति भिन्नाभिन्नै दृष्टि दिइन्छ जसको प्रस्तुति पनि यहाँका उखानमापर्लत हुने गर्छ । **अंश खान्या भए छोरो भई जन्मदी हुंदा** (अंश खाने भए छोरो भएर जन्मन्थिस्) भन्ने उखानमा प्रतृक सम्पत्तिको उपभोग गर्नाका लागि छोरा नै हुनुपर्दछ भन्ने एकपक्षीयभावना चित्रित छ ।

विभिन्न समस्याबाट अवैध सन्तान जन्माउन बाध्य बनाएका महिला र त्यसरी जन्मेको बच्चालाई तुच्छ शब्द प्रयोग गर्ने र ज्यादै तल्लो काटिमा राख्ने चलन रुकुमेली समाज भएको कुरा यहाँ प्रचलित उखानबाट थाहा हुन्छ । चोताको चाड्या, मान्छेको झाड्या (बीउ नछरेर उम्रेको मूला, बाबुको थाहा नभएको बच्चा) भन्ने उखानले जङ्गलमा उम्रिएको मूला जसरी मूल्यहीन हुन्छ त्यसरी नै अवैध सन्तान पनि मूल्यहिन वा अस्तित्व हुन्छ भन्ने कुराको अभिव्यक्ति दिएको छ । यस उखानले एकातिर त्यसरी जन्मिएका बच्चाहरूको अवस्था बोध गराएको छ भने अर्कातिर उनीहरूप्रति सहानूभूति राख्दै उनीहरूको संरक्षण गर्ने कानूनी व्यवस्था हुनुपर्ने आग्रह गरेको छ ।

रुकुम जिल्लामा प्रचलित नेपाली उखानहरूले कानुनका नराम्रा पक्षहरूलाई मात्र नकोट्याई राम्रा पक्षहरूलाई पनि समेटेको पाइन्छ एकै आमाका कोखबाट जन्मेका भाइहरू कानुनका नजरमा समान हुन्छन् भन्दै पैतृक सम्पत्तिमा पनि समान हक हुने कुरा यहाँका उखानले उद्बोध गराएका छन् । तसर्थ **भाइको भाग हत्केलाको रेखा** (भाइका भाग हत्केलाका रेखा) भन्ने उखानले भाइका भाग र हत्केलाका रेखालाई एकाकार गर्दै पैतृक सम्पत्तिमा सबै भाइहरूको उत्तिकै हक र दायित्व छ भन्ने तथ्य प्रस्तुत गरेको छ । त्यसरी नै बाहिरी आकृतिमा जे जति भिन्नता भेटिए तापनि रगत र आत्मा सबैको समान हो भन्ने समतामूलक सोच रुकुमेली उखानले लिएको पाइन्छ । तसर्थ **घर राम्रो भए पनि दैलो ता एकै हो** (घर राम्रो भए पनि दैलो त एउटै हो) भन्ने अभिव्यक्ति रुकुमेली उखानमा भेटिन्छ । घर राम्रो भए पनि दैलो त एउटै हो भनझैँ मानिसहरू राम्रा-नराम्रा वा धनी-गरिब जेसुकै भए पनि सबैको

रगत रातो छ र दुःख, सुख आदिको अनूभूति पनि सबैले गर्ने गर्छन भन्ने अवधारणा यस उखानमा प्रकट भएको छ ।

### ६.१.५ खानपानको बयान

रुकुमेली जनताका जीवनस्तर अनुसारको खानपानको बयान यस जिल्लामा प्रचलित नेपाली उखानमा भएको पाइन्छ । यो एक पहाडी जिल्ला भएकाले यहाँ धानको खेती ज्यादै कम मात्रामा गरिन्छ । त्यसले गर्दा सबैले भात खान पाइरहेका छैनन् । यहाँ भातलाई माथिल्लो दर्जाको खानाका रुपमा लिइन्छ जुन कुराको जानकारी यस जिल्लाका उखानबाट मिल्ने गर्दछ । **भोक लागेका बेला जे खाए भातै** ( भोक लागेको बेला जे खाए पनि भातै) मा भातको महत्व खुलस्त पारिएको छ । यस उखानले एकातिर भाथलाई उच्च कोटिको खानाका रुपमा चिनाएको छ । विवहा, ब्रचबन्ध, श्राद्ध जस्ता संस्कारमा भोजभतेर गर्दा भात पकाउने भलन यहाँ व्यापक छ । खास गरी विवहामा केही राम्रा खानेकरा खान पाइने हुनाले **ब्या गरेका वर्ष खानै खाना, घर लायका वर्ष कामै काम** ( विवहा गरेका वर्ष खानै खाना, घर लगाएका वर्ष कामै काम) भन्दै खानपानको वायन गर्ने गरिन्छ । जसको चिनारी यस उखानले दिएको छ ।

कतै तोरीको पिना खाने चलन पनि रुकुममा पाइन्छ । यहाँ दाल र तरकारीका बिकल्पका रुपमा पिनालाई लिने गरिन्छ । तोरीको पिना ओखलमा कुटी बनाइएको धूलोबाट तयार पारिने पिनाको डल्लामा अमिलो स्वाद हुने हुनाले नै चटनी र कहिले त दालकै रुपमा खाइन्छ । राम्ररी नपाकेको दालभन्दा पिनापानी नै मीठो हुन्छ भन्ने कुरा **सप्र्याको पिनापानी बिगर्याको दाल** ( सप्रिएको पिनापानी, बिग्रिएको दाल) मा प्रष्ट पारिएको छ । यस उखानले रुकुमेली जनजीवनमा पिनाले पनि खाद्यवस्तुका रुपमा परिणत हुने मौका पाएको छ भन्ने कुराको जानकारी मिल्दछ । यहाँ कर्कलो खाने चलन पनि भएकोले धेरैजसोका घरमा कर्कलाको बारी देख्न पाइन्छ । खास गरी वर्खामा खाइने  कर्कलाले खाद्यन्नको काम गरेको हुन्छ अर्थात् कर्कलो पकाई छाक टार्नुपर्ने अवस्था पनि आउने हुनाले त्यसको जानकारी दिने काम रुकुमेली उखानले राम्ररी गरेको छ । कर्कलो धेरै खाँदा पेट बिग्रार्ने डर नखाँदा भोकै बस्नुपर्ने पीर जस्तो द्वन्दात्म्क स्थितिमा रहेर कर्कलो खानुपर्ने हुन्छ । **खाऊँ त कर्कलो, पेट दुख्ने डर , नखाऊँ त कर्कलो, सासू रिसाउने डर** (खाँऊ त कर्कलो पेट बिग्रिर्ने डर, नखाँऊ त कर्कलो सासू रिसाउने डर) भन्ने उखानले कर्कलो नखाई पनि नहुने खाएर पनि डर हुने कुराको सङ्केत गरेको छ । कर्कलो खानमा बुहारीलाई बाध्य बनाइने कुरा पनि यस उखानमा भेटिन्छ । प्राय यस जिल्लाका सम्पूर्ण भागमा गहूँको खेती गरिन्छ तापनि लेकमा भिन्नै जातको गहूँको

खेती हुन्छ जुन गहूँको पीठोको राटी केही खस्रो हुने गर्छ । त्यसलाई 'बड्डी गौं' भनिन्छ । त्यसका बारेमा पनि उखानमा चार्चा भएको पाइन्छ । **खाई हाल्यौ बड्डी गौंका रोटा अब हिड काममा** भन्ने उखानले लेकमा फल्ने बड्डी गहूँको राटी मार्फत रुकुमेली जीवनमा रोटीलाई मुख्य खानाका रुपमा लिने गरिन्छ भन्ने कुरा जनाएको छ । घिउ तेलमा सेल पकाएर खाने कुराको झल्को **घिउ न तेल पका बुडी सेल** (घिउ न तेल, पका बूढी सेल) भन्ने उखानले दिन्छ । त्यसरी नै स्वादिप्ट खानाको रुपमा खीरलाई लिइन्छ तापनि यो सबैका लागि र सबै अवस्थामा सम्भव छैन भन्दै खीर **खाए भयो कि खीर, देख्या भयो** ? ( खीर खाएर पुग्छ कि, खीर देखेर पुग्छ ?) भन्ने उखान खानपानका कुरालाई लिएर आएको छ । धुम्रापानको प्रसङ्ग पनि यस जिल्लाका उखानमा भेटिन्छ । आफैले तमाखुको खेति गरी हुक्का र सोतेमा तमाखु खाने चलन यस जिल्लामा निकै पुरानो छ । हुन त आज भोली धुम्रापानका अन्य साधनहरू प्रचलनमा आएका छन् तर पनि यस जिल्लामा तमाखूको खेती गर्ने चलन यथावत नै छ भन्ने कुरा उहाँका उखानमा पाइन्छ । हिउँदका लामा रातमा छरछिमेकहरू सँगै बसी तमाखु खाने चलन **मेरा घर बस्न आए तमाखु लै आए** (मेरो घरमा बस्न आउने भए तमाखु लिएर आउनू) भन्ने उखानमा अङ्कित भएको पाइन्छ । मानाकोटमा भेटिनेका तमाखुका बारेमा पनि उखानमा चर्चा भएको छ **एक चोटि सबैले खानु, मनाकोटका** तमाखु ( एक चोटि सबैले खानु मानाकोटे तमाखु ) उखानबाट पनि रुकुमेली जनजीवनमा तमाखु खाने चलन व्याप्त छ भन्ने थाहा पाइन्छ । त्यसरी नै **तमाखु जेठाबाट पानी कान्छाबाट** ( तमाखु जेठाबाट पानी कान्छाबाट ) भन्ने उखानमा तमाखु खाँदा जेठाबाट सुरु गर्नु पर्दछ र पानी खाँदा बान्छाबाट सुरु गर्नु पर्दछ भन्ने कुरा प्रष्ट भएको छ । यस उखानले एकातिर उपदेशको काम गरेको छ भने अर्कोतिर खानपानको कुरालाई व्यक्त गरेको छ ।

### ६.१.६ कृषि- व्यवसाय

रुकुम जिल्लामा प्रचलित उखानहरू मध्ये केही उखान कृषि व्यबसायसँग सम्बन्धित छन् । यहाँका अधिकांश जनता कृषिमा आश्रित छन् भने अन्य पेशामा संलग्न व्यीक्तहरू ज्यादै कम पाइन्छन् । त्यसैले कृषि क्षेत्रसँग पूर्ण रुपमा परिचित रुकुमेलीहरू मामभन्दा बढी कामलाई महत्व दिन्छन् । के वैशाख, के असार, के घाम, के पानी यी सबै कुराहरू यहाँको जनजीवनका लागि सामान्य भइसकेका छन् । दुःख-सुखलाई सहयात्री बनाई काम गर्ने रमाउने यहाँको जनजीवन निकै खेतबारीका दिनहरू बितिरहेका हुन्छन् यसको जानकारी उखानबाट प्राप्त हुन्छ । कृषि कार्यमा असार-मङ्सीर जस्ता मानो खाएर मुरी उब्जाउने बेलाको विचार तथा श्रम र समयको सदुपयोग गर्ने कुरा अन्यत्रका उखानमा पनि

पाइन्छन् । यस किसिमको अवस्था रुकुममा पनि छ र रुकुमेली उखानमा पनि कृषिसँग सम्बन्धित विषयले ठाउँ पाएको छ ।

यहाँको जमिनमा सिँचाइ सुविधा उपलब्ध हुन नसक्दा बाली नहुने, खडेरीले कृषिलाई प्रभावित तुल्याएको छ । पानी परे बाली सप्रिने र पानी नपरे बाली बिग्रिने जस्तो जोखिम यहाँका किसानहरूले उठाउनु पर्ने हुन्छ भन्ने कुरा उखानबाट व्यक्त भएको पाइन्छ । **पानी पर्‍या वाई, न त च्यापु चुवाई** ( पानी परे वाई, नत्र च्यापु चुहाइ) मा रुकुमको वाईजस्ता अन्य कतिपय ठाउँहरू छन् जहाँ खडेरीको प्रभाव व्यापक रुपमा पाइन्छ भन्ने कुराको सङ्केत गरिएको छ । आकासे खेतीका भरमा अडेका रुकुमेलीहरू असारको महिना पर्ने पानीलाई खेर जान दिँदैनन् ।

असारको महिनामा ओछ्यानमा पल्टेर दिन बिताउने महिना होइन भन्ने कुराको जानकारी पनि रुकुमेली उखानबाट मिल्ने गर्दछ । असारको महिनामा एक मिनेटको ढिलाइले एक वर्षसम्म प्रभाव पर्दछ भन्ने  कुराको जानकारी **कान कोट्याउँदा असार पछाँउदो** (कान कोट्याउँदा असार पछाँउँछ ) भन्ने उखानले दिएको छ । त्यसैले असारको महिनालाई किसानहरू महत्वपूर्ण महिना ठान्दछन् । त्यसरी नै किसानको पौरखको पारख गदै **मानो खाई मुरी आर्जनु** ( माना खाएर मुरी कमाउनु) भन्ने उखानले अल्छी गरेर बस्नु हुँदैन र जसले अल्छी गर्छ उसले दुःख पाउँछ भन्ने जानकारी दिएको छ । खेतबारीमा सक्दो मलजलको व्यवस्था हुन ुपर्दछ । यदि बारी रुखो छ भने त्यसमा राम्रो प्रतिफलको आशा नगरे हुन्छ, बरु त्यस्तो जग्गामा झारपात नै बढी उम्रिने गर्छ भन्ने कुरा रुकुम जिल्लामा प्रचलित नेपाली उखानमा प्रस्तुत भएको पाइन्छ । यसका लागि **मलिलोमा भाँगो, रुखोमा झार** ( मालिलोमा भाँङ्गो, रुखोमा झारपात) उखान प्रचलित छ । यसबाट भाङगाको खेती गर्नाका लागि मलको आवश्यकता पर्दछ भने अन्न बालिका लागि त मलजलको आवश्यकता नपर्ने कुरा नै भएन भन्ने तथ्यपूर्ण जानकारी मिल्दछ ।

रुकुमेली जनजीवनले अरुको भरमा होइन आफ्नै पाखुरीका भरमा बाँचन सक्नु पर्दछ भन्ने हरूको मुख नताकी आफ्नो खुट्टामा आफै उभिनाका लागि आफैले कमाउन सक्नु पर्दछ भन्ने मान्यता बोकेको छ । **अर्काका भर, कम्मर पसार** (अर्काका भर कम्मर पसार) बाट उक्त कुराको जानकारी मिल्दछ । यहाँ गाईभैँसी पाल्ने चलन भएकाले मही आफूले खाई अरुलाई पनि बाँडने गरिन्छ । जसले गाईभैँसी पालेको हुँदैन अर्थात पालेर पनि दुहुनु छैन भने त्यस्तालाई छरछिमेकले सहयोग गर्ने गर्छन् । तापनि **अर्कोले दियाको मई कति खाई** ? (

अर्काले दिएको मही कति खाइ) भनेझैं आफ्नो घरमा भएको मही जस्तो अरुले दिएको हुँदैन र अघाउन्जेल खान पनि पाईदैन जस्तो गहकिलो अभिव्यक्ति रुकुमेली उखानमा पाइन्छ ।

यहाँको लेकाली भागमा बसोबास गर्ने भोटे जातिले भेडा पालन गरी आफ्नो जिवन व्यवहार चलाउने गर्छन् । भेडाबाट नुन, चामल आदि खाद्य वस्तुको ढुवानी गर्ने हुनाले भेडा पालनलाई व्यवसायकै रुपमा लिएका छन् । उनीहरू आफु सँग जति धेरै भेडा भए उत्तिनै आफूलाई सम्पन्नशाली ठान्दछन् । यदि कसैसँग धेरै भेडा पाल्न सक्ने क्षमता भएन भने त्यत्ति बेला आफ्नो क्षमता अनुसार नै भेडा पाल्न पुग्छन् अनि अरुले भनेको सुनिन्छ **भेडा दुई, गर्दो फुइँ** (भेडा दुई गर्छ फुइँ) यसरी यस उखानले एकातिर कृषि -व्यवसायको चर्चा गरेको भने अर्कातिर व्यङग्यको अंश पनि मिसिएकाले कसैप्रति व्यङ्ग्य गरेको भान हुन्छ ।

काम गर्ने बेला सुतेर दिन बिताउने तर खाने बेला मीठो-मीठो खोज्ने प्रवृत्तिका मानिसहरू पनि यत्रतत्र भेटिन्छन् । यदि मीठो नै खानु छ भने पश्रिम पनि गर्नुपर्दछ भन्ने कुरा उखानमा व्यक्त भएको हुन्छ । अन्न उब्जाउनु सजिलो कुरा होइन । अनेकौं अप्ठ्याराहरूसँग सामना गरेर मात्र अन्न उब्जाउन सकिन्छ । यस किसिमको धारणा **धेवन्त खेती**, **घोकन्त विद्या** ले बोकेको छ । यस्ता अन्य कतिपय उखानहरू रुकुम जिल्लामा प्रचलित छन् सजले कृषि-व्यवसायका विभिन पक्षको जानकारी दिने काम गरेका हुन्छन् ।

### ६.१.७ आर्थिक पक्ष

आर्थिक पक्षसँग सम्बन्धित विषयवस्तुको चित्रण उखानमा भएको पाइन्छ । त्यसैले रुकुमेली उखानमा पनि आर्थिक पक्षसँग सम्बन्धित कुराहरू पनि व्यक्त भएका भेटिन्छन् । यसभित्र आर्थिक क्षेत्रका सबल र निर्बल अर्थात कुराहरू पनि नराम्रा दुबै कुराहरू अटाएका हुन्छन् । आर्थिक अवस्था कमजोर हुनेहरू जताततैबाट हेपिन्छन् भन्ने कुरा रुकुमेली उखानमा व्यक्त भएको पाइन्छ । सबैले धनकै मुख हेर्छन् भन्ने भनाइ **कङ्गालीका घर मुसो पनि पाउँना जाँदैन** (कङगालीका घरमा मुसो पनि पाहुना जाँदैन) उखानमा चित्रित छ । कङगालहरूको घरमा मुसालाई दिन सकिने अन्न पनि हुँदैन भने पाहुनालाई के खुवाउने भन्ने अभिव्यक्ति यस उखानमा पाइन्छ । आर्थिक अवस्था कमजोर हुनेहरूको आङ ढाक्न सकिरहेका हुँदैनन् भने महङ्गो लुगा किन्न सक्ने त सम्भावना नै रहन्न भन्ने मत **गुन्यू पाउनु काँ छ , तर सारी चोलो** (गुन्यू पाउनलाई कठिन छ तब सारी चोलो) उखानमा प्रकट भएको छ । यस उखानमा एकातिर कमजोर आर्थिक स्थितिको चर्चा छ भने अर्कातिर कमजोर आर्थीक स्थिति हुनेहरू प्रति सहानुभूतिको भाव व्यक्त भएको छ । रुकुमेली उखानमा आर्थीक विषमताका

कुराहरू पनि पोखिएका छन् । छ लुगा छ जाडी, छैन लुगा छैन जाडी ( छ लुगा छ जाडो, छैन लुगा छैन जाडो) मा धनीवर्ग अर्थात सुखभोगमा रहेकाहरूलाई जाडोको महसुष हुन्छ भने घरमा केही नहुनेहरूका लागि जाडो भएर पनि नभएझैं हुन्छ भन्ने जस्ता आर्थिक असमानताका कुराहरू उद्धृत भएका छन् । गरिब वा तल्लो वर्गले सत्य कुरा बोल्दा पनि झुट्टा जस्तो हुन्छ भन्ने भावाभिव्यक्ति पनि उखानमा भेटिन्छ । **नाँगाका कुरा बाँगा, कमजोरका कुरा झुटा** (नाङ्गाका कुरा बाङ्गा, कमजोरका कुरा झुट्टा) मा नाङःगाका कुरा राम्रै भए पनि बाङ्गा मानिन्छन् भने कमजोर मानिसका कुरा परिस्थितिले झुट्टा बनाइदिन्छ भन्ने विचार व्यक्त भएको छ । त्यसरी नै **एक पैसाको लिनदेन कुरा गर्दो तीन दिन** (एक पैसाको लेनदेन, कुरा गर्छ तीन दिन ) उखानले पनि लेनदेनका कुरा अघि सारेको छ । कम पैसाको लेनदेन हुँदा पनि प्रसङ्ग चलि नै रहन्छ भन्ने कुरा यस उखानले देखाएको छ । लेनदेनमा स्पष्टता हुनुपर्दछ नत्र भने त्यबाट झगडाको बीउ रोपिन सक्ने सम्भावना निकै बडी मात्रामा रहने गर्छ । **खरा लिना**, **खरा दिना** ( लेनदेन स्पष्ट) भने जस्तो व्यवहार गरिनुपर्छ । यसरी यस उखानले आर्थीक क्रियाकलापको राम्रो चित्र कोरेको छ । कमाउनेले घरमै बसेर पनि धन कमाउन सक्दछ हर्थात परिश्रमीलाई धनको समस्याले दुःख दिदैन भन्ने तथ्यपूर्ण जानकारी **हुन्याका घरैमा हुन्छन् कटकटे कम्पनी** ( हुनेका घरमै हुन्छन्, कटकटे कप्म्पनी) भन्ने उखानबाट मिल्दछ । धन र अन्न एकैचोटि कमाइने वस्तु होइनन् । धन र अन्न कमाउनका लागि परिश्रम र सञ्चयको आवश्यकता पर्दछ भन्ने कुरा रुकुमेली उखानमा भटिन्छ । यहाँको जनजीवनले अन्न र धन कमाउनका लागी श्रम र सञ्चय दुवै पद्धति अँगालेको छ । त्यसैले **गेडी-गेडी अन्न, रती-रती धन** जस्तो उपदशात्मक उखानमा आर्थीक क्रियाकलापको राम्ररी चित्रण भएको पाउन सकिन्छ । परिश्रमको फल मीठो हुने हुनाले सधैं परिश्रम गर्नु पर्दछ भन्ने मान्यता पनि यहाँका उखानले बोकेको छ । पहिलेका विपन्न वर्ग पनि अहिले सम्पन्न भएका छन्  भन्नेविचार उईलका **पुतिनु बेच्ने अबका जम्दारी** (उहिलेका पुदिना बेच्ने अहिलेका जमिन्दार) उखानमा मार्मिक डङ्गले अभिव्यक्त भएको छ । धन धेरै भएर कोही अघाउँदैन मानिसले जति बडी धन कमाउँछ उति नै बढी लोभ जाग्दछ । केही नहुँदा पनि निर्वाह चलिरहेकै हुन्छ भने धन भए पनि निर्वाह भइरहन्छ अर्थात धनको सीमा हुँदैन भन्ने विचार **मार्नालाई छोरा, बगाउनलाई धन** (मार्नलाई छोरा,बगाउनालाई धन) भन्ने उखानमा प्रकट भएको छ अरुको सम्पत्ति सितैमा पाए उडाउनेहरू उडाइ दिन्छन् तर कमाउनुपर्दा धेरै समय लाग्दछ भन्ने भनाइलाई **मामाको धन फुपूको सराद** (मामाको धन, फुपूको श्राद्ध) उखानले खुलस्त पारेको छ । अरुको भन उडाउन पल्केकाहरूलाई केन्द्रविन्दु बनाउने काम यस उखानमा भएको छ ।

### ६.१.८ प्रकृतिको चित्रण

लोकसाहित्यको उखान विधामा प्रकृतिको चित्रण पनि भेटिन्छ । रुकुमेली उखान पनि यसबाट भिन्न छैन । प्रकृति विभिन्न पक्षको प्रस्तुति यहाँका उखानमा पाइन्छ । रुकुम जिल्ला प्रकिृतिक रुपले सुन्दर भएकाले यहाँ अनेकौं खोलानालाहरू बगिरहेका छन् । त्यसै गरी लेक, बेंसी र पाटनले यस जिल्लालाई सजाएका छन् । प्रमुख धार्मिक स्थल एवम् प्राकृत्कि सौन्दर्यले भरिपूर्ण ठाउँ रुकुमकोटका बारेमा पनि उखानमा चर्चा भएको पाइन्छ । सिस्ने लेक अग्लो डाँडो भएकाले अब के सिस्नेलेक आकास छोला ? (अब के सिस्कने माई आकाश छोलिन्) भन्ने गरिन्छ । यसमा सिस्नेको उचाइकाबारे चर्चा गर्न खोजिएको छ । छहरा र लहरा पनि त्यत्तिकै मनोरमहुन्छन् अर्थात् छहरा र लहरा पनि त्यत्तिकै मनोरम हुन्छन् अर्थात् छहराको बग्ने गति र लहराको हल्लिने गति निकै प्रशसनीय हुने भएकाले छडाका लडाजसो होल्लाई छहराका लहरा जस्तै बन्लान् भन्ने गरिन्छ । यस उखानमा छहरामा छहरा र लहराको चित्रण भेटिन्छ ।

पुस- माघको जाडो र वैशाख-जेठको गर्मी खप्नु कठिन हुन्छ । त्यसका लागि पुस-माघमा आगो या घामको आवश्यकता महसुष गरिन्छ भने वैशाख-जेठमा छायाँको आवश्यकता पर्दछ । यस कुराको चित्रण पुस-माघ आगो हौंला, वैशाख सेल हौंला पुस-माघमा आगो बनुँला, वैशाखमा छाया बनुला भन्ने उखानमा भएको भेटिन्छ । डुङ्गा र पानीको प्रसङ्गगले पनि रुकुमेली उखानमा ठाउँ पाएको छ । **ढुङ्गा साँचा छैन, पानी फाँचा छैन** ( ढुङ्गा साँचा हुँदैनन्, पानीका फाँचा हुँदैनन्) मा ढुङ्गा र पानी जस्ता प्राकृतिक वस्तुहरूको चर्चा भेटिन्छ । त्यसरी नै बतासको लाग्ने बखत, रुखको ढल्ने बखत ( हावाको चल्ने बेला, रुखको डल्ने बेला) मा पनि एकातिर प्राकृतिक वस्तुको चर्चा छ भने अर्कातिर प्रकृतिको संयोगको कुरा आएको छ ।

घाम, पानी हिउँ, असिना आदिको बखान पनि रुकुमेली उखानमा भएको पाइन्छ । **वारि डाँडा असिना, पारि डाँडा हिउँ** (वरि डाँडा असिना, परि डाँडा हिउँ) भन्ने उखानले हिउँ र असिनाको प्रसङ्ग बोलेको छ । साथै हिउँले दिने शोभाको पनि प्रशंसा गरेको छ । माघ कहिना ठण्डीको महिना हो तापनि घाम लागेको समयमा माघमा पनि न्यानो हुन्छ भने पानी परेको बेला गर्मी महिनामा पनि ठन्डी महसुष हुने कुरा **माघ जाडो कि मेघ जाडो** ? (माघमा जाडो कि, मेघमा जाडो ?) उखानले जनाएको छ । बर्खाको मौसमको कुनै निश्चित हुँदैन । छिनमैं पानी र छिनमैं घाम हुने विशेषता वर्षा यामको हुन्छ भन्ने कुराको उद्घाटन **बर्खाको बिदो, बैरीको निदो** (बर्खाको बिदो, बैरीको निधो) उखानमा भएको छ । वसन्त ऋतुको मनोरम दृश्य

निकै लोभलाग्दो हुन्छ । लेक-बेँसी काफल र ऐँसेलुले छोपिदिँदाको दृश्य अझै मनमोहक हुन्छ । त्यसैले **ऐँस्यालुका थोप्ला खए झै भयो** (ऐँसेलु खाएझैँ भयो) भन्ने उखानले वासन्ती शोभाको प्रतिनिधित्व गरेको छ । ऋतुपरिवर्तन भइरहने हुनाले कहिल्यै जाडो र कहिल्यै गर्मी हुन्छ अनि कहिल्यै घाम नलाग्ने ठाउँमा घाम लाग्छ भने कहिल्यै  घाम लाग्ने ठाउँमा नलाग्ने हुन्छ । प्रकृतिको यस नियमको चर्चा **कैलै पाखा घाम, कैलै सेल्सा घाम** (कहिले पाखा घाम, कहिले खोँचमा घाम) भन्ने उखानमा भएको पाइन्छ ।

मानिस जन्मिने, तन्नेरी हुने, वृद्ध हुने र मर्ने क्रम चलिरहन्छ जुन प्रकृतिको विधान नै हो भन्दा पनि हुन्छ । प्रकृतिमा हुने परिवर्तनसँगै मानव जीवनमा पनि अनेक किसिमका परिवर्तनहरू हुने गर्छन । तिनको वर्णन उखानमा भएको पाइन्छ । मानिसको यौवनमा दीर्घकालीनता भेटिन्न, त्यसमा पनि केटीको यौबन त अझै क्षणिक हुन्छ जसलाई कर्कलो पातमा अडेका पानीसँग तुलना गरिएको हुन्छ । **छोट्याँटीको जोबन, कर्कलाको पातको पानी** ( केटीको योबन,कर्कलाका पातको पानी) भन्ने उखानमा उक्त कुरा उद्घोष भएको छ मर्ने मानिस र बग्ने पानीलाई फर्काउन सकिन्न भन्ने कुराको जानकारी **मर्ने मानिस, बग्ने पानी काँ गइ फर्कन्छ** ? (मर्ने मानिस, बग्ने पानी कहाँ गएर फर्कदा होलान् ?) भन्ने उखानले दिएको छ । यस धर्तीमा जन्मेपछि एक दिन अवश्य नै मर्नुपर्ने हुन्छ तर मर्ने बेलाको स्थिति के हुन्छ त्यौ भने भन्न सकिदैन भन्ने **कुरा, म ता मरुँ, देख्न्या अरु** ( म त मरुँ, देख्लान् अरु) उखानमा प्रस्तुत भएको छ ।

### ६.१.९ ऐतिहासिक विषयवस्तु

रुकुमेली उखानले कम मात्रामा भए पनि ऐतिहासिक विषयवस्तुलाई पनि छोएको छ । रुकुम जिल्ला पहिलेको बाइसी राज्य थियो । बाइसी राज्य भएको बखत राजाहरू बस्ने वा राज्य सञ्चालन गर्ने ठाउँलाई कोट भनिन्थ्यो र राजालाई सहयोग गर्नका लागि कज्याइँ दिने गरिन्थ्यो भन्ने कुरा उखानमा पाइन्छ । कोटको काजी शक्तिशाली मानिने हुनाले काजी पद पाउनाका लागि राजाको सेवा गर्नुपर्ने र आफू काजी हुन सके सम्मान पाइने कुरा पनि उखनले देखाएको छ । **कोटको काजी न खोलाको माजी** (कोटको काजी न खोलाको माझी ) भन्ने उखानले पनि हाँसो छाउने कुरा कोटका हाँसया, खोलाको माजी (कोटको काजी न खोलाको माझी) भन्ने ऽउखानले कोटको काजीका बारेमा चर्चा गरेको छ । राजालाई हँसाउन सके आफ्नो जीवनमा पनि हाँसो छाउने कुरा **कोटमा हाँस्यो त, खोलामा हाँस्यो** ( कोटको हाँसे त खोलोको हाँसे) उखानमा चित्रित छ ।

### ६.१.१० पशुपंक्षी विशेष

रुकुम जिल्लामा प्रचलित नेपाली उखानमा पशुपंक्षीको पनि चित्रण पाइन्छ । रुकुम जिल्लामा विभिन्न जातका पशुपंक्षीहरू भेटिन्छन् । तिनमध्ये केही घरपालुवा छन् भने केही जङ्गली । तिनको चर्चा-परिचर्चा यहाँका उखानमा हुने गर्दछ । उखानमा पशुपंक्षीहरूका गुण दोषहरूको चित्रण गर्दै त्यसको तादात्म्य मानिससँग गराइएको छ । कुकुरलाई ज्ञानगुन नहुने भएकाले उसलाई राम्रो-नराम्रो अथवा मूल्यवान -मूल्यहीन वस्तुको जानकारी हुँदैन अनि जहाँ जे भेटियो त्यहीं पिसाब गर्न पुग्छ । त्यसको जानकारी **कुकुरको खेल कपास के** ? ( कुकुरको लागि कपास के ?) भन्ने उखानले दिएको छ । बाघ पल्केमा गोठका बाख्रीहरूलाई छोड्दैन भन्न`कुराको चिनारी **बाखी खायो भन्ने भर्को नाइँ, बाग पल्क्यो भन्याँ भर्को** ( बाखी खायो भन्ने चिन्ता छैन, बाघ पल्कियो भन्ने चिन्ता) भन्ने उखानमा मिल्दछ । भालुका विषयमा पनि यहाँका उखानको दृष्टि पुगेको छ । भालुलाई लखेट्न पनि नसकिने र मार्न पनि कठिन हुने जस्तो असजिलो परिस्थितिमा **भालुको कन्चाडो भयो** (भालुको कञ्चट भयो) भन्ने गरिन्छ । स्यालले स्याल हुँयया मच्चाउन जान्दछ, उसबाट केही फाइदा लिन सकिंदैन । तसर्थ स्याल मऱ्यो भने हल्लाबाट बच्न सकिन्छ भन्ने उखानमा **स्याल पनि मऱ्यो, कराउनु पन रयो** (स्याल पनि मऱ्यो, कराउनु पन रह्यो) भनी व्यक्त भएको छ ।

मदेसमा रम्ने गाई हिमाली भागको चिसो हावापानी खप्न सक्दैन । त्यसपछि गाईलाई कित मधेसमा पुऱ्याउनु पर्ने हुन्छ कि त अन्य कुनै व्यवस्था मिलाउनु पर्दछ । **मदेसकी गाई हिमाल आई नपाउनु दुख पाई** (मदेसकी गाई, हिमालमा आई धेरै दुख पाई ) भन्ने उखानमा गाईका बारेमा चर्चा गरिएको छ । हात्ती र घोडा भारी जीउका हुने हुनाले असजिलो बाटातिर जान सक्दैनन् तर बाखी भने जान सक्छ भन्ने अभिमत **उदा बग्दा , हात्ती घोडा बाखा पारि तर्दा** ( हात्ती घोडा उँधो बग्छन्, बाखा पारी तर्छन) भन्ने उखानमा रहेको छ । रुकुम जिल्लामा पहिले पाना लगाउने चलन थियो जुन चलन अहिले पनि कतै कतै कायमै छ । सार्कीहरूले बनाउने ती छालाका चप्पललाई कुकुर र स्यालले खाने हुँदा लुकाएर राख्नुपर्ने हुन्थयो भन्ने कुरा रुकुमेली जनजीवनमा प्रचलित छ । सिस्नेको लेकमा पाना खाने स्याललाई भेरीमा भेटाउँदा, त्यही स्यालले पिटाइ खानुलाई **सिस्नेकोका लेकको पाना खाने स्याल, भेरीमा आई कुट्नु** (सिस्नेको लेकमा पाना खाने स्याललाई भेरीमा आएर कुट्नु) उखानले झल्काएको छ ।

तरकारी भन्दा बढी दहीदूध मन पराउने हुनाले रुकुमेलीहरू गाई भैंसी पाल्ने गर्छन् । गाई नभएको गोठ अपवित्र हुन्छ भन्ने मान्यता एकातिर छ भने गाईबाट दही दूध प्राप्त गर्न

सकिने व्यवाहारिक दृष्टिकोण अर्कातिर रहेको छ । यिनै कारणले गर्दा गाई पाल्ने गरिन्छ । **गाई नभएर गोरस नाइँ, भाइ नभएर भरोसा नाइँ** (गाई नभएर गोरस हुँदैन, भाइ नभएर भरोसा हुँदैन) भन्ने उखानमा गाईबाट गोरस प्राप्त गरिने कुरा छर्लङ्ग्याइएको छ । काग र कोइलीको पनि आफ्नै विशेषता छ । कोइलीले कागको गुँडमा फूल पार्छ र कागले फूल कोरल्ने काम गर्छ । जब बचराहरू हुर्किन्छन् तब आ-आफ्नो ठाउँमा जान्छन् भन्ने तथ्यपूर्ण अभिव्यक्ति **कागका चल्ला कागैतिर कोइलीका चल्ला काइलीतिर** भन्ने उखानमा दिइएको छ । यसरी विभिन्न पशुपंक्षीका गुणदोष जस्ता विशेषताहरूको युक्त भएका उखानहरू रुकुमेली समाजमा प्रशस्त पाइन्छन् ।

### ६.१.११ स्थान विशेष

स्थान विशेषका उखान पनि यस जिल्लामा प्रचलित छन् । यहाँका उखानले रुकुम जिल्ल भित्रका स्थानलाई मात्र स्पर्श नगरी अन्य जिल्लालाई पनि छुने प्रयास गरेका छन् । मूलत : तिनका विशेषतालाई केलाउने प्रयास यहाँका उखानमा भएको पाइन्छ । रुकुम जिल्ला मुसीकोटद्वारा प्रशासित हुँदा न्यायिक कामकाजका लागि रुकुमेलीहरूले धेरैटाढा मुसीकोट जानुपर्ने हुन्थ्यो ।

रुकुम जिल्ला राप्ती अञ्चलको विकट पहाडी जिल्ला हो र पहिलेको मल्ल राजाको शासन थलो पनि हो । तसर्थ राप्तीका बारेमा चर्चा-परिर्चा हुनु कुनै अनौठो कुरा होइन । त्यसैले रुकुमेली उखानले राप्तीलाई पनि आफ्नो विषय-वस्तुभित्र ल्याएको छ । रप्तीका बारेमा सुनेको ब्यक्तिलाई भन्दा त्यही पुगेको व्यक्तिलाई बढी थाहा हुन्छ भने उतै जन्मेको व्यक्तिलाई झन् बढी थाहा हुन्छ भन्ने कुरा **तँ राप्ती गयाको, म राप्ती बस्याको** ( तँ राप्ती गएको, म राप्मामा जन्मेको) उखानले खुलस्त पारिदिएको छ ।

रुकुम जिल्लाको प्रमुख धार्मिक स्थलका बारेमा पनि उखानमा चर्चा भएको पाइन्छ । प्राकृतिक र धामिक दुबै दृष्टिकोणबाट चर्चित सिस्नेगिरिमा पुग्न बाटमा अनेक कठिनाइहरूको सामना गर्नु पर्दछ तापनि अझ बढी दु:ख हिमालमा हुन्छ भन्ने कुरा व्यक्त भएको छ । यस जिल्लाको कतिपय ठाउँमा चेतनाको किरण अझै पुग्न सकेको छैन । तसर्थ त्यहाँ बस्दा र त्यहाँका मानिसहरूसँग हेलमेल हुँदाको प्रसङ्ग पनि रुकुमेली उखानमा भेटिन्छ । पानी परेमा 'वाई' वाइजस्तै हुने नत्र भने सुख्खा लाग्ने हुनाले **पानी पर्‍या वाई न त च्यापु चुवाई** ( पानी परे वाई नत्र च्यापु चुहाई) भन्ने उखानले पनि रुकुमका वाई जस्तै अन्य ठाउँहरूलाई चिनाउन खोजेको छ । त्यसरी नै **खाने दिन पन्धारा, नखाने दिन खीरपाटा** (खाने दिनमा पन्धारा, नखाने दिनमा खीरपाटा) भन्ने उखानले पनि खानपानसँग सम्बन्ध राख्दै ती ठाउँका

विशेषतालाई देखाउन खोजेको छ । जिल्लाको 'चुनबाङ' भन्ने ठाउँलाई पनि रुकुमेली उखानले समेटेको छ । द्वन्दको समयमा चुनबाङका नामले चिनिने त्यस ठाउँका मानिसहरु आफूलाई रुकुमेली हुनमा गर्व गर्छन् । **चुनबाङे कोइ छैन डराने ।**

### ६.१.१२ विविध

यसमा विश्लेषणमा नपरेका उखानलाई विविध विषयसँग सम्बन्धित उखानमा राख्न सकिन्छ । यहाँ कुनै ठूलो उद्योग धन्दाहरू सन्चालन हुन नपाएका भए पनि अन्य सानातिना व्यवसायहरू सन्चालन गरी जीवन निर्वाहा गर्ने काम रुकुमेलीहरूबाट हुँदै आएको छ । त्यसरी सानातिना व्यवसाय सञ्चालन गर्दा धन र श्रमको लगानी हुने कुरा उद्योग-व्यवसायसँग सम्बन्ध राख्ने उखानहरूबाट जानकारी मिल्दछ । **धन हाली धन्दा धन्दा गर्नु** (धन खर्च गरेर धन्दा गर्नु) भन्ने उखानले उद्योग धन्दालाई स्पर्श गरेको छ । ज्ञान-विज्ञानका कुरा पनि रुकुमेली उखानमा भेटिन्छन् । जाहाँ गैरो वाँ पैरो ( जहाँ गहिरो त्यहीं पहिरो) भन्ने उखानले जमिन गहिरिएर जाँदा पानी जम्न गई पहिरो जान सक्छ भन्ने वैज्ञानिक तथ्य प्रस्तुत गरेको छ ।

साधन वा वस्तुविशेषका उखान पनि रुकुम जिल्लामा प्रचलित छन् । **बज्ने घाँडो डाँडा बज्दै खोला बज्दै, नबज्ने काई बज्दैन** (बज्ने घाँडो डाँडा पनि बज्दछ, खोला पनि बज्दछ नबज्ने कतै बज्दैन) भन्ने उखानमा गाईवस्तुको घाँटीमा भुण्ड्याइने घण्टीको विशेषताको जानकारी मिल्दछ । बज्ने घाँडो वा घण्टीका लागि ठाउँको निश्चितता चाहिँदैन अर्थात बज्ने घाँडो जताततै बज्न सक्दछ भन्ने कुराको चिनारी यस उखानले दिएको छ । कीरा-फट्याङ्ग्राका विषयमा पनि रुकुमेली उखानले बोलेको पाइन्छ , माहुरीको श्रमशीलताका बारेमा **मौरीको कुट बोके झै गर्नु** (माहुरीले कुट बोकेझैं गर्नु) भन्ने उखान सशक्त रुपले आएको छ । माहुरी सानो कीरा भएर पनि आफ्नो अथक परिश्रम र गुणले गर्दा चर्चित बन्न पुगेको छ । मह र कुटको सञ्चय गर्ने काम माहुरीले गर्दा उसलाई थकाइको महसुषन हुने कुरा यस उखानमा खुलस्त भएको पाइन्छ ।

## ६.२ चिन्तनका कोणबाट विश्लेषण

नेपाल विश्वको मानचित्रमा सानो देखिए पनि यो विविध चिन्तनको थलो हो यसले भिन्ना-भिन्नै धर्मसंस्कृति, भाषाभाषी, जातजातिलाई अँगालेको छ । यहाँ बुद्ध, जनक, सीता, भृकुटी जस्ता राष्ट्रिय विभूतिहरूको जन्म भयो भने हिन्दूहरूका आराध्यदेव रामको ससुराली पनि यही देश बन्न पुग्यो । यहाँ भिन्न विचार एवम् धर्म भएका मानिसहरू बस्ने हुनाले कतै मन्दिर, कतै मस्जिद र कतै गुम्बाहरू उभिएका देखिन्छन् तिनमध्ये पनि मन्दिरहरूले भरिएको

देश नेपाल "मन्दिरै मन्दिरको देश" का नामले चर्चित छ । यहाँ हिन्दूहरूको आधिक्यको आधिक्य हुनाले हिन्दूहरूका आराध्यदेव-देवीका मन्दिरहरू व्यापक रुपमा भेटिने गर्दछन् ।

यहाँको समाजमा अद्‌भुत दैवीशक्तिलाई विश्वास गर्ने परम्परा विद्यमान छ । यसरी नदीमा संगम र नद्यहिरू, उच्च शिखरहरू, गुफाहरू, शिलाहरू तथा अग्नि, जल वायु, चन्द्र, सूर्यजस्ता प्राकृतिक वस्तुहरूमा दैवीको बास विद्यमान रहेको जनविश्वास बलियो छ । पौराणिक तथा धार्मिक ग्रन्थहरूमा वर्णित देवदेवी प्रतिको आस्था एवम् विश्वास पनि जीवन्त नै छ भने तिनमा उल्लिखित नीतिशिक्षाका कुराहरू पनि जनहृदयमा पाइन्छन् । तिनले दैवीशक्तिलाई अविनाशी शक्तिका रुपमा लिदै देवत्वमा पूर्ण विश्वास गर्दछन् । यसरी धर्म र ईश्वरलाई सर्वोपरि ठान्ने आध्यात्मवादी मानसिकता बोकेका मानिसहरू यहाँ पाइन्छन् भने धर्ममा होइन कर्ममा विश्वास गर्ने भौतिकवादीहरू समाजमा नयाँ चेतना ल्याई परिवर्तनका लहरहरू फैलाउने जस्तो परिवर्तनकामी भावनाको उद्‌बोधन गर्नेहरू पनि भेटिन्छन् ।

रुकुम जिल्ला पनि नेपालकै एक जिल्ला भएकाले यस किसिमका चिन्तादेखि टाढा छैन किन कि रुकुमेली समाज पनि वर्गीय समाज हो । यहाँ दुई वर्ग भिन्ना-भिन्नै चिन्तन लिएर उभिएका छन् । ती दुई वर्गमा एउटा वर्ग यथस्थितिवादी-परम्परावादी चिन्तन बोकेको वर्ग पर्दछ । अर्को वर्गमा परिवर्तनकारी चिन्तन बोकेको वर्ग पर्दछ । जसले जातभात शोषण, रुढी र अन्धविश्वासको विरोध गदै समाजलाई नयाँ दिशातिर डोऱ्याउने शोषित वर्ग छ । तसर्थ यहाँ सामन्तीले किसानको पूँजीपतिले मजदूरको र सम्पन्नले विपन्नको शोषण गरिरहेकाले समाज ज्यादै पीडित छ । यसबाट समाजमा दुई किसिमका चिन्ताहरू अगाडि आएका छन् । यिनै कुराहरूको प्रस्तुति रुकुमेली उखानमा पाइन्छ ।

### ६.२.१ यथास्थितिवादी-परम्परावादी चिन्तन

समाजको अवस्था जे-जस्तो छ ठिकै छ भन्ने मान्यता बोकेका मानिसहरू पनि यहाँ पाइन्छन् । उनीहरू समाजको परिवर्तन चाहँदैनन् भन्ने धारणा पनि रुकुम जिल्लामा प्रचलित नेपाली उखानमा भेटिन्छ । उनीहरू तल्लो वर्गले उठ्ने मौका नपाओस् भन्ने चाहन्छन् र तुच्छ शब्द प्रहार गर्न पुग्छन् । **आसे बोल्दैन गासे बोल्दो,मर्चा पोल्दैन ठेक पोल्दो** (अधिकार हुने मानिस बोल्दैन अधिकार नहुनेमानिस बोल्छ, खुर्सानी पोल्दैन जरो पोल्छ) भन्ने उखानमा त्यस किसिमको अभिव्यक्ति पाइन्छ । दैवभन्दा ठूलो कोही हुँदैन र दैवले जान्ने कुरा अरुले जान्दैन भन्ने परम्परावादी चिन्तन **दैवको जान्नु को जान्दो हो** ? (दैवको जान्ने, कसले जान्दछ ?) उखानमा भेटिन्छ । यस उखानले ईश्वरको प्रशंसा गरेको पाइन्छ । त्यसरी नै भाग्यलाई ठूलो मान्ने मानिसहरू समाजमा पाइन्छन् । उनीहरू कुनै काम बिग्रिदा पनि

भाग्यलाई नै दोष दिन्छन् । **बाटो छोटो देक्नैन कर्म खोटो देक्नू** (बाटो छोटो देख्नु हुँदैन, भाग्य खोटो देख्नु पर्छ) भन्ने उखानमा भाग्य नै सबै चीज हो भन्ने यथास्थितिवादी चिन्तन पाइन्छ । भाग्यका कुरा गर्दै चाल्नामा दूध दुहुनु खोज्नेहरू **रिनारी धनारी हुँदैन, दुःखारी हुँदैन** (ऋणी धनी बन्दैन, दुःखी सुखी बन्दैन) भन्न पुग्छन् । यस उखानले परिश्रम गर्न नचाहाने दुःख सुख कुरा मात्र औंल्याउनेहरूको चर्चा गरेको भेटिन्छ । लोग्नेको मृत्युपछि नारीका केही अधिकारहरू खोसिन्छन् भन्ने कुरालाई **पुछर खाने भए पोइ टोक्ती होस्** (पुच्छर खाने भए पोइ टोक्थिस्) मा चर्चा गरिएको पाइन्छ ।

### ६.२.२ परिवर्तनकारी चिन्तन

रुढी, अन्धाविश्वास, अन्याय, अत्याचार जस्ता समाजलाई पछाडि धकेल्ने तत्वबाट मुक्ति पाउने आशा समाजले लिएको हुन्छ । यथास्थितिवादी चिन्तनबाट दिक्क भए पछि समाजमा नवीन विचारहरू पलाउँछन् र उखानका माध्यमबाट बाहिर निस्कन्छन् । रुकुमेली उखान पनि यस चिन्तादेखि टाढा छैन ।

समाजमा भएको अन्याय र अत्याचारलाई सहेर बस्न सकिन्न भन्ने कुराको प्रस्तुति उखानमा पाइन्छ । चोरी गरेर जीवन निर्वाह हुँदैन भने लुकेर बस्दा समाजमा परिवर्तन ल्याउन सकिदैन । तसर्थ यिनलाई त्याग्नु पर्दछ भन्ने मान्यता रुकुमेली उखानले बोकेको छ । **चोरी खानु कति ? लुकी बस्नु कति** ? ( चोरेर खानु कति ? लुकेर बस्नु कति ) उखानमा यस किसिमको परिवर्तनको आवाज सुसेलिएको पाइन्छ । एक वर्गले कमाउने र अर्को वर्गले बसेर खाने प्रथा उचित होइन भन्ने कुरा **घाँस काट्नु मैले, खानु तैले** (घाँस काट्नु मैले, खानु तैंले) उखानमा चित्रित छ । गाउँ र समाज विगार्ने काम ठालुबाट हुन्छ । तसर्थ त्यस्ता घातक व्यक्तिहरूलाई तह लगाउनु पर्दछ भन्ने कुरा **ठालुले बिगार्‍याको गाउँ, आमाबुबाले बिगार्‍याको नाउँ** (ठालुले बिगारेको गाउँ, आमाबुबाले बिगारेको नाउँ) मा प्रस्तुत भएको छ ।

धामी-झाँक्रीप्रति विश्वास गर्नु भनेको अन्धविश्वासलाई मलजल गर्नु हो भन्ने मत पनि रुकुमेली उखानमा पाइन्छ । धामी र ज्योतीषको काम भनेको झूटको खेती गर्ने काम हो तसर्थ तिनको पछि नलागी नयाँ बाटातिर लाग्नु पर्छ भन्ने अभिमत यी उखानमा भेटिन्छन् । **जोतिसीको हेराइमा नाइँ, धामीको खेराइमा नाइँ** ( ज्योतीषका होरामा पनि देखिएन, धामीको टाउकामा पनि देखिएन ) भन्ने उखानले ज्योतष झाँक्रीमा यथार्थता हुँदैन भन्ने देखाएको छ । जुवाले समाज बिग्रिन्छ तसर्थ त्यसबाट टाढा रहनु पर्छ भन्ने कुरा **नखेल्नू जुवा, नपस्नु कुवा** ( उखानमा झल्किएको पाइन्छ । यसबाट जुवा, रक्सी जस्ता हानिकारक वस्तु सिङ्गो समाज नराम्ररी प्रभावित हुने हुँदा त्यसबाट टाडा रहेपछि कमात्र समाजमा नवीन चेतना फैलाउन

सजिलो हुने कुराको चिनारी दिन खोजिएको छ । कान चिन्याँ सुनको क्या माया उखानमा गाउँ, समाज र सिङ्गो देशलाई बिगार्ने कुख्यातहरूको माया मोह मान्नु हुँदैन । वरु तिनलाई समाजले पाखा लगाउनुपर्छ भन्ने कुरा प्रकट भएको छ । आँटेको काम पूरा गरेरै छाड्नुपर्छ भन्ने भावना **कि जाँगर पस्दैन, जँगार पसे तिग्रा कमाउँदैन** ( कि जँघारमा पस्नु हुँदैन पसी हालिएछ भने ति्घ्रा कमाउनु हुँदैन) भन्ने कुरा उखानमा व्यक्त भएको छ । बसेर दिन बिताउनु भनेको प्रगतिमा बाधा पुर्‍यानु हो । तसर्थ काम गर्न लाज मान्नुहुँदैन बरु काम नगरी खान चाहिं लाज मान्नु पर्दछ भन्ने तथ्य **काम छैन काज छेन खाने बेला लाज छैन** (काम छैन काज छैन, खाने बेला लाज छैन ) उखानमा पाइन्छ ।

## ६.३ संरचनाका कोणबाट विश्लेषण

रुकुम जिल्लामा प्रचलित नेपाली उखानलाई संरचनाका कोणबाट पनि विश्लेषण गर्न सकिन्छ । संरचना भन्नाले आकार प्रकार र त्यसको निर्माण प्रकृतिलाई सङ्केत गर्दछ । यहाँका उखानहरू सबै एउटै प्रकृतिका छैनन् । तिनका आकार-प्रकार र निर्माण-प्रकृति परक-फरक किसिमको पाइन्छ । कुनै उखान छोटा छन् त कुनै लामा छन् कुनै गद्यात्मक छन् त कुनै पद्यात्मक छन् । त्यसरी नै कुनै सामान्य छन् भने कुनै पश्नात्म्क छन् । यिनै कुराहरूका आधारमा रुकुम जिल्लामा प्रचलित नेपाली उखानको विश्लेषण गर्न सकिन्छ ।

### ६.३.१ आकार-प्रकार

रुकुम जिल्लामा प्रचलित नेपाली उखानहरूमा आकारगत भिन्नता भेटिन्छ । यस अध्ययनका क्रममा फेला परेका उखानहरू मध्ये कुनै न्यादै छोटा छन् भने कुनै लामा छन् तिनका संरचनालाई बेग्ला-बेग्लै रुपमा केलाउन सकिन्छ ।

#### ६.३.१.१ छोटा आकारका उखान

रुकुम जिल्लामा प्रचलित नेपाली उखानमध्ये तीनदेखि चार शब्दसम्मको मेलबाट बनेका उखानलाई छोटा आकारका उखान भन्न सकिन्छ । तीमध्ये कुनै क्रिया रहित छन् भने कुनैमा क्रिया पनि हुन्छन् । क्रिया नभएका उखानले पनि वाक्य तहको काम गर्ने कुरा ध्यान दिन योग्य छ । यहाँ प्रचलित छोटा आकारका केही उखानहरू नमुनाका लागि निम्नानुसार छन् ।

- **हाँस्यो त नास्यौ ।** हाँस्यो त नास्यौ ।
- **जुवारीको भर हुँदैन ।** जुवारीको भर हुँदैन ।
- **जन्ती अन्सारका बाजा ।** जन्ती अनुसारका बाजा ।

| | |
|---|---|
| **- चोरको चित्तै कालो ।** | चोरको चित्त वा हदय कालो । |
| **- खेता नहुने खेताला ।** | खेत नहुने खेताला । |
| **- खाए मकै, नखाए मकै ।** | खाए पनि मकै नखाए पनि मकै । |
| **- अर्काका भागनु ढुङ्गा हाल्नु ।** | अरुको भागमा ढुङ्गा हाल्नु । |

### ६.३.१.२ लामा आकारका उखान

थोरैमा धेरै अटाउने विशेषता उखानमा हुन्छ । कुनै उखान लामा हुन्छन् तापनि तिनको सूत्रात्मक प्रस्तुतिले गाग्रीमा सागर अटाउने काम गरेको हुन्छ । रुकुमेली उखान पनि केही लामा आकार छन् । यहाँ बाह्र शब्द सम्मको योगबाट जन्मिएका उखानलाई लामा आकारका उखान भनिएको छ । त्यस्ता केही उखानहरू यस प्रकार छन्

**जाऊँ भन्छ बाहुरेको हावा, यहाँ आ भन्छ भगौती ढुङ्गाको ओर**

**आफ्नो शरीरमा भैंसी चढेको नदैख्ने, अरुको शरीरमा जुम्रा बढेको देख्ने**

**जहिले थियो सरी उहिले रहें सुती, जब लाग्यो दुनें वा देब्बर तब कान सुनें)**

### ६.३.२ प्रश्नात्मकताको स्थिति

रुकुम जिल्लामा प्रचलित नेपाली उखानहरू सामान्य, प्रश्नात्मक, अप्रश्नात्मक गरी तीन किसिमका छन् । यहाँ तिनको सङ्क्षिप्त चर्चा गरिन्छ :-

### ६.३.२.१ सामान्य उखान

प्रश्नात्मकताको स्थितिलाई हेर्दा यहाँका सम्पूर्ण उखानहरूमा प्रश्नातकता भेटिदैन । तसर्थ प्रश्नात्मकता विनाका उखानलाई समान्य रुपका उखान भनिन्छ । यहाँ सामान्य उखानहरू ठूलो सङ्ख्यामा रहेका छन् । सामान्य उखानका केही नमूना यसप्रकार छन् :-

**- कोई माइती, कोई पोइली ।** (कोही कमाइती, कोही पोइली ।)

**- बागका छालामा, कुकुर चल्ला नाच्दा ।** ( बाघको छालामा केही कुकुरका छाउरा नाच्दा । )

**- हातको तेरो, तवाको मेरो ।** ( हातको तरो, तावाको मेरो ।)

**- तेल थोरै चिड्का धेरै ।** ( तेल कम च्याई-च्वाई बढी ।)

### ६.३.२.२ प्रश्नात्मक उखान

रुकुम जिल्लामा प्रचलित केही नेपाली उखानहरू प्रश्नात्मक पनि छन् । यस प्रकारका उखानमा एक वा एकभन्दा बढी प्रश्नहरू आएका हुन्छन् । त्यस्ता पश्नहरूको उत्तर खोज्ने जिम्मा श्रोतालाई नदिई मार्ग निर्देशन गर्ने काम गरेको हुन्छ । अर्थात गलत मार्गतिर लागेकालाई सजग हुन आग्रह गर्ने अर्थात त्यस्तालाई ठेगान लगाउनेसम्मको प्रयास उखानबाट भएको भेटिन्छ ।

- **आफू ता मर्दो, स्वास्नीलाई क्या गर्छस्** ? ( आफू त मर्छस् स्वास्नीले के गर्छस् ?)

- **खीर खाए भयो कि ? खीर देखे भयो** ? ( खीर खाए पुग्यो कि ? खीर देखे पुग्यो ?)

- **कुक्कुरको खेल कपास  क्या** ? ( कुकुरका लागि कपास के ? )

### ६.३.२.३ प्रश्नोत्तरात्मक उखान

रुकुमेली जनजीवनमा प्रश्नोत्तरात्मक उखान पनि प्रचलित छन् । ती उखानहरूले एकातिर प्रश्न उठाउने र अर्कातिर त्यसको उत्तर पनि दिने काम गरेका हुन्छन् । तसर्थ त्यस्ता उखानहरूलाई आफैमा प्रश्नोत्तरात्मक गुणले निपूर्ण उखान भनिन्छ । केही प्रश्नोत्तरात्मक उखानहरू यस प्रकार छन् :

- **याँ क्या मइ छ ? पानी ।** ( यहाँ के मही छ ? पानी )

- **भौँरीको, पाडो कस्को ? गुज्जरीको** । (सन्तान कसको ?भैंसीको, पाडो कसको ? गुज्जरी ठूलो जातको भैंसीको ।)

### ६.३.३ लयात्मक रुप

उखानलाई लयात्मक कोणबाट पनि विश्लेषण गर्न सकिन्छ । उखानमा लयको भूमिका पनि महत्वपूर्ण हुने भएकाले लयात्मक रुपलाई हेर्नु आवश्यक प्रतीत हुन्छ । लयका रुपले हेर्दा मूलत : लयविहीन र लयाात्मक रुपका उखानहरू भेटिने गर्छन् ।

### ६.३.३.१ लयविहीन उखान

रुकुम जिल्लामा प्रचलित अधिकांश उखानहरू गद्यात्मक छन् । यहाँका उखानको गद्यात्मक रुपमा रहेर पनि अनुभूति हस्तान्तर गर्ने र भाषिक सौन्दर्यमा मद्दत पुऱ्याउने जस्ता महत्वपूर्ण काम गरेका हुन्छन् । निर्माण शैली जे जस्तो भए पनि प्रसङ्गवशको प्रयोगले गर्दा स्रोतहरूका लागि ग्राह्य बन्न पुगेका हुन्छन् । गद्यात्मक उखानका केही नमुना निम्नानुसनर छन् ।

**- अन्नको माँड लगाउँदो घाँटीमा जाँदैन ।** ( अन्नको माड घाँटीमा पस्दैन ।)

**- आमा भन्दा छोरी जान्ने ।** ( आमा भन्दा छोरी जान्ने ।)

**- सुत्ने बेला ओछ्यान खोजाइ ।** ( सुत्ने बेलाको ओछ्यान खोजाई ।)

## ६.३.३.२ लयात्मक उखान

यस जिल्लामा प्रचलित नेपाली उखानहरू मध्ये केही उखान पद्यको लयमा जुन्जिने गर्छन् । जसबाट गद्यात्मक उखानभन्दा भिन्दै किसिमको आनन्दानुभूति प्राप्त हुन्छ । त्यस्ता उखानहरू मूलत : तुकबन्दी युक्त हुन्छन् । तसर्थ ती उखान निकै कर्णप्रिय हुने गर्छन् । पद्यात्मक उखानमा भएको लय र भावको सङ्गमले त्यभित्र कलात्मकता थप्नमा विशेष भूमिका खेलेको हुन्छ । पद्यात्मक उखानलाई पनि सङ्ख्यात्मक रुपले हेर्दा उखानको ढुकुटीमा कम सङ्ख्यामा देखिँदैनन् । पद्यात्मक उखानका केही नमुनाहरू यसप्रकार छन् :-

**- अपूतानु धन प्यारो, कोडीनु जिउ प्यारो ।** (अपूतको धन प्यारो कोरीको जिउ प्यारो ।)

**- अरु भन्ने अरु हुन्, खाजा भन्ने बौरा हुन् ।** (अरु भनेका अरु हुन् खाजा भनेका बौरा हुन् )

**- आफू साना जस्ता, पेट दमाउँ जस्ता ।** ( आफू बच्चाजस्तै, पेट दमाहा जस्तै ।)

**- आफू बोल्दैन गास्या बोल्दो, खुर्सानी पोल्दैन जरा पोल्दो ।** (हक हुने बोल्दैन हक नहुने बोल्छ, खुर्सानी पोल्दैन जरा पोल्छ ।)

**- खाऊँ भन्यै मनैं, नखाउँ भन्यैँ मनैं ।** (खाऊँ भन्ने पनि मन, नखाऊँ भन्ने पनि मन ।)

**- छ लुगा छ जाडो, छैन लुगा छैन जाडो ।** (छ लुगा छ जाडो, छैन लुगा छैन जाडो ।)

**- गरी खान्याँ गरी खान्छन् अल्छि बिताँउछन् ।** ( गरी खाने गरी खान्छन्। उडालु बिताउँछन् ।)

## ६.४ भाषिक कोणबाट विश्लेषण

उखानले अभिव्यक्ति भाषाका माध्यमबाट हुने भएकाले उखानमा भाषिक प्रभाव व्यापक रुपमा रहेको हुन्छ । जहाँ जुन किसिमको भाषा प्रचलनमा आएको हुन्छ त्यहाँ सोही अनुरुपका उखानहरू प्रचलित हुन्छन् । रुकुम जिल्लामा बोलिने गरेको भाषा भारोपेली भाषा परिवारको ओरपच्छिमा वर्गको भाषिकाको एउटा भेद हो । यहाँका अधिकांश मानिसहरू यही भाषिकाका माध्यमबाट आफ्नो कथ्य भाषिक व्यवहार सञ्चालन गर्ने गर्छन । यस जिल्लामा अन्य भाषभाषिका मानिसहरू बसोबास गर्ने भए पनि नेपाली भाषालाई नै आफ्नो मातृभाषाका रुपमा प्रयोग गर्नेहरूको सङ्ख्याा बढी देखिन्छ । तसर्थ स्थानीय कथ्य भाषाको अधिक्य भएका

उखान बढीजसो प्रचलनमा आउने गरेका छन् । अन्य भाषाका शब्दहरूको संयोजनबाट पनि उखानहरूको निर्माण भएको छ तापनि तिनले यहाँको मौलिक शब्दमा नै परिणत हुने मौका पाइसकेका छन् । यी विभिन्न कुरामाथि ध्यान दिएर नै रुकुम जिल्लामा प्रचलित नेपाली उखानलाई भाषिक कोणबाट विश्लेषण गर्न सकिन्छ ।

रुकुम जिल्लामा प्रचलित नेपाली उखानहरूमा भाषिक मौलिकता व्यापक रुपमा पाइन्छ । वाक्य-गठन प्रक्रिया, निपात, क्रियापद आदिको प्रयोग स्तरीय नेपालीका उखानमा भन्दा केही भिन्नै किसिमले हुने गर्दछ । पदसङ्गति पनि स्तरीय नेपाली उखानका तुलनामा पृथक् किसिमको भेटिन्छ । **आजै ससुरा ज्यू आया, आजै यै राँडको बा मर्‍यो** । (आजै ससुराज्यू आए आजै यही राँडको बा मर्‍यो ।) भन्ने उखानमा आएको 'ज्यू' आदरसूचक शब्दसँग क्रियाको राम्रो मेल देखिदैन । एकातिर आदर सुचक शब्द 'ज्यू' को प्रयोग भएको छ भने अर्कातिर 'आया' क्रियाको प्रयोग भएको छ । यहाँ प्राय 'ए' ध्वनि 'य' मा परिणत हुने गदस्छ । त्यस किसिमको प्रयोग उखानमा पनि पाइन्छ । 'गया' 'भया', 'खाया' जस्ता शब्दको प्रयोग उखानमा भएको हुन्छ । **बाटो हेर्दा दिन बितिगए** (बाटो हेर्दे दिन गइसके), **बाघ लाग्याको पातल चिसो** (बाघ लागेको पातल चिसो ), तेरो हुँदो म छु भन्ने को थियो उत्तिका उखानमा आएका क्रियामा 'ए' ध्वनी 'य' मा परणत भएको देख्न पाइन्छ । त्यसरी नै प्रथम पुरुष बहुवचनको साहायक क्रिया 'छौँ' प्रथम पुरुषको एक वचनमा प्रयोग हुने गर्दछ जुन कुरा "म छौँ" बाट प्रष्ट हुन्छ ।

## ६.५ प्रचलित क्षेत्रका आधारमा विश्लेषण

अतीत कालदेखि लोकजीवन कथा, अनुभव आदिका सङ्ग्रहका रुपमा रहेका उखानहरूले व्यक्ति र समाजबीचको सम्बन्ध प्रगाढ बनाउनमा मद्दत पुर्‍याउँदै आएका छन् । यस क्रममा एक ठाउँका उखान अर्को ठाउँमा प्रभलनमा आउने हुनाले प्रयोगक्षेत्र विस्तार गर्नमा सफल भएका देखिन्छन् । रुकुम जिल्लामा प्रचलित नेपाली उखानलाई पनि प्रचलनका आधारमा दुई भागमा बाँडी विश्लेषण गर्न सकिन्छ ।

### ६.५.१ स्थानीय उखान

रुकुमेली जनजीवनको बीचबाट जन्मी त्यहाँकै विशेषतालाई झल्काउने खालका उखान स्थानीय उखान हुन् । उखानमा स्वस्फूर्तता हुने हुनाले तिनमा स्थानीयता पनि व्यापक मात्रामा पाइन्छ । रुकुमेली उखानले लेक-बँसी, पशुंपक्षी, ज्ञान-विज्ञान, नीतिचेत, धर्म-संस्कृति आदि कुराहरूसँग सम्बन्ध राख्दै तिनका विशेषताहरूलाई चिनाउने काम गरेको भेटिन्छ ।

यहाँको प्रमुख धार्मिक स्थललाई आफ्नो विषयवस्तुमा समेट्दै **अब क्या डिग्रे माई आकास छेलिन्** ( अब के डिग्रे माई आकाश छोलिन् ) भनिएको छ । यस उखानले रुकुमको प्रमुख धार्मिक स्थल डिग्रेलाई लक्ष्य गरेकाले यस उखानमा स्थानीयता प्रकट भएको पाइन्छ । यहाँका उखानले नैतिक तथा अन्य विविध पक्षलाई छुँदै रुकुमको भूमिलाई आफ्नो घर बनाएका छन् । यस जिल्लामा प्रचलित अधिकांश उखानहरू स्थानीय उखानहरू नै हुन् ।

### ६.५.२ अन्यत्र प्रचलित उखान

मानिसको आवतजावत र सम्पर्कसँगै उखानहरूले पनि आवतजावत गर्ने गर्छन् र परिस्थिति अनुसार उखानमा परिवर्तन हुने गर्दछ । जति-जति सभ्यता र संस्कृतिको विकास हुँदै जान्छ उति-उति उखानमा पनि परिवर्तन हुने गर्दछ । यस क्रममा उखानहरू एक अर्का भाषाबीच सम्बन्ध जोड्ने पुग्न् । हिन्दी उखानले नेपाली उखानका भण्डारमा ठाउँ पाउन सक्छ भने नेपाली उखानले हिन्दी उखानका भण्डारमा ठाउँ पाउन सक्छ । यसबाट उखानको प्रचलन क्षेत्र विस्तारै फैलिदै जान्छ । बाजरा जिल्लामा प्रचलित नेपाली उखानहरू मध्ये केहीका आगमन त्यसरी नै भएको पाइन्छ । यसरी ती उखानहरू आफ्नो क्षेत्र विस्तार गर्ने क्रममा रुकुमेली उखानका भण्डारमा प्रवेश गर्न पुगेकाले रुकुमेली भाषिकाको प्रभाव पर्न गई तिनमा शाब्दिक भिन्नता जन्मिएको छ तर आर्थिक भिन्नता भने त्यति सारो पाइदैन । **मूल सोरी पानी खानू कुल सोधी छोरी ल्याउनू** (मूल सोहोरेर पानी खानू, कूल सोधेर छोरी ल्याउनू) भन्ने उखान रुकुममा मात्र नभई अन्य जिल्लामा पनि प्रचलित भएको पाइन्छ । त्यसरी नै **घर पिँडालु बन पिँडालु, ससुराल गएँ हात लामा पिँडालु** ( घर पिँडालु, बन पिँडालु, ससुराली गएँ हातलामा पिँडालु) **खतिका बेला मति आउँदैन** (खतिको बेला मति आउँदैन), **गाई भया गोरस, भाइ भया भरोसा** ( गाई भए गोरस, भाइ भए भरोस वा भरोस) जस्ता उखानहरू अन्यत्र पनि प्रचलनमा आउने गर्दछन् भने तिनले रुकुमेली उखानका भण्डारमा पनि प्रबेश पाएका छन् । अन्य त्यस्ता उखानमा **हात दिएँ, हत्केलो निल्यो** (हात दिएँ हत्केला निल्यो) **आगो ताप्नू मुडाको, कुरो सुन्नू बूडाको** (आगो ताप्नू मुढाको, कुरो सुन्नू बूढाको ) **माना खाई मुरी आर्जनु** (मानाको खाएर मुरी आर्जनु) आदि उखान पनि यस जिल्लामा प्रचलित  छन् ।

## ६.६ शैलीका कोणबाट विश्लेषण

लोकसाहित्यिक अभिव्यक्तिको रुपरेखा शैलीबाट स्पष्टिने गर्छ । उखान पनि लोकसाहित्यिक विधा भएकाले त्यसभित्र शैलीले पनि स्थान पाएको छ । शैली शब्दलाई अर्थ्याउँदै नेपाली बृशत शब्दकोशमा लेखिएको छ । साहित्यिक रचनामा लेखकका व्यक्तित्व विशेषताको छाप दिने वा विषयवस्तुका अनुकूल भाव अभिव्यक्त हुने खास ढाँचा नै शैली हो ।

यस अर्थबाट उखान पनि विभिन्न शैलीमा आधारित हुन्छन् भन्ने कुरा स्पष्ट हुन्छ । शैलीका विभिन्न कोणबाट भावात्मकता, तार्किकता, हास्यव्यङ्ग्यात्मकता र आलाङ्कारिकताका आधारमा रुकुमेली उखानको विश्लेषण गरिन्छ ।

## ६.६.१ भावात्मक शैली

उखानमा भाव वा विचारले महत्वपूर्ण स्थान ओगट्ने हुनाले उखानहरू भावमय हुन्छन् । दया, माया, करुणा, उत्साह जस्ता भावयुक्त उखानले आर्थिक वैशिष्ट्यलाई चरम विन्दुमा पुऱ्याएका हुन्छन् । कसैको मृत्यु हुँदा वा वियोग हुँदा मनमा उत्पन्न हुने भावले कथायितालाई खपी नसक्नु हुन्छ । अर्थात् करुणाको सागर उर्लेर आउँछ भन्ने **कुरा मर्दाका लागि रुनु कि** ? **मर्दाका गुनका लागि रुनु** ? उखानमा व्यक्त भएको छ । यस उखानले मृतकका गुनहरू भुल्नु नसकिने भाव एकातिर पोखेको छ भने अर्कातिर फेरि भेट हुन नपाइने हुनाले करुण क्रन्दन पोखेको छ । दुः ख पाउने बेला जताततैबाट दुःख नै पाइन्छ । तसर्थ **अभागि मृग ब्वाँसाका मुखमा** भन्ने उखानले पीडितप्रति दयाभाव पोखेको छ । लामो समयदेखि पतिवियोगमा छट्पटाएकी युवती बाह्र वर्षपछि पति घरमा आउँदा कति खुशी हुन्छे ? त्यसको सिमा नै छैन भन्ने कुरो**, म राँडलाई ज्वरो आया बाह्र वर्षपछि पोइ घरमा आया** भन्ने उखानमा चित्रित छ । यस उखानमा प्रेमभावका साथै खिन्नता पनि प्रकट भएको छ ।

यो संसार शून्यमा अडेको छ र जताततै असङ्गगति र विसङ्गतिले छाएको छ भन्ने भाव **आफू ता मर्दो स्वस्नीले क्या गर्दो** (आफूले मर्नु छ भने स्वास्नीले के गर्नु ) उखानले पोखेको छ । अन्धाहरू प्रति दया एवम् सहानुभूति **आँखाको अन्धो, रेलगाडी गने** आँखाको अन्धो रलगाडी गन्दो) भन्ने उखानमा व्यक्त भएको छ । अन्धा भनेर हेप्नु हुँदैन किन की उनीहरूको पनि रहर छ , रगत छ र प्राण छ भन्ने भाव यस उखानमा पाइन्छ । छोराछोरीको माया सबैलाई हुने गर्छ । सन्तान हुनेहरू पनि मायादेखि टाढा हुँदैनन् । (आफू पनि बाँझै, काख पनि बाँझै) भन्ने उखानमा सन्तान हीनहरूले आफ्नो खिन्नता प्रकट गरेको कुराको चिनारी मिल्दछ ।

जन्मदा पनि दुःख साथमा लिएर आएकी र पिताबाट पनि हेपिएकी नारीले आफ्नो दुःख अरु समक्ष बिसाउने गर्छिन् । त्यसको प्रस्तुति **केई दुःख बुबाले दियो, केई दुःख जन्मका** (केही दुःख बुबाले दियो, केही दुःख जन्मिदैको ) भन्ने उखानमा पाइन्छ । जति काम गर्दा पनि जस नपाइने अनि आराम पनि नकिल्ने जस्तो भाव (**कसको मैंले ऋण खाएँ हुँ कुन जन्म हारें हुँ ?**) भन्ने उखानमा अभिव्यक्त छ । त्यसरी नै **कि मरुँला, कि मारुँला, कि मर्दले बोल्दैन, बोल्या पछि छाड्दैन** (कि मर्दले बोल्दैन, बोलेपछि छोड्दैन) जस्ता उखानमा उत्साहको प्रस्तुति

भेटिन्छ । **खाने पउिने रामे, पिटाइ खाने चामे**) भन्ने उखानले काम नबिगारेर पनि सजाय पाउनेहरूप्रति सहानुभूति व्यक्त गरेको छ । आफ्नो सन्तान लाटो हुँदा आमा बुबालाई दुःख **आफ्नो लाटो रुवाओस, अर्काको लटो हँसाओस्** लाग्छ भने अर्काको छोरा लाटो भए हाँसो लाग्दछ भन्ने कुरा भन्ने उखानमा प्रकट भएको छ । यस उखानमा आँसु र हाँसोको मिश्रण भेटिने हुनाले विस्मय र हास्य भावयुक्त छ ।

निःसहायहरूलाई सबैले हेप्ने हुनाले उसको मनस्तिति निकै कमजोर हुन्छ र ऊ संसारमा आफूलाई एक्लो देख्न थाल्छ । यो भाव के केटाकेटी, केतन्नेरी, के बुढाबुढी र के रागी आखिर सबैको मनमा जाग्ने गर्दछ । तसर्थ त्यस्ता निः साहाय प्रति सबैको सहानुभूति हुनुपर्ने कुरा रुकुमेली उखानमा चर्चा गरिएको छ । **एक्लो कोरी, सूपाले छोपी** (एक्लो कोरी सूपोले छोपी) भन्ने उखानले निःसहायहरूको अवस्था दर्शाउनाका साथै उनीहरू प्रति सहानुभूतिको खोलो बगाएको छ ।

## ६.६.२ तार्किक शैली

रुकुम जिल्लामा प्रचलित उखानहरू मध्ये केही उखान तार्किक शैलीमा आधारित भएकाले तिनमा तार्किकता प्रचुर मात्रामा रहेको पाइन्छ । ती उखानले तर्कबाट नै निष्कर्ष पुग्नमा मद्दत पुऱ्याएका हुन्छन् । यस किसिमका उखानबाट यथार्थताको जानकारी मिल्छ । यहाँको जनजीवनले वस्तु लेनदेन कार्य गरिरहेको हुन्छ । त्यसबाट सहयोगको आदान-प्रदान बढ्दै जाने हुनाले मित्रता पनि बलियो हुँदै जान्छ भन्ने भावना बोकेका उखानहरू प्रचलनमा आएका पाइन्छन् भने अर्कातिर लेनदेनमा हुने कञ्जुस्याइँ र त्सको परिणामका बारेमा पनि रुकुमेली उखानहरू बोलेका भेटिन्छन् **फोक्सो माग्ने तँलाई धिक्कार, फोक्सो नदिने मलाई धिक्कार**) भन्ने उखानले वस्तुको लेनदेनको प्रसङ्ग निकाल्दै अन्तमा दुबैको नालायकी पनलाई प्रष्ट पारेको छ।**अरुलाई अरु काम घर ज्वाइँलाई खानाको काम**) भन्ने उखानले अरुलाई घर व्यवहार कसरी चलाउने भन्ने चिन्ता हुन्छ तर घरज्वाइँलाई भने पेट कसरी भर्ने भन्ने चिन्ता हुन्छ । यसको राम्रो चित्रण यस उखानले गरेको छ ।

अल्छी मानिसले कुराबाट नै सबैलाई जित्न सक्छ अर्थात् काठमाडौं बसेर अमेरिकाका गफ हाँक्न सक्छ भने वेश्या आईमाई आफ्नो नजरबाट नै अरुको मन जित्न सफल भएकी हुन्छे भन्ने कुरा **अल्सीका कुडा राम्म्रा, वेश्याका आँखा राम्म्रा** (अल्छीका कुरा राम्रा, वेश्याका आँखा राम्रा) उखानमा प्रष्ट भएको छ । मानिसको जिन्दगी फेरि पाउन सकिन्न । एक पटक मात्र यस धर्तीमा पाइला टेकिएको हो भन्दै **एक बारको जिन्दगी, गरिहाल मनपरी** (एक बारको जिन्दगी गरी हाल मनपरी) भन्ने उखानले जन्म र मृत्युको यथार्थ चित्रण गरेको छ ।

मीठो मसिनो खाने राम्रो लगाउने बेला यही नै हो तसर्थ जीवन भएसम्म हाँसेर दिन बिताउनु पर्ने कुरा यस उखानमा प्रस्तुत भएको पाइन्छ । **खानु खीरै हो, हान्नु शिरै हो** भन्ने उखानमा खीर खानमा मीठो हुन्छ भने प्राण टाउकाका अडेको हुन्छ भन्ने यथार्थता दर्साएको छ । जसले अन्याय अत्याचार गर्छ उसले एक दिन अवश्य नै खाल्डोमा पर्नु पर्छ भन्ने प्रसङ्ग पनि उखानले अघि सारेको छ । **चुने भाँडो रित्तो हुँदो** (चुहिने भाँडो रित्तो) भन्ने उखानमा उपर्युक्त अभिव्यक्ति पाइन्छ । **नखाई नहुन्याँ खायाको गु हुन्याँ** (नखाएर नहुने, खाएपछि गुहु हुने) भन्ने उखानले जस्तो किसिमको काम गरिन्छ त्यसको परिणाम पनि त्यस्तै हुन्छ भन्ने तर्क प्रस्तुत गरेको छ । **नपोखिएर डुङ्गा मिसिदैनन्, नलोटेर सिङ भाँच्चिदैन** उखानले अन्न नपोखिएर डुङ्ग मिसिंदैनन् र गाई वस्तु लोटेर सिंङ भाँच्चिदैन भन्ने प्रसङ्ग अघि सार्दै काम बिगार्नेले सजाय पाउनुपर्छ भन्ने मान्यता राखेको छ । **हदेलो चिन्याकै थियो, कोट्याउनु  किन** ? (हलेदो चिनेकै थियो, कोटठ्याउनु केलाई ?) भन्ने उखानले कुनै वस्तुको गुण तथा अवस्थाका बारेमा जानकारी पाएकाहरूले कोट्याइरहनु राम्रो हुँदैन भन्दै अर्काका कुराहरू देचार्नु पनि राम्रो होइन भन्ने अभिव्यीक्त दिएको छ ।

### ६.६.३ हास्यव्यङ्ग्यात्मक

रुकुमेली उखानमा हास्यव्यङ्ग्यत्मको प्रयोग पनि भएको हुन्छ । अर्थात रमरम हाँसो मिसिएका उखान र व्यङ्ग्यात्मक भाव बोकेका उखान रुकुमेली लोकजीवनमा प्रचलित छन् । यस क्रममा कृष्णप्रसाद पराजुलीले उखान हास्यव्यङग्यका रुपमा निकै टड्कारो छन् । भनी लेखेका छन् । यस भनाईलाइ रुकुमेली उखानमा लिएर जोड्न सकिन्छ । यस्ता उखानहरू एकातिर हाँसोतिर मीठो रस चखाउँछन् भने अर्कोतिर बाटो बिगार्नेहरूलाई व्यग्यको सहयोगले झाँको झार्ने पनि पछि पर्दैनन् ।

शत्रुले पीडा भोग्नु पर्दा कसैले गाएको गीतप्रति व्यङ्ग्य गर्नु पर्दा वा अरुको धज्जी उडाउनु पर्दा **आँखामा आँसु सधैं आउँछन्, घुडामा आँसु अजै आए**  उखानको प्रयोग गर्ने गरिन्छ । **घिउ खाने बिरालो ब्वारीको मुख चिल्लो** (घिउ खाने बिरालो, बुहारीको मुख चिल्लो) भन्ने उखान पनि मुखरित छ  । काम विगार्ने एउटा हुन्छ त्यसको असर अर्केलाई पर्छ भन्ने तर्क एकातिर भेटिन्छ भने अर्कातिर बिरालाले घिउ खाँदा बुहारीको मुख कसरी चिल्लो भयो ? भन्ने आशंका जन्मिन्छ । जेसुकै भए पनि यस उखानमा बुहारीप्रति गरिएको व्यङ्ग्य प्रष्ट छ ।

आफ्नो व्यवस्था गर्न नसक्नेले अरुको व्यवस्था गरिदिन्छु भन्नु चाल्नामा दूध दुहुनु जस्तै हो भन्ने कराको रहस्योद्घाटन **आफू लाग्छन् तब जोईछोरा पाल्छन घाँडका पछि** उखानबाट भएको छ । सित्तैमा खानेकुरा भेटाएमा धेरै खानेहरू प्रति व्यङ्ग्य गर्दै पायाले डोको

न त भोको ( पाएमा डोको नत्र भोको) अर्थात् सित्तैमा पाएमा एक डोको भरिको खानेकुरा खान सक्ने नत्र भोकै बस्ने भन्ने कुरा यस उखानले प्रस्तुत गरेको छ । आफ्नो मानिसले आफ्नैलाई दुःख दिने वा सताउने प्रवृत्ति दिनहुँ बढ्दै गइरहेको छ । त्यस प्रवृत्तिका मानिसलाई सम्झाएर हुँदैन भन्ने कुरा **आफ्नो आगो बाली ताप्नू** उखानले खुलस्त पारेको छ । यस उखानले अरुलाई सताउन`प्रति व्यङ्ग्यभाव पोख्नाका साथै उनीहरूको भ्फाँको भ्फार्ने काम गरेको छ । आफू ओछ्यान छोड्न नसक्ने तर विश्व हाँकने आँट गर्नेहरूलाई **आफू मूर्दा, कुरा बडा** (आफू मुर्दा, कुरा ठूला) भन्ने उखानले लक्ष्य गरेको छ । त्यसरी नै **चिप्लो मुख खर्चो पेट** (चिप्लो मुख खस्रो पेट) उखानमा मुखले निबिगार्ने तर कामले अरुलाई दुःख दिइरहने प्रवृत्तिका मानिसहरू प्रति कडा व्यङ्ग्य प्रहार गरेको छ । **मऱ्याका बागका जुँगा समाउने ढल्याका रुखका टुप्पो चडन्याँ** ( मरेको बाघका जुँगा समाउने, ढलेको रुखका टुप्पामा चढ्ने) भन्ने उखानमा साहास नहुनेहरूप्रति व्यङ्ग्य गरिएको छ भने त्यसभित्र रमरम हाँसो पनि मिसिएको छ । आफू बच्चाजस्ता, लाग्दा दमाउँजस्ता (आफू बच्चाजस्ता पेट दमाहा जस्ता) उखानले पनि हाँस्याभाव व्यक्त गरेको छ ।

सिस्नो-सागपात खाएर जीवन निर्वाहा गर्नेहरू बलिया हुने र नौनी खानेहरू कमजोर हुने अर्थात् सिस्नो, सागपात खाने सबल र नौनी खानेहरू निर्बल हुने कुरा उखानमा प्रस्तुत भएको पाइन्छ ।

### ६.६.४ आलाङ्कारिक शैली

अन्य साहित्यिक बिधामा भ्फैं उखानमा पनि आलङ्कारिकता हुनु स्वाभाविक मानिन्छ । यो उखानका लागि आवश्यक पनि छ । उखानहरूमा कथनलाई भावोत्कर्ष र चरम सौन्दर्यको अविभाव गर्ने आलङ्कारिक तत्वको प्रवेश हुने हुनाले आनन्दानुभूति गराउन सक्ने क्षमता सशक्त रुपमा उभिएको पाइन्छ । लोकजीवनको हृदयदेखि स्वतःस्फूर्त हुने उखानहरूले आफूमा भएको आलङ्कारिताका कारणले यिनी लोकजीवनको हृदय जित्न सफल भएका देखिन्छन् । उखानमा भएको तुकबन्दीले गर्दा यिनीहरू लोकप्रिय भएका छन् । अनुप्रास र लयात्मकताले गर्दा भाषिक सौन्दर्य बढ्न गई खाँदिलो हुनमा समेत सहयोग पुगेको पाइन्छ । उखानमा भएको सङ्क्षिप्तता भित्र आलङ्कारिकता थपिनाले सुनमा सुगन्ध थपिएको भान गराउँछ । तसर्थ रुकुम जिल्लामा प्रचलित नेपाली उखानमा पनि आलङ्कारिकता भेटाइने हुनाले कोणबाट पनि विश्लेषण गर्न सकिन्छ ।

### ६.६.४.१ अनुप्रास

रुकुमेली उखानमा अनुप्रास अलङ्कारको प्रयोग भएको पाइन्छ । तिनमा एउटै वा धेरै पक्षहरू दोहोरिएर एउटै क्रममा आउनु नै अनुप्रासको उपस्थिति भेटिनु हो अनुप्राययुक्त केही उखानहरू हुन् ।

- **आँखाको अन्दो, रेलगाडी गन्दो ।** (आँखाको अन्धो रेलगाडी गन्दो ।)
- **आफू मरो, कुरा बडो ।** (आफू मुर्दा कुरा ठूला ।)
- **जिउँदाको जन्ती, मर्दाको मलामी ।**
- **आफू रानी खीर खानिन, पिना चोरी खान्छिन् ।** (आफू रानी खीर खादिनन् पिना चोरी खान्छिन्)
- **आईमाई नभया घर नाइँ, कुरौटेको भर नाइँ** । (आईमाई नभएर घर हुँदैन, कुरौटेको भर हुँदैन ।)

### ६.६.४.२ उपमा

रुकुमेली उखानमा अलङ्कारको पइोग भएको पाइन्छ । दुई भिन्न वस्तु बीच सादृश्य स्थापित गरी उपमा अलङ्कार जन्मिएको हुन्छ । यसको नमुना निम्नानुसार छ ।

- **आफू बच्चाजस्तै, पेट दमाहाजस्तै ।**

**घरको कुखुरा दाल समान** ।

### ६.६.४.३ वक्रोक्ति

रुकुमेली उखानले बक्रोक्ति अलङ्कारलाई पनि समेटेको पाइन्छ । एक अर्थ अर्को अर्थमा लागू हुनाले उखानमा वक्रोक्ति अलङ्कार आएको पाइन्छ । वक्रोक्ति अलङ्कारयुक्त केही उखानका नमुना निम्नानुसार छन् :-

**कमिला हात खुट्टा तान्दा, नेपाल जानलाई** ।

**भर्खर भएका जोगी बढी धूलो दल्छन् ।**

### ६.६.४.४ रुपक

रुकुम जिल्लाका उखानहरूमा रुपक अलङ्कार पनि भेटिन्छ । एक वस्तुसँग अर्को वस्तुको अन्तर नहुनु नै रुपक अलङ्कार हो । तसर्थ रुकुमेली उखानले यस किसिमको विशेषता बोकेको पाइन्छ । रुपक अलङ्कार भएका उखानका केही नमुना यसप्रकार छन् ।

- **बाम्नाको तित्त, माखाको पित्त ।** (बाहुनको चित्त, माखाको पित्त ।)

- **छोरीको कर्म कुमालको हाँडो ।** (छोरीको भाग्य कुम्हालेको हाँडो ।)

### ६.६.४.५ दृष्टान्त

एउटा भनाईलाई भनाई भनाइद्वारा पुष्टि गरिने अलङ्कार दृष्टान्त हो । अर्थात् उदाहरणद्वारा अर्थ स्पष्ट पारिने अलङ्कार दृष्टान्त अलङ्कार हुन्छ । रुकुमेली उखानमा पनि दृष्टान्त अलङ्कारको प्रयोग भएको पाइन्छ । यसका नमुना निम्नानुसार छन्

- **आगो ताप्नु मुडाको, कुरो सुन्नु बूडाको ।** ( आगो ताप्नु मुढाको, कुरो सुन्नु बूढाको ।)

- **कुरो सुन्नु अरुको, बुद्धि गर्नु आफ्नो ।** ( कुरा सुन्नू अरूको, बुद्धि गर्न आफ्नो । )

### ६.६.४.६ समासोक्ति

सङ्क्षिप्त भनाई समासोक्ति हो । समासोक्ति अलङ्कारमा प्रस्तुत गरिएको कुराबाट अप्रस्तुत कुराको जानकारी मिल्दछ । रुकुम जिल्लामा प्रचलित उखानमा समासोक्ति अलङ्कार पनि आएको हुन्छ । त्यस्ता केही नमुना यसप्रकार छन्

- **कैलै पाखाघाम कैले, कुना घाम ।** (कहिल्यै पाखा घाम, कहिल्यै कुनामा घाम ।)

- **लट्ठी विना जँगार रोकिदैंन ।** ( लट्ठी बिना जँघार रोकिँदैन । )

- **हेला पाया केला खान्छँन् ।** (हेला पाए केरा खान्छन् ।)

### ६.६.४.७ अतिशयोक्ति

साधारण वर्णनलाई असाधारण रुपमा गरिनु अतिशयोक्ति अलङ्कार हो । अतिशयोक्ति अलङ्कारमा कुनै वस्तु, स्थान आदिका बारेमा बढाईचढाई गरिएको हुन्छ । यस अलङ्कारले रुकुमेली उखानमा पनि आफ्नो ठाउँ लिएको छ । अतिशयोक्ति अलङ्कारका केही नमुना तल दिइएका छन् -

- **माइतको कौवा पनि प्यारो ।** (माइतको काग पनि प्यारो ।)

- **घर पिँडालु बन पिडालु ससुराल गएँ हात लामा पिँडालु ।** (घर पिंडालु बन पिंडालु, ससुराली जाँदा हातजति लामा पिंडालु ।)

- **चार लाख विद्या, चौद लाख चतुराइँ ।** (चार लाख विद्या, चौध लाख चतुऱ्याइँ ।)

### ६.६.४.८ उत्प्रेक्षा

उपमेयमा उपमानको सम्भावना देखाउनुलाई उत्प्रेक्षा अलङ्कार भनिन्छ । खास गरी उत्प्रेक्षा अलङ्कार भन्नु नै सम्भावना हो । यस अलङ्कारमा आशङ्का बलियो रुपमा रहेको हुन्छ । रुकुम जिल्लामा प्रचलित नेपाली उखानमा पनि उत्प्रेक्षा अलङ्कारको उपस्थिति भेटिन्छ । त्यस अलङ्कारका केही नमुनाहरू यसप्रकार छन् -

**- जती काला उति तेरा बाका साला**

**चैतमा नफर्केको भोटे, मऱ्यो भनेर जान्नु ।**

**जसको दुलाहा फूर्तिलो उसका जन्ती पनि फुर्तिलो होलान् ।**

## ६.७. निष्कर्ष

समग्रमा भन्नुपर्दा रुकुम जिल्लामा प्रचलित नेपाली उखानहरू विश्लेषणमूलक भएकाले तिनलाई विभिन्न कोणबाट विश्लेषण गरिएको छ । यस क्रममा विषयका कोणबाट विश्लेषण गर्दा यहाँको सामाजिक-साँस्कृति पक्ष, नीतिचेत तथा उपदेश, रुढी र अन्धाविश्वास, स्वास्थ्य, खानपान, कृषि-व्यवसाय, आर्थिक पक्ष आदिलाई स्पर्श गर्ने उखानहरू माथि, दृष्टि पुऱ्याइएको छ । त्यसरी नै प्रचलित क्षेत्रका आधारमा विश्लेषण गर्ने सन्दर्भमा स्थानीय स्तरमा प्रचलनमा रहेका उखान र अन्यत्र पनि प्रचलनमा आउने गरेका उखानलाई पृथक-पृथक किसिमले विश्लेषण गरिएको छ । शैलीमाथि विचार पुऱ्याउँदा भावात्म्क शैली, तार्किक शैली, आलङ्कारिक शैली र हास्यव्यङ्ग्यात्मक शैली गरी चार प्रकारका शैलीमा आधारित उखान भेटिएकाले सोहि अनुसार विश्लेषण कार्य भएको छ । त्यसरी चिन्तका कोणबाट हेर्दा परम्परावादी र परिवर्तनकारी भावयुक्त उखान पाइएका छन् भने संरचनात्म्क स्वरुपलाई हेर्दा लयविहीन, लयात्मक, प्रश्नात्मक, प्रश्नोत्तरात्मक, लामा र छोटा उखानहरू भेटिएकाले त्यस अनुरुप पनि विश्लेषण गरिएको छ । त्यसबाहेक भाषिक कोणबाट पनि रुकुम जिल्लामा प्रचलित उखानहरूको विश्लेषण भएको छ । यसरी विभिन्न कोणबाट रुकुमेली उखानहरू विश्लेषित भए तापनि अझै विभिन्न दृष्टिकोणबाट तिनको विश्लेषण नहोला भन्न सकिदैन ।

# परिच्छेद : सात
# उपसंहार

रुकुम जिल्ला मध्यपश्चिमाञ्चल विकासक्षेत्रको भेरीअञ्चलमा पर्ने एक दुर्गम पहाडी जिल्ला हो । यसलाई राजनैतिक हिसाबले सत्ताईस वटा गा.वि.स. नौवटा इलाका र तीन निर्वाचनक्षेत्रमा विभाजन गरिएको छ । यो दुर्गम जिल्ला भएर पनि प्राकृतिक सौन्दर्यका दृष्टिले सम्पन्न छ । प्राय : वर्षभरि नै हरियो देखिने यहाँको भूमि वनजङ्गल र अन्य प्राकृतिक विशेषताले गर्दा अत्यन्त लोभलाग्दो छ । नदीनालाको कलकल, झरनाको झरझर र चराचुरुङ्गीहरूको कलरवले यहाँको लेक र बँसीलाई बिउँझाइ रहेका छन् । यो जिल्ला अनेक जातका जडीबुटीहरूका लागि पनि प्रसिद्ध छ । यहाँ विभिन्न जानजाति, धर्म-संस्कृति। रहनसहन, भाषाभाषी आदिका मानिसहरू बसोबास गर्दछन् । यस जिल्लामा विभिन्न सम्प्रदायका मानिसहरू बसोबास गर्ने भए तापनि तिनीहरू बीच सुसम्बन्ध छ । एकतामा अनेकता र अनेकतामा एकता रुकुमेली जनजीवनको विशेषता बनेको छ । ढिग्रे,शोभा जस्ता थुप्रैअध्यात्मिक स्थलहरूले यस जिल्लाको शोभा बढाउनमा मद्दत पुऱ्याएका  छन् । यही सेरोफेरोमा जीवनका उकाली-ओराली सफलता-असफलता, घात-प्रतिघात र सुख- दुःखहरूमा रुकुमेली लोकसंस्कृति जीवन्त रहेको छ । यसरी रुकुम जिल्ला एकातिर सांस्कृतिक बैभव र प्राकृतिक रमणीयताले परिपूर्ण छ भने अर्कातिर लोकसाहित्यिक सम्पदाले पनि सम्पन्न छ ।

लोकसाहित्यका दृष्टिकोणले मूलत : मध्यपश्चिमाच्चल र सुदूरपश्चिमाञ्चलक्षेत्र आफ्नो छुट्टै पहिचान राख्ने गर्दछ । रुकुम जिल्ला पनि त्यहाँकै एक भाग भएकाले लोकसाहित्यिक विशेषताले युक्त छ । यहाँका भीरपाखा, बनजङ्गल र लेकबँसीहरूमा सुसेलिने लोकभाका र लाकोक्तिका विशिष्ट प्रयोगले गर्दा यो ठाउँ लोकसाहित्यिकहरूको अभिरुचिको थलोका रुपमा रहेको छ ।

लोकोक्ति प्रमुख भेदका रुपमा रहेको उखानको प्रयोग रुकुममा व्यापक रुपमा गरिन्छ र उखान लोकजीवनको हृदयदेखि उब्जेका र जीवनभोगाईका क्रममा बटुलिएका अनुभवहरू हुन् । त्यसैले यहाँको प्रत्येक मानिसले आफ्नो भाषिक व्यवहारका क्रममा उखानको प्रयोग गर्न रुचाउँछ । यहाँका उखान केवल रुकुमेली जनजीवनका लागि मात्र नभई नेपाली साहित्य र सिङ्गो वाङ्मयकै लागि पनि महत्वपूर्ण छन् । तिनको विविध पक्षीय प्रयोग एवम् उपयोग हुन सक्तछ र ती उखानहरू भाषाशास्त्र, साहित्य, भूगोल, इतिहास, धर्मशास्त्र, मानवशास्त्र,

राजनीतिशास्त्र, मनोबिज्ञान आदि विषयका निम्ति पनि उपयोगी सामग्रीका रुपमा प्रयोग हुन सक्छन् ।

यहाँका उखान स्थानीयताका दृष्टिले पनि महत्त्वपूर्ण छन् । ती उखान मध्ये अधिकांश उखान यहाँका मौलिक उखानका रुपमा रहेका छन् । तसर्थ ती उखानहरूमा रुकुमेली स्थानीयपनको प्रतिबिम्ब देख्न पाइन्छ । नेपालका कतिपय जिल्लामा प्रचलित नेपाली उखानहरूमध्ये अधिकांश एक-अर्कामा मिल्ने कुरा निर्विवाद छ अर्थात तिनले छुट्टै बैशिष्ट्य कायम गर्न सकेको देखिँदैन तर रुकुम जिल्लामा प्रचलित उखानहरू भने त्यस कुराबाट भिन्न रहँदै आफ्नो बैग्लै अस्तित्व स्थापित गर्न सफल देखिन्छन् । यिनको आफ्नै विशेषता र मौलिक परम्परा रहेको देखिन्छ । जसरी रुकुमेली जनजीवनमा कृत्रिमता भेटाउन कठिन पर्दछ त्यसरी नै यहाँका उखानमा कृत्रिमताको छनक पाउन गाह्रो पर्दछ । यी उखानमा नीतिचेत तथा उपदेशको भावना व्यापक मात्रामा सलबलाउने हुनाले यिनले व्यक्ति र समग्र समाजलाई मार्गदर्शन गर्ने क्षमता राख्दछन् ।

यी उखानहरू स्थानीय कथ्य भाषाबाट जन्मी सोही भाषामा प्रचलित भएका हुनले यिनमा भाषिक मौलिकता पनि प्रशस्त पाइन्छ भने स्थानविशेष र संस्कृतिको पनि आफ्नै प्रकारको प्रभाव रहेको छ । यिनको संरचना र शैलीलाई हेर्दा यहाँका उखान पनि अन्य छेत्रका उखानसँग मिल्दा जुल्दा देखिन्छन् । तिनका आकार प्रकार बनोट ढाँचा आदिसँग सम्बन्धित विशेषताहरू अन्य क्षेत्रका उखानहरूसँग तुलनीय छन् ।

समग्रमा भन्नुपर्दा रुकुम जिल्लामा प्रचलित नेपाली उखानहरू पुर्खाका गौरवगाथा भएकाले तिनमा पुर्खाको गौरव छ । ती उखानहरू घाम, पानी, हुरी भोक र रोगसँग सङ्घर्ष गर्दै आर्जेका निधि भएका हुनाले रुकुमेली जनजीवनका मुटुका स्पन्दन बन्न पुगेका छन् ।

**रुकुम जिल्लाको साहित्यका बारेमा अध्ययन गर्न चाहनेका लागि निम्न शीर्षक हुन सक्छन् ।**

क) नेपाली भाषामा रुकुम जिल्लाका उखानको प्रयोग ।

ख) रुकुमेली उखानमा साँस्कृतिक पक्ष ।

ग) रुकुम जिल्लामा प्रचलित उखानमा नैतिक पक्ष ।

घ) रुकुम जिल्लामा प्रचलित लोकगाथाको अध्ययन ।

# सन्दर्भग्रन्थसूची

(क) **पुस्तक**


- हर्नबाइ, ए.एस., **अक्सफोर्ड एडभान्सड लर्नर्स डिक्सनरी अफ करेन्ट इङ्गलिस,** तृ.सं, दिल्ली : अक्सफोर्ड युनिभर्सिटी, वि.स. २०३१ ।
- उपाध्याय, कृष्णदेव, **लोक साहित्यको भूमिका**, प्र सं. साहित्यभवन प्रा.लि. वि.स. २०१४ ।
- पराजुली, कृष्णप्रसाद, **नेपाली उखान र गाउँखाने कथा,** ते.सं., काठमाडौं : रत्नपुस्तक भण्डार, वि.स. २०५४ ।
- ................ **राम्रो रचना, मीठो नेपाली,** काठमाडौं : सहयोगी प्रकाशन वि.स. २०५४ ।
- गिरी, जीवेन्द्रदेव, **भेरी क्षेत्रीय नेपाली क्रियाको संरचनात्मक विश्लेषण,** काठमाडौं : वि.स. २०५३ ।
- श्रेष्ठ, तेजप्रकाश, **अछामी लोकसाहित्य**, काठमाडौं : रत्नपुस्तक भण्डार, वि.स. २०४४ ।
- थापा, धर्मराज, **मेरो नेपाल भ्रमणा,** पुल्चोक : साझा प्रकाशन, वि.स. २०३२ ।
- थापा, धर्मराज र अन्य, **नेपाली साहित्यको विवेचना**, काठमाडौं : त्रि.वि पाठ्यक्रम विकास केन्द्र, वि.स. २०४१ ।
- शमशेर, पुष्कर, **नेपाली उखान-टुक्काको कोश,** ते.सं., पल्चोक : साझा प्रकाशन, वि.स. २०५० ।
- नेपाल, पूर्णप्रकाश 'यात्री', **सेती अञ्चल दिग्दर्शन**, विराटनगर : हिमाल सौगात प्रकाशन, वि.स. २०३४ ।
- नेपाल, पूर्णप्रकाश 'यात्री', **सेतीका तारा**, विराटनगर : हिमाल सौगात प्रकाशन वि.स. २०३४
- शाह, पूर्णबहादर, **हिमाल उपखण्ड मालिका**, नेपालगन्ज : गायत्री प्रिन्टिङ प्रेस, वि.स. २०५६ ।
- पोखरेल, बालकृष्ण, **राष्ट्रभाषा**, सा सं, पुल्चोक : साझा प्रकाशन, वि.स. २०५६ ।
- शर्मा, बालचन्द्र, **नेपालको ऐतिहासिक रुपरेखा**, काठमाडौ : साझा प्रकाशन, वि.सं.२०२२ ।

- पराजुली, मोतीलाल, **नेपाली लोकगाथा**, पोखरा : श्रीमती तारादेवी पराजुली, वि.स. २०४९ ।
- शर्मा, मोहनराज, **शब्दरचना र वार्णविन्यास, वाक्य तत्व र विविध अभिव्यक्ति**, काठमाडौं : नवीन प्रकाशन, वि.स. २०५२ ।
- शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्र, **शोधविधि**, काठमाडौं : सा.प्र., वि.स. २०५२ ।
- योगी, नरहरिनाथ, **हिमाली-लोकसाहित्य**, (आर्यवीर सङ्घ कलाकार समिति वि.स. २०२१ ।
- नत्नाकर देवकोटा (सम्पा) **जुम्लेली शब्द र उखान सङ्ग्रह,** जुम्ला : रत्नावली देवकोटा, वि.स.२०२७ ।
- राजाराम सुवेदी, **बाइसी राज्यको ऐतिहासिक रुपरेखा,** त्रि.वि. कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र वि.स. २०५५ ।
- आचार्य दीक्षित, राममणि, **उखान-सङग्रह**, ललितपुर : जगदम्बा प्रकाशन, वि.स. २०२७ ।
- त्रिपाठी, वासुदेव र अन्य (सम्पाः) **नेपाली वृहत शब्दकोश,** काठमाडौं : ने. रा. प्र.प्र., वि.स. २०४० ।
- भाइसाब, वासुदेव, **डोटेली कोश,** कञ्चनपुर : महेन्द्रनगर, वि.स. २०५१ ।
- कोइराला, शम्भुप्रसाद, **लोकसाहित्य सिद्धान्त र विश्लेषण**, बिराटनगर : वि.स. २०५५ ।
- श्री ५ को सरकार, सुदूरपश्चिमाञ्चल विकासक्षेत्र, मेचीदेखि महाकाली, भाग ४ काठमाडौंः सूचना विभाग, वि.स. २०३१ ।
- जोशी, सत्यमोहन, **नेपाली साहित्य,** दिल्ली : नेशनल पब्लिसिङ् हाउस, वि.स. २०२८ ।
- श्रेष्ठ, हिरण्यलाल, **नेपाल परिचय**, काठमाडौं : एम.के पब्लिसर्स, वि.स. २०४५ ।

**(ख) शोधपत्र**

- दीपक प्रकाश सिवाकोटी, दोलखाली उखानको अध्ययन, अप्रकाशित स्नातकोत्तर शोत्रपत्र, त्रि.वि नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, वि.स. २०५६ ।
- रेशेमबहादुर खत्री, गुल्मी जिल्लामा प्रचलित उखानको सङ्कलन वर्गीकरण र विश्लेषण, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुर वि.स. २०५५ ।

**(ग) पत्रिका**


- कपिल अज्ञात, “नेपाली उखानमा अलङ्कारको प्रयोग”, मधुपर्क, वर्ष : ३२ अङ्क : २, ३६०, वि.स. २०५६ ।
- गोपालप्रसाद श्रेष्ठ, “श्री बडीमालिका महिमा”, मालिका, वर्ष : ६, अङ्क : ६ वि.स. २०५६ ।
- जीवेन्द्रदेव गिरी, “नेपाली उखानमा प्रगतिवादीस्वर”, प्रलेस, वर्ष : ४, पू. २, वि.स. २०५४ ।
- धर्मबहादुर सिंह, “रुकुमको सङ्क्षिप्त परिचय”, बडीमालिका मुख-पत्र, वर्ष : १, अङ्क :१ वि.स.२०५३ ।
- धीरेन्द्र प्रेमर्षि, मैथिली साहित्यका विविध आयाम विकास प्रयास” सयपत्री, वर्ष :१, अङ्क १, वि.स.२०५२ ।
- मधुसुदन गिरी, “कर्णाली प्रदेशमा न्याउल्या गीतहरूमा प्रयुक्त आलङकारिता”, प्रज्ञा वर्ष :२२ पूर्णाङ्क ७७ , वि.स. २०५० ।
- मोहन ठकुरी, “लोकसाहित्यमा एकनिष्ठता एम.एम. गुरुङ”, प्रज्ञा, अङ्क :४-१, पूर्णाङ्क : ७०-७१, वि.स. २०५७ ।
- विक्रम कुवर “खप्तड क्षेत्र पर्यटन विकासको सम्भावना”, मालिका, वर्ष :६, अङ्क : ६, वि.स.२०५६ ।
- हंसपुरे सुवेदी, “नेपाली लोकसंस्कृतिमा सालीभिना, सङ्क्षिप्त चर्चा”सयपत्री, वर्ष : ३, वि.स. २०५४ ।


**(घ) तथ्याङ्क**


- जि.वि.स., रुकुम, अद्यावधिक प्रतिवेदन, वि.स. २०५६ ।
- जि.शि.का. रुकुम, शैक्षिक तथ्याङ्क, वि.स. २०५६/२०५७ ।

## रुकुम जिल्लको भौगोलिक नक्सा




## नेपालको नक्सामा रुकुम जिल्ला

